# परिच्छेद एक
# पार्श्वचित्र निर्माणको परिचय

पृष्ठभूमि

नेपालको सन्दर्भमा गाउँ विकास समिति र नगरपालिकाहरू सवैभन्दा तलका या स्थानीय सरकार हुन् । यसले स्थानीय स्तरमा जनतालाई तोकिएका सेवाहरू प्रवाह गर्दछ । नेपालमा रहेका नगरपालिकाहरू स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा यस अन्तर्गत जारी भएका नियामावलीहरूद्वारा निर्देशित भएका छन् । यस ऐन तथा नियमावलीमा नगरपालिकाहरूले वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था गरिएको छ । वस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु पर्दछ । संकलन गरिएका सूचनालाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले नगरपालिका लगायत अन्य सरोकारवालाहरूलाई विकासका क्रियाकलाप संचालन गर्न ठूलो सहयोग पुऱ्याउँदछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजबिजका बारेको तथ्य वा बिस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । सूचनाहरू संकलनका आधारमा दुई प्रकारका हुन्छन्, जुन प्राथमिक र द्वितीयक सूचना हुन् । प्राथमिक सूचना संकनकर्ता आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरिन्छ भने अरूले संकलन गरेको सूचनालाई द्वितीयक सूचना भनिन्छ । यी सूचनाहरूलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरू सूचना व्यवस्थापन अर्न्तगत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनु पर्दछ । सूचना व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रामा प्रस्तुत गर्नाले मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन गर्न अति आवश्यक हुने गरेको हो ।

नगरको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय निकायको भूमिका बढिरहेको सन्दर्भमा नगरपालिकाभित्र विकासनिर्माण सम्बन्धी सूचना व्यवस्थापन नगरपालिकाले नै गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । तर हालसम्म नगरपालिकाहरूको वस्तुगत विवरण तयारीका लागि स्पष्ट तथा एउटै खाका तयार भएको नपाइने हुनाले न.पा. र नगरपालिकाले तयार गरेका पार्श्वचित्रमा एकरूपता भने पाइँदैन । तसर्थ पाश्वचित्र निर्माणमा सर्वप्रथम एउटा खाका तयार पारी त्यसैको आधारमा आवश्यक सूचना प्रबाह गर्ने कार्य गर्नुपर्दछ, जुन कुरालाई यस पाश्वचित्रमा महत्व दिइएको छ । यसालाई निश्चित खाका तयार पारी त्यसैको परिधिभित्र रहेर तयार पारिएको छ । यसमा तथ्यांकको शुद्धताका लागि अनक प्रकारका विधिहरू प्रयोग गरिएका छन् ।

नगरपालिकाहरूका विविध पक्षहरूको वास्तविक स्थितिको तथ्यांक र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । सही रूपमा छनौट नभएको तथा आवश्यकता बाहिरको योजना कार्यान्वयनमा पनि जटिलता आउने गर्दछ । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत यसले सहयोग पुग्दछ । नगरपालिका भित्रका आवश्यक सूचनाहरू पार्श्वचित्रमा समावेश गर्नाले नगरको समस्त विकासका लागि सहयोग पुग्ने निश्चित छ । यसका साथमा नगरको समग्र सूचना आवश्यक पर्ने जिज्ञासु र अध्ययन अनुसन्धानकर्तालाई पनि यो पार्श्वचित्रले महत्वपूर्ण सूचना प्रबाह गर्ने देखिन्छ ।

मुख्य उद्देश्यहरू

नगरपालिकाको वस्तुगत विवरण अध्ययन या पार्श्वचित्र निर्माणबाट आवश्यकता अनुसारका सूचना एकतृत हुने तथा यसबाट आवश्यकताअनुसार सूचना प्रबाह गर्न सबल बन्न सकिने हुन्छ । यसका साथमा यस पार्श्वचित्र निर्माण कार्यका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

- नगरपालिकाको वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्दत गर्ने
- नगरपालिकाका तथ्यांकहरू आवश्यकताअनुसार सम्बद्ध निकायलाई उपलब्ध गराउने
- स्रोत, साधन र शीपको पहिचान गरी त्यसको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरूबाट वच्ने उपायहरूको खोजी गर्ने
- योजना छनौट पछि प्राथमिकता निर्धारणका लागि आधार तयार पार्न
- स्थानीय विकासका लागि नवीन सोंच र चिन्तनको सम्भावनाका लागि मार्ग प्रशस्त गर्न
- आवश्यक हुने निकाय र व्यक्तिलाई छिटो र छरितो ढंगमा सूचना उपलब्ध गराउन
- नगरपालिकाको कार्यदक्षता अभिबृद्धि गर्न ।

अध्ययनको महत्व

विकासका प्रतिफलहरू जनता समक्ष पुऱ्याउन एवं सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको सन्दर्भमा प्रमुख आवश्यकता हुन्छ । आजको विश्वव्यापीकरण (Globalization) को यूगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरू अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरूरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावि विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विकासका विभिन्न प्रकारका क्रियाकलापहरू संचालन गर्न विशेष महत्व राख्ने देखिन्छ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकासका चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको निकै ठूलो महत्व रहेको छ । तसर्थ यस नगरपालिकाको पाश्वचित्र निर्माण गर्ने कार्य गरिएको हो ।

अध्ययनको औचित्य

नेपाल सरकारले स्थानीय निकाय अर्न्तगत नगरपालिकाहरूलाई दिँदै आएको विकास अनुदानमा सालिन्दाजसो बृद्धि गर्दै गएको छ । यसका साथमा जनताबाट उठाइएको कर बापतको रकम नगरपालिकाहरूले योजनाबद्ध ढंगमा नियमसंग खर्च गरून भन्ने उद्देश्यले नेपाल सरकारले नगरपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू लागु गरेको छ । ती सूचकहरूमध्ये हरेक नगरपालिकाले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गर्नु पर्ने अनिवार्य व्यवस्था मिलाएको छ, जसका कारण कारण पनि यस नगरपालिकाको वस्तुगत विवरण अध्ययन गर्ने या पार्श्वचित्र निर्माण गर्ने कार्यको आवश्यकता भएको हो । नगरपालिकाले वस्तुगत विवरणको आधारमा नै श्रोत साधनको पहिचान गरी सही व्यवस्थापन गर्ने तथा उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन र मुल्यांकंनका गर्ने हुनाले यो पार्श्वचित्र निर्माणको कार्य औचित्यपूर्ण छ । साथै नगरपालिकाको आगामि दिनका लागि योजना निर्माण गर्न यसले सहयोग गर्ने हुनाले पनि यसको अध्ययन गर्ने कार्य अपरिहार्य हुन गएको हो ।

अध्ययन विधि

नगरपालिकाको वस्तुगत विवरणको ढाँचा तयारीका लागि हाल तयार भएका विभिन्न वस्तुगत विवरणहरूको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका लक्ष्य तथा सूचकहरूको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन र आवधिक नगर विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि

सामग्रीहरूको अध्ययन, गरी तयार पारिएको हो । यसका साथै यस क्षेत्रका विज्ञहरूसँग गरेको परामर्शलाई पनि  आधार लिएर अध्ययन विधि निर्क्योल गरिएको छ । यसरी पार्श्वचित्र तथा सूचना संकलनको विधि निर्धारण गरेपछि तथ्यांक या सूचना संकलन गर्ने तथा अनुसन्धानात्मक ढंगमा त्यसलाई विश्लेषण तथा प्रस्तुतिकरण गर्ने कार्य गरिएको छ । यसबाट सूचनाहरूको सत्यतामा अभिबृद्धि भएको छ भने दोहोरोपना पनि हटेर गएको छ ।

पार्श्वचित्र निर्माणको ढाँचा तयार भएपछि निश्चित प्रश्नावलीका आधारमा घरधुरी सर्वेक्षण गरिएको छ । घरधुरी सर्वेक्षणमा पनि सम्बन्धित वडाका प्रतिनिधिको सहयोग लिइएको हुनाले आएका तथ्यांकहरू ज्यादा विश्वासिला बनेका छन् । घरधुरी सर्वेक्षणका क्रममा नै समूहगत छलफल तथा अर्न्तक्रिया लगायत सामाजिक अध्ययन विभिन्न विधिहरू अबलम्बन गरिएका छन् । यसमा तथ्यांक विश्लेषणका क्रममा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीयक सूचनाका श्रोतहरू र विभिन्न संघसंस्थाका प्रतिवेदनहरूको समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र नगरपालिकाको अवस्था झल्कने गरी सिंगो पार्श्वचित्र तयार गर्ने प्रयास गरिएको छ ।

तथ्यांङ्क विश्लेषण र प्रस्तुतिकरण

प्रस्तुत पार्श्वचित्र तयारीका क्रममा सूचना संकलन तथा घरधुरी सर्भेक्षणबाट प्राप्त भएका तथ्यांकलाई ऋक्एचय घाघ सफ्टवेयरमा डाटा इन्ट्री गरी तथ्यांकको सामाजिक विज्ञानको तथ्यांकीय कार्यक्रमको विधि (SPSS 11.2) बाट विश्लेषण गर्ने काम गरिएको छ । प्राथमिक तथ्यांकको विश्लेषणका लागि घरधुरीलाई मुख्य गरेर वार्ड र जातीयताको आधारमा वर्गिकरण गरिएको छ  भने सहभागितामुलक विधिद्वारा प्राप्त सूचना/तथ्यांकलाई पनि विश्लेषण गरी प्राप्त सूचनालाई नक्सामा, तालिकामा, चित्रमा तथा वृत्त चित्रमा समेत प्रस्तुत गरिएको छ । यस क्रममा घरधुरी सर्भेक्षणबाट प्राप्त सुचनालाई वर्णनात्मक तथ्यांकीय विधिबाट विश्लेषण गरिएको छ । नगरपालिकाको समग्र स्थितिको विश्लेषण गरी यो पार्श्वचित्र तयार पार्ने क्रममा वार्ड नम्बर र जातीय बनावटलाई मुख्य सूचकका रूपमा प्रयोग गरिएको छ ।

अध्ययनको क्षेत्र र सिमा

प्रस्तुत पार्श्वचित्रको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा अध्ययनको उद्देश्यले दर्साएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रूपमा लिईएको छ । साधन, श्रोत, समय, लागत, सूचना लगायत अन्य विषयवस्तुहरूको सिमितताका कारणले जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाँधिएको हुन्छ । यस अध्ययनमा स्थानीय विकास मंत्रालयले उपलब्ध गराएको मार्ग दर्शन र ढाँचा अनुसार तयार गरिएको आधारभूत सर्वेक्षण फारमवाट प्राप्त हुन सक्ने तथ्याङ्कलाई नै यस अध्ययनको सिमाक्षेत्र मानिएको छ । आधारभूत घरपरिवार सर्भेक्षणका अलावा द्वितीयक श्रोतबाट समेत सूचना संकलन गरिएको छ । यसका लागि तालिकीकरणमा सहज हुने गरी प्रश्नावलि तयार गरिएको छ । अध्ययनको क्षेत्र भौगोलिक रूपमा रामधुनी भासि रहेको छ भने विषयवस्तुका दृष्टिले स्थानीय विकास मन्त्रालयले तोकेको घरधुरी विवरणको फारमले समेट्ने विषयवस्तु समेटिएका छन् । यसैगरी यसको सीमाका विषयमा यसले रामधुनी भासि नगरपालिकाभित्रका सूचनालाई मात्र महत्व दिइएको छ ।

वास्तवमा रामधुनी भासि नगरपालिकाको पार्श्वचित्र निर्माण गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतसामग्रीको प्रयोग गरिएको छ । यसमा विशेषगरी स्थलगत सर्वेक्षण गर्ने क्रममा घरधुरी सर्वेक्षण फारमको प्रयोग गरिएको छ भने यस बाहेक जनगणना २०६८ को प्रतिवेदन, नगरपालिका र न.पा.का रेकर्ड, स्थानीय समुदायसँगको छलफल तथा अन्तरकृयाबाट पनि महत्वपूर्ण तथ्यांक संकलन गरिएको छ। त्यसपछि प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्ने कार्य गरी यो पार्श्वचित्र तयार पारिएको छ ।

# परिच्छेद दुई
# रामधुनी भासिको परिचय

## भौगोलिक अवस्थिति

इनरूवा र इटहरीको बीचमा पर्ने रामधुनी भासि नगरपालिका नक्सामा हेर्दा झण्डै डमरूको आकारमा रहेको छ । यो नगरपालिका भादगाउँ सिनवारी र सिंगिया गा.वि.स.लाई मिलाएर निर्माण गरिएको हो । यस नगरपालिकाको सिमाना पूर्वमा इटहरी उपमहानगरपालिका, दक्षिणमा मधेशा र डुम्राहा, पश्चिममा प्रकाशपुर र महेन्द्रनगर तथा उत्तरमा भरौल र बक्लौरी गा.वि.स.सँग जोडिएको छ । समुद्र सतहबाट करिव १८२ देखि १८५ मिटर उचाईमा रहेको यो नगरपालिका २६ं ३६" उत्तर अक्षांस र ८७ं१२" पूर्वी देशान्तरमा फैलिएर रहेको छ । यस नगरपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग कृषि क्षेत्रले ओगटेको छ । यसको कृषि क्षेत्र १२.०५ बर्ग कि.मि., आवास क्षेत्र ११.४५ बर्ग कि.मि. र खुल्ला क्षेत्र ८.४४ बकिमि छ । यस नगरपालिकाको क्षेत्रफल ४८.१ ब.कि.मी. रहेको छ ।

## हावापानी र तापक्रम

सुनसरीको रामधुनी भासि नगरपालिकाको हावापानी समसितोष्ण प्रकारको रहेको छ । यस नगरपालिकामा हिउँदको समयमा तापक्रम निकै कम हुन्छ भने वर्षायाममा निकै गर्मी हुने गरेको छ । यहाँको औषत तापक्रम १६ देखि ३६ डिग्री सेल्सियसको बीचमा रहने गर्दछ । यस नगरपालिकामा वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम पानी पर्ने गर्दछ । यहाँको औषत वर्षा ११०० मिलिलिटर रहेको छ । यस नगरपालिकाको धुनीवन क्षेत्र करिब ३१०० बिगाहामा फैलिएको छ ।

## वनजंगल

रामधुनी भासि नगरपालिका तराईमा पर्ने भए पनि यस नगरपालिका क्षेत्रमा केही वनजंगल पनि रहेको छ । यसको मुख्य वन क्षेत्र धुनीवन हो । यो एउटा संरक्षित वनका रुपमा रहेको छ । यस नगरपालिका भित्र केही सामुदायिक वनहरु पनि रहेका छन् । यसमा वनजंगलको क्षेत्रफल १३३३ हेक्टर रहेको छ । यहाँका वनमा साल, सिसौ, साज, कर्मा, बोटधँगेरो र अन्य समसितोष्ण हावापानीको क्षेत्रमा पाइने वनस्पति पाइने गरेका छन् ।

## ऐतिहासिक पृष्ठभूमि

सुनसरी जिल्लाको भादगाउँ सिनबारी र सिंगिया दुईवटा गा.वि.स. मिलाएर रामधुनी भासि नगरपालिका बनाइएको हो । यहाँ सिंगिया गाउँमा पर्ने रामधुनी पवित्र क्षेत्र भएको हुनाले त्यसको नाममा यस नगरपालिकाको नामकरण भएको देखिन्छ । यता भादगाउँ सिनुवारीलाई पनि समान रूपमा हैसियत देखाउन यसको पनि नाम सँगसँगै जोडिएको हो । यस नगरपालिकाको ऐटिहासिक पृष्ठभूमि हेर्दा के देखिन्छ भने यो स्थान प्राचीन प्राग्ज्योतिष भित्र पर्दथ्यो । पछि गएर यसबाट मत्स्यदेश अलग्ग हुँदा रामधुनी भासि नगरपालिका रहेको सम्पूर्ण भूभाग मत्स्यदेशमा पनि पर्न पुग्यो । यदाकदा मिथिला, पुण्ड्र र किरातहरूको अधिनमा पर्ने तथा यस भेगका स्थानीय शासकले शासन गर्ने कार्य गर्दै पछि यो क्षेत्र मुरेहांगको मोरङभित्र पऱ्यो । यसैगरी विजयपुर राज्यको स्थापना भएपछि भने रामधुनी भासि क्षेत्र विजयपुरकै अधीनमा रह्यो ।

रामधुनी भासि क्षेत्र ऋषिमुनीहरूको तपस्थलीका रूपमा रहेको देखिन्छ । कोशी भेगमा तपस्थली बनाएर बसेका कौशिक, विश्वामित्र, दुर्वाशा, मतांग र अन्य सयौं ऋषिहरूका आश्रम, कुटी र तपस्थली यस भेगमा थिए । चतरादेखि दक्षिणतिर धुनीवन हुँदै कोशीको किनारी भागमा ठूलो जंगल थियो भने जंगलभित्र यस्तै ऋषिमुनिका आश्रमहरू थिए । रामधुनी त्यसैको अवशेष मानिन्छ । स्थानीय

जनविश्वासमा राम र लक्ष्मण विश्वामित्र ऋषिको निम्तामा यहाँ आएर तपस्यारत ऋषिमुनीहरूलाई सताउने दानवादीको विनास गरेको तथा एक रात धुनी वनमा धुनी जगाएर बसेका रहेछन् । यसै जनविश्वासका आधारमा यस स्थानलाई रामधुनी भन्न लागिएको विश्वास गरिन्छ । यसैगरी मध्यकालको उत्तरार्धतिर वनखण्डीबाबाले पुन रामधुनीमा आएर साधना गरेको पनि उल्लेख पाइन्छ । यसरी रामधुनी भासि नगरपालिका भित्र पर्ने धुनीवनलाई अघि ऋषिमुनीहरूको तपस्थली थियो भन्ने विश्वास गरिन्छ ।

रामधुनी भासि लगायतको विजयपुरमा विजयनारायण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरेपछि भने यो भेग पाल्पाली सेनहरूको अधीनमा पर्न पुग्यो । तत्काल पाल्पाली सेन राज्य विभाजन हुँदा नारायणी पूर्वको मकवानपुर लोहांगसेनले पाएको हुनाले यो भेग पनि मकवानपुरभित्र पऱ्यो । यसैगरी अझ पछि भने हरिहरसेनका नाति विधाता इन्द्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा रामधुनी लगायतको स्थान विजयपुरको अभिन्न अंग बन्न पुग्यो । सेनकालमा रामधुनीको निकै विकास भयो र यसका लागि राज्यले धेरै गुठीसमेत राखेको देखिन्छ । पछि वि.सं. १८३१ सालमा विजयपुर बृहत्तर नेपालमा गाभिएपछि भने रामधुनी पनि बृहत्तर नेपाल भित्र पर्न पुग्यो । त्यसपछि रामधुनीको ख्याति पनि कम हुँदै गयो । यसरी झुम्का लगायतको रामधुनी भेग ऐतिहासिक स्थल मानिन्छ ।

रामधुनी भासि नगरपालिका क्षेत्र ऐतिहासिक कालमा निकै महत्वपूर्ण थियो । यसै भेगबाट वराहक्षेत्रतिर जानेआउने बाटो पर्दथ्यो । तसर्थ रामधुनी भेगमा मध्यकालताका तीर्थयात्री र साधुसन्तको भीडभाड लाग्ने गरेको पाइन्छ । तर पछि अन्यत्रबाट वराहक्षेत्र जाने बाटो खुलेको तथा रामधुनीको रेखदेख र प्रचारप्रसार गर्ने कोही पनि नभएको हुनाले यसको ख्याति कम हुँदै गयो । वराहक्षेत्र लगायतका तीर्थहरूको ख्याति बढेर गयो भने रामधुनीको कम भएको देखिन्छ । तर हाल आएर झुम्का बजार सहितको रामधुनी नगरपालिका बनेको हुनाले रामधुनीको विकासमा स्थानीय जनता र नगरपालिकाको पनि चासो बढेर गएको छ । आसा छ चाँडै रामधुनीले काँचुली फेर्नेनै छ । यसैले रामधुनी भासि नगरपालिकाको विकासमा पनि सहयोग पुग्ने देखिन्छ ।

करिब २०२५/२६ साल तिर महेन्द्र राजमार्गको निर्माणको क्रममा हालको बजार क्षेत्रमा बयरका बुट्यानहरु थिए । त्यस वेला झुम्का बजार क्षेत्रलाई धाति भनिने गरिन्थ्यो । तत्कालिन अवस्थामा मनोरञ्जनको साधनको रुपामा नाटकहरु ल्याइन्थ्यो । र त्यही समयमा हालको बजार क्षेत्रमा ठूली एकादशीमा भारतको लखनऊ बाट ल्याइएका नाटकका नर्तकीले बयरका बुट्यान सगँ मिल्दो जुल्दो तत्तकालिन चर्चामा रहेको हिन्दी चलचित्र “मेरा साया” को “बरेलीकी बजारमे झुम्का गिरा रे” भनि गाएको लोकप्रिय गीतको प्रभावले सुरु सुरुमा “झुम्का गिरा रे ” भनि सम्बोधन गरिने यस क्षेत्रको नामाकरण पछि गएर “झुम्का बजार” रहन पुग्यो ।

### राजनैतिक विभाजन

रामधुनी भासि नगरापलिकाको स्थापना वि.सं. २०७१ साल मंसिर १६ गते गरिएको हो । “कृषिउद्यममा आधारित हरित शहर, स्वस्थ्य सम्मृद्ध पर्यटकीय रामधुनी भासि नगर□ नाराका साथमा स्थापना गरिएको यस नगरपालिकामा १० वटा वडाहरु छन् । सिंगिया र भादगाउँ सिनवारी न.पा.लाई मिलाएर निर्माण गरिएको यो क्षेत्र राजनैतिक रुपमा जिल्लाको इलाका नं. ९ मा पर्दछ । यो नगरपालिकाको केही भाग निर्वाचन क्षेत्र २ र बाँकी भाग भने क्षेत्र नं. ६ मा पर्दछ ।

### सम्भाव्यता, अवसर, चुनौति र समस्याहरू

सुनसरी जिल्लाको रामधुनी भासि नगरपालिका जन घनत्व निकै बढी भएको क्षेत्र हो । यो नगरपालिका इटहरी र इनरूवाको बीचमा पर्दछ । यस नगरपालिका भित्र झुम्का बजार पनि पर्दछ । रामधुनी भासि नगरपालिका पूर्वपश्चिम राजमार्गमानै पर्दछ । यसका साथमा चतरा नहर यसै

नगरपालिका भित्र (बिच भाग) बाट गएको छ भने चतरा नहरको डीलबाट झुम्का सडक पनि बनेको छ । तसर्थ यस नगरपालिकाको मुख्य संभावना र अवसर भनेको कृषि उत्पादन र व्यापार व्यवसाय नै हो । कृषि र अन्य प्रकारका बजारको संभावना भएको साथै कृषी पेशामा संलग्न मानिसहरू पर्याप्त भएको हुँदां यस नगरपालिकामा मौसमी र बेमौसमी अर्गानिक तरकारी तथा फलफूल खेतीको प्रवल संभावना र अवसरहरू रहेका छन् । हाल भैरहेको निर्वाहमुखी तरकारी खेतीलाई व्यवसायमुलक बनाउन सकेको खण्डमा यहाँका मानिसहरूको जिवनस्तर उकास्न धेरै समय पर्खनु पर्दैन । हाल बजारको बढ्दो विषादीयुक्त तरकारीले मानिसहरूको स्वास्थ्यमा प्रतिकुल असर पुऱ्याईरहेको छ । मानिसहरू केही बढि मूल्य तिरेर भएपनि प्राङ्गारिक वा अर्गानिक मलद्वारा उत्पादित वस्तुहरूको खोजीमा छन्, जसका लागि भरपर्दो अर्गानिक वस्तु उत्पादक कृषक समूह वा संस्थाहरू यसमा लाग्नु जरूरी देखिन्छ ।

रामधुनी भासि नगरपालिकामा घरेलु तथा साना उद्योगहरूको संभावना पनि प्रसस्त रहेको छ । घरेलु सामाग्री उत्पादन गरेमा बिक्रीका लागि बजारको कुनै अभाव हुँदैन । स्थानीय शीप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सर्न्दभमा गुणस्तरयुक्त वस्तुहरूले राम्रै गरी स्थान पाउँछ । झुम्का छेउछाउका केही घना जनसंख्यायुक्त न.पा.हरू, इनरूवा, इटहरी र चतरा बजार पनि नजिकमा पर्ने हुनाले यस स्थानमा यस्ता उद्योगहरू फस्टाउने देखिन्छन् । यहाँका पुराना पोखरीहरूको जीर्णोद्धार गरी माछा मार्ने तथा पर्यटकलाई जलक्रिडाका लागि प्रयोगमा ल्याउने कार्य गरेमा नगरको आम्दानीमा बृद्धि हुने कुरा निर्विवाद छ ।

सम्पूर्ण सुनसरी जिल्ला धार्मिक र सांस्कृतिक पर्यटनका लागि निकै ठूलो सम्भावना बोकेको स्थान हो । धुनीवन जस्तो ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थल यसै नगरपालिका भित्र पर्दछ । यसको संरक्षण, प्रचार र विकास गरिएको खण्डमा रामधुनीले पर्यटकहरूलाई आकर्षण दिन सक्ने सम्भावना प्रचुर छ । यस वनभित्र लुकेर रहेका जैविक विविधताको संरक्षण, विकास र व्यवस्थापनका साथसाथै यस भेगका स्थानीय जात्रा, पर्व, उत्सव, भेषभूषा आदिको संरक्षण र सम्बर्द्धन गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई भित्र्याई प्रसस्त आयआर्जन गर्न सकिने थप गर्न सकिने देखिन्छ । यसको मतलव यस न.पा.मा सांस्कृतिक पर्यटनको विकासका संभावनाहरू ज्यादामात्रामा रहेका छन् ।

रामधुनी भासि नगरपालिकामा व्यापार व्यवसायका साथमा कृषि र पशुपालन गर्ने कार्यलाई पनि महत्व दिन सकिन्छ । यसका साथै यस न.पा.का खालि जमिनहरूमा बृक्षारोपण गर्ने तथा पार्कहरूको विकास गरेको खण्डमा यस भेगको सुन्दरतामा बृद्धि हुने तथा आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्शण दिन सकिने संभावना प्रशस्त मात्रामा रहेका छन् । नगरपालिकाले आफ्नै पहलमा कर उठाउने कार्यले पनि यसको आम्दानीमा अभिबृद्धि भएको छ ।

नगरपालिकाको अन्तर सम्बन्ध

सुनसरीको रामधुनी भासि नगरपालिकाको अन्तर्सम्बन्ध विशेषगरी छिमेकी न.पा. र बजारहरूसँग रहेको देखिन्छ । यसको अन्तरसम्बन्ध ज्यादामात्रामा भने इटहरीसँग रहेको छ । यहाँका मानिसहरू दैनिक रोजगारीको लागि वरपरका बजार, इटहरी र इनरूवातर्फ पनि जाने आउने गर्दछन् । यस ठाउंमा उत्पादित कृषिजन्य वस्तुहरूको बिक्री वितरणका साथै श्रमिकहरूको मागलाई इटहरी, इनरूवा र धरानले सहयोग गर्दै आएको छ । यसका अलावा सिमावर्ती भारतीय बजारमा समेत तरकारी लगायत अन्य कृषि उत्पादनहरू बेचबिखनको प्रसस्त मात्रमा हुने गर्दछ । यसैगरी पशुपंक्षीको खरीद बिक्रीको लागि यस भेगमा स्थानीय बजारहरू लाग्ने गरेका छन् । नगरपालिकालाई चाहिने अन्य कृषि सामाग्री, खाद्य सामाग्री लगायत दैनिक आवश्यकताका वस्तुहरूको आयत भने मुलत इटहरी र विराटनगर उपमहानगरपालीकाबाट नै हुने गरेको देखिन्छ । यस बाहेक धरान र इनरूवासँग

पनि यस नगरपालिकाको अन्तरसम्बन्ध रहेको पाइन्छ । यसैगरी चतरा यससँग अन्तरसम्बन्धीत बस्तीक्षेत्र मानिन्छ ।

# परिच्छेद तीन

# आधारभूत तथ्यांक विश्लेषण

## खण्ड एक

## व्यक्तिगत विवरण

जनसंख्याको विवरण

रामधुनी भासि नगरपालिकाको हालको कूल जनसंख्या ३१८७२ जना रहेको छ । जसमा महिला १५६७३ जना र पुरूष १६१९९ जना रहेको छ । वि.सं. २०६८ सालको जनगणना अनुसार यहांको जनसंख्या २८५४९ थियो जसमा महिला १५३३८ जना र पुरूष १३२११ जना रहेको थियो । संख्यागत रूपमा विगत ५ वर्षको अन्तरालमा यस नगरपालिकाको जनसंख्या ३३२३ जनाले बढोत्तरी भई वि.सं. २०७३ सालमा जम्मा जनसंख्या ३१८७२ जना पुगेको छ । तलको तालिकामा यस न.पा.को वि.सं २०६८ सालको जनगणना र वि.सं. २०७३ सालका आधारभूत सर्वेक्षण अनुसारको जनसंख्या र घरपरिवार संख्या दिइएको छ ।

तालिका नं. १

नगरपालिकाको वडा नं., घर परिवार तथा लिङ्ग अनुसार जनसंख्या विवरण ।

| वडा नं. | लिङ्ग (२०७३) | | जम्मा | घरपरिवार संख्या | औषत परिवार संख्या | लैङ्गिक अनुपात | लिङ्ग (२०६८) | | जम्मा | घरपरिवार संख्या (२०६८) | औषत बार्षिक जनसंख्या बृदिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | | | | | पुरूष | महिला | | | |
| १ | १८५१ | १७९१ | ३६४२ | ७९९ | ४.५६ | १०३.३५ | १,५७६ | १,७७६ | ३३५२ | ७३१ | १.६६ |
| २ | १००५ | ९७९ | १९८४ | ४२२ | ४.७० | १०२.६६ | १,४५८ | १,५९१ | ३०४९ | ६६६ | –८.५९ |
| ३ | १६३५ | १५६६ | ३२०१ | ६५४ | ४.८९ | १०४.४१ | १,११३ | १,३२४ | २४३७ | ५४८ | ५.४५ |
| ४ | २०१३ | १९३७ | ३९५० | ६९८ | ५.६६ | १०३.९२ | १,४७१ | १,६७८ | ३१४९ | ६४९ | ४.५३ |
| ५ | ३१४९ | ३०७७ | ६२२६ | १३६८ | ४.५५ | १०२.३४ | २,४५१ | २,८३० | ५२८१ | १२४३ | ३.२९ |
| ६ | ८२२ | ७९२ | १६१४ | ३२४ | ४.९८ | १०३.७९ | ७८३ | ९०५ | १६८८ | ३८८ | –०.९० |
| ७ | ८७३ | ८४५ | १७१८ | ३४१ | ५.०४ | १०३.३१ | ८३९ | ९९५ | १८३४ | ३९६ | –१.३१ |
| ८ | १४४३ | १४३३ | २८७६ | ६०० | ४.७९ | १००.७० | १,०१४ | १,३०० | २३१४ | ५१९ | ४.३५ |
| ९ | १५०४ | १४८१ | २९८५ | ५७२ | ५.२२ | १०१.५५ | १,१९१ | १,३८६ | २५७७ | ५६९ | २.९४ |
| १० | १९०४ | १७७२ | ३६७६ | ६९८ | ५.२७ | १०७.४५ | १,३१५ | १,५५३ | २८६८ | ६३८ | ४.९६ |
| | १६१९९ | १५६७३ | ३१८७२ | ६४७६ | ४.९२ | १०३.३६ | १३,२११ | १५,३३८ | २८,५४९ | ६३४७ | २.२० |

श्रोतः आधारभुत घरधुरी सर्वेक्षण, २०७३ ।


माथिको तालिकामा देखाइए अनुसार रामधुनी भासि नगरपालिकाको वार्षिक जनसंख्या बृद्धिदर ४ दशमलव ९२ प्रतिशत रहेको छ । २०६८ को तुलनामा यहांको जनसंख्या बृद्धिदर केही मात्रामा बढेको देखिन्छ । हालको यस नगरपालिकाको बृद्धिदर जिल्लाको बृद्धिदरभन्दा केही ज्यादा रहेको छ । वडागत आधारमा हेर्दा जनसंख्या बृद्धिदर बढी भएको वडाहरू क्रमशः ३, ४, ८ र १० रहेका छन् भने सबैभन्दा कम वडा नं ७ मा छ, जहाँ जनसंख्या बढ्नुका बदलामा १ दशमलव ३१ प्रतिशतले घटेको देखिन्छ । वि.सं. २०६८ को तुलनामा यहाँको घरपरिवार संख्या भने १२९ वटा बढेको छ । वडागत

आधारमा सबैभन्दा बढी घरपरिवार भएको वडा नं. ५ मा १३६८ जना र सबैभन्दा कम घरपरिवार भएको वडा नं. ६ मा ३२४ मात्र रहेको छ।

रामधुनी भासि नगरपालिकाको लैङ्गिक अनुपात  रहेको छ। यसको मतलव यहाँ प्रति १०० पुरूषमा १०३.३६ जना महिला रहेका छन्। यसबाट यस नगरपालिकामा पनि पुरूषको तुलनामा महिलाको संख्या ज्यादा रहेको पाइएको छ। यसलाई तलको लेखाचित्रमा पनि देखाइएको छ।

रेखाचित्र नं. १

लिंगका आधारमा जनसंख्या




लिङ्ग अनुसार घरमुली

रामधुनी भासिको जनसंख्याको विवरण हेर्दा यहाँ अन्य न.पा. तथा नगरपालिकाको जस्तै महिलाको तुलनामा पुरूषहरूको घरमुली संख्या ज्यादा रहेको देखिन्छ। यस नगरपालिकामा जम्मा ६४७६ घरपरिवार मध्ये ५४४९ जना घरमुली पुरूषहरू नै रहेका छन् भने महिला घरमुली संख्या चाहिं यो ज्यादै न्युन मात्रमा १०१७ जनामात्र रहेको छ। तलको तालिकामा लिंगअनुसारको घरमुलीको संख्या देखाइएको छ।

तालिका नं. २

लिङ्ग अनुसार घरपरिवार मूलीको संख्या।


| वडा नं. | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरूष | महिला | |
| १ | ६९६ | १०३ | ७९९ |
| २ | ३२९ | ९३ | ४२२ |
| ३ | ५७६ | ७८ | ६५४ |
| ४ | ६०२ | ९६ | ६९८ |
| ५ | १०९५ | २७३ | १३६८ |
| ६ | २३८ | ८६ | ३२४ |
| ७ | २९२ | ४९ | ३४१ |
| ८ | ५५६ | ४४ | ६०० |
| ९ | ४७६ | ९६ | ५७२ |
| १० | ५८९ | १०९ | ६९८ |

| | | | |
|---|---|---|---|
| जम्मा | ५४४९ | १०२७ | ६४७६ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा लिंगअनुसारको घरमुलीको विवरणमा सवैभन्दा ज्यादा महिला घरमुली भएको वडा वडा नं. ५ हो, जहाँ जम्मा २७३ जना महिलाहरू घरमुली रहेका देखिन्छन् । सामान्यतया आदिवासि जनजातिको वसोबास भएका वडाहरूमा महिला घरमुलीको संख्या ज्यादा रहने गरेको देखिन्छ । यसलाई तलको रेखाचित्रमा पनि देखाइएको छ ।

रेखाचित्र नं. २
लिंगअनुसार घरमूली संख्या




माथिको लेखाचित्रमा देखाइए अनुसार सुनसरीको रामधुनी भासि नगरपालिकाका १६ प्रतिशत घरहरूमा मूलीका रूपमा महिलाहरू रहेका छन् भने बाँकी ८४ प्रतिशत घरका मूली भने पुरूषहरू नै छन् । घरको संचालनमा पुरषहरूकै बाहुल्यता रहेको देखिन्छ । जनगणना २०६८ अनुसार पुरूष घरमुलीको केही ज्यादा थियो । तसर्थ हाल आएर पुरूषको तुलनामा महिलाको घरमुलीको प्रतिशत केही बृद्धि भएको छ । तर पनि कुल परिवार संख्याको आधारमा खासै उल्लेखनिय सुधार भएको पाइएको छैन ।

समूहगत उमेरको जनसंख्या

जनसंख्याको विश्लेषणमा उमेर समूहको महत्वपूर्ण उपयोगिता रहेको हुन्छ । यसले नगरपालिकाको जनसंख्याको गत जनसंख्याको ढाँचालाई वर्गिकरण गरेर कुन उमेरका मानिसहरूको संख्या के कति छ भन्ने कुरालाई स्पष्ट गर्दछ । यसमा सवैभन्दा ज्यादा संख्या ११ देखि ४० वर्षको बीचको उमेर समुहका मानिसहरूको रहेको छ । यिनीहरूको संख्या न.पा.को कूल जनसंख्याको ३६.७० प्रतिशत भन्दा माथि रहेको छ । यसैगरी सवैभन्दा कम संख्यामा रहेका उमेर समुहका मानिसहरू भने ७५ वर्षभन्दा माथिको छ । यहाँ यिनीहरूको संख्या जम्मा १.४ प्रतिशत मात्र रहेको देखिन्छ । एक वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या २.०९ प्रतिशत रहेको छ भने पूर्व प्राथमिक विद्यालयमा जाने उमेरका ४ देखि ५ वर्ष उमेरका बालबालिका ३.६३ प्रतिशत अर्थात ११५६ जना रहेका छन् । यहाँ ४ देखि ५ वर्ष उमेर समुहका ३.६३ प्रतिशत र ६ देखि ७ वर्ष उमेरका बालबालिका ३.२३ प्रतिशत रहेको देखिन्छ । उमेर समूहको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.३

उमेर समुह तथा लिङ्ग अनुसार नगरपालिकाको जनसंख्या


| सि.नं. | उमेर समुह | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | |
| १ | | ३४७ | ३१९ | ६६६ | २.०९ |
| २ | | ४९८ | ४५९ | ९५७ | ३.०० |
| ३ | | ५९७ | ५५९ | ११५६ | ३.६३ |
| ४ | | ५१२ | ५१६ | १०२८ | ३.२३ |
| ५ | | ५१६ | ४९२ | १००८ | ३.१६ |
| ६ | | १४३८ | १४३९ | २८७७ | ९.०३ |
| ७ | | ६२५ | ६३५ | १२६० | ३.९५ |
| ८ | | ६२५ | ६५४ | १२७९ | ४.०१ |
| ९ | | ७४५ | ७२० | १४६५ | ४.६० |
| १० | | ६०६१ | ५७९८ | ११६९६ | ३६.७० |
| ११ | | ३०३१ | २८२४ | ५८५५ | १८.३७ |
| १२ | | १०१७ | ९९८ | २०१५ | ६.३२ |
| १३ | | १८७ | २६० | ४४७ | १.४० |
| जम्मा | | १६१९९ | १५६७३ | ३१८७२ | १००.०० |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा आश्रित तथा जेष्ठ नागरिकको संख्या पनि १.४० प्रतिशत रहेको छ । समग्रमा यस नगरपालिकामा पुरूषको तुलनामा महिलाहरूको संख्या ज्यादा रहेका उमेर समुह भने ६ देखि ७, १० देखि १४ वर्ष, १५ देखि १६, १७ देखि १८ र ७५ वर्षभन्दा माथिको उमेर समूहका छन् । यसबाट ज्यादा लामो समयसम्म बाँच्ने मानिसहरू पनि यस न.पा.मा पुरूषहरूका तुलनामा महिलाकै ज्यादा रहेको पाइन्छ । अर्थात पुरूषहरूको औसत आयु महिलाहरूका तुलनामा कमी रहेको देखिन्छ ।

रेखाचित्र नं. ३

उमेर समूह अनुसार जनसंख्याको पिरामिड ।



यस नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्याको बाहुल्यता रहेको छ । उमेरका आधारमा दस वर्षदेखि माथिका साठी वर्षसम्मको आर्थिक रूपले सक्रिय जनसंख्याको प्रतिशत करिव ७६ प्रतिशत रहेको छ । एकल उमेर अनुसारको यस नगरपालिकाको जनसंख्याको विवरणलाई हेर्दा यस नगरपालिकामा २ देखि ३ वर्ष उमेरका बालबालिकाको संख्या ९५७ जना रहेको छ । यसैगरी तिनीहरूमा पनि पुरूष ४९८ र महिलाको संख्या ४५९ जना रहेको छ । यस आधारमा बालकहरूको तुलनामा बालिकाको संख्या केही ज्यादा रहेको देखिन्छ ।

जातिगत जनसंख्या

रामधुनी भासि नगरपालिकामा विभिन्न जात तथा जनजातिका मानिसहरूको बसोवास रहेको पाइन्छ । यस नगरपालिकामा विभिन्न ४८ जातजातिका मानिसहरूको बसोवास रहेको देखिन्छ । यिनीहरूमध्ये यस नगरपालिकामा बसोवास गर्ने सवैभन्दा ज्यादा जनसंख्या रहेको जाति थारू हो, जसको संख्या ११६७५ जना रहेको छ । यस आधारमा उनीहरूको प्रतिशत ३६.६३ हुन आउँछ । यसपछि ब्राह्मण, क्षेत्री र मुश्लिम आदि जातजातिका मानिसहरूको बसोबासमा बाहुल्यता रहेको पाइन्छ । यसैगरी यहाँ सवैभन्दा कम १० घरपरिवार भन्दा कम संख्यामा बसोवास गर्ने २१ जातिहरू छन्, जसमा सेर्पा, हलवाई, मारवाडी, सन्यासी, कुमार, कल्वार, डोम, खत्वे, मलाहा, राजपुत र कायस्थ आदि रहेका छन् । जातिगत विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४
जातजाती, घरपरिवार तथा लिङ्ग अनुसार नगरपालिकाको जनसंख्या तथा घरपरिवार सम्वन्धी विवरण

| सि.नं. | जातजाती | घर परिवार संख्या | लिङ्ग | | जम्मा | जातजाती प्रतिशत | औषत परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | पुरूष | महिला | | | |
| १ | थारू | २५२५ | ५९०९ | ५७६६ | ११६७५ | ३६.६३ | ४.६२ |
| २ | ब्राहमण पहाड | ११७२ | ३०१२ | २८८० | ५८९२ | १८.४९ | ५.०३ |
| ३ | क्षेत्री | ९४१ | २४०९ | २२८९ | ४६९८ | १४.७४ | ४.९९ |
| ४ | मुस्लिम | २०३ | ७२५ | ७०६ | १४३१ | ४.४९ | ७.०५ |
| ५ | बांतर | १९७ | ५९८ | ५९६ | ११९४ | ३.७५ | ६.०६ |
| ६ | नेवार | १९४ | ५०० | ४५६ | ९५६ | ३.०० | ४.९३ |
| ७ | मुसहर | १९३ | ४३२ | ४२३ | ८५५ | २.६८ | ४.४३ |
| ८ | राई | १५२ | ३५१ | ३४६ | ६९७ | २.१९ | ४.५९ |
| ९ | तेली | १४१ | ३८५ | ३५७ | ७४२ | २.३३ | ५.२६ |
| १० | कामी | १२६ | ३१६ | ३१२ | ६२८ | १.९७ | ४.९८ |
| ११ | चमार | ७० | १८२ | १९६ | ३७८ | १.१९ | ५.४० |
| १२ | झागड | ७० | १५९ | १६५ | ३२४ | १.०२ | ४.६३ |
| १३ | माझी | ५९ | १६१ | १३७ | २९८ | ०.९३ | ५.०५ |
| १४ | दमाई | ५५ | १३८ | १३६ | २७४ | ०.८६ | ४.९८ |
| १५ | मगर | ५० | १२२ | ११९ | २४१ | ०.७६ | ४.८२ |
| १६ | तामांग | ५० | १०८ | ९८ | २०६ | ०.६५ | ४.१२ |
| १७ | लिम्बु | ३८ | ८६ | ८५ | १७१ | ०.५४ | ४.५० |
| १८ | हजाम ठाकुर | ३५ | ८७ | ९७ | १८४ | ०.५८ | ५.२६ |
| १९ | धर्ती भुजेल | २९ | ८१ | ६३ | १४४ | ०.४५ | ४.९७ |
| २० | कोईरी | २५ | ५८ | ६३ | १२१ | ०.३८ | ४.८४ |
| २१ | ब्राहमण तराई | २३ | ६४ | ५५ | ११९ | ०.३७ | ५.१७ |
| २२ | गुरूंग | १२ | २३ | २९ | ५२ | ०.१६ | ४.३३ |
| २३ | बनिया | ११ | ३२ | २६ | ५८ | ०.१८ | ५.२७ |
| २४ | सार्की | ११ | २६ | २५ | ५१ | ०.१६ | ४.६४ |
| २५ | धानुक | १० | २५ | २५ | ५० | ०.१६ | ५.०० |
| २६ | शेर्पा | ८ | १५ | २१ | ३६ | ०.११ | ४.५० |
| २७ | हल्वाई | ७ | १४ | १७ | ३१ | ०.१० | ४.४३ |
| २८ | मारवाडी | ७ | १३ | १६ | २९ | ०.०९ | ४.१४ |
| २९ | सन्यसी | ६ | १९ | २६ | ४५ | ०.१४ | ७.५० |
| ३० | कुमाल | ६ | १४ | १६ | ३० | ०.०९ | ५.०० |
| ३१ | कल्वार | ६ | ११ | १३ | २४ | ०.०८ | ४.०० |
| ३२ | डोम | ५ | २० | १९ | ३९ | ०.१२ | ७.८० |
| ३३ | खत्वे | ५ | २० | १५ | ३५ | ०.११ | ७.०० |
| ३४ | मल्लाह | ५ | १६ | १६ | ३२ | ०.१० | ६.४० |
| ३५ | अन्य जाती | ५ | ६ | ८ | १४ | ०.०४ | २.८० |
| ३६ | राजपुत | ४ | १३ | ८ | २१ | ०.०७ | ५.२५ |
| ३७ | कायस्थ | ४ | ८ | १० | १८ | ०.०६ | ४.५० |
| ३८ | इादव | ३ | ८ | ८ | १६ | ०.०५ | ५.३३ |
| ३९ | दुसाद पासवन | २ | ४ | ६ | १० | ०.०३ | ५.०० |
| ४० | ठकुरी | २ | ५ | ३ | ८ | ०.०३ | ४.०० |

| सि.नं. | जातजाती | घर परिवार संख्या | लिङ्ग | | जम्मा | जातजाती प्रतिशत | औषत परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | पुरूष | महिला | | | |
| ४१ | सतार सन्थाल | २ | २ | ५ | ७ | ०.०२ | ३.५० |
| ४२ | राजवंशी | १ | ५ | ४ | ९ | ०.०३ | ९.०० |
| ४३ | सुनुवार | १ | ५ | २ | ७ | ०.०२ | ७.०० |
| ४४ | सपुडी | १ | ३ | २ | ५ | ०.०२ | ५.०० |
| ४५ | केवट | १ | २ | ३ | ५ | ०.०२ | ५.०० |
| ४६ | बंगाली | १ | ३ | २ | ५ | ०.०२ | ५.०० |
| ४७ | दनुवार | १ | ३ | १ | ४ | ०.०१ | ४.०० |
| ४८ | याख्खा | १ | १ | २ | ३ | ०.०१ | ३.०० |
| जम्मा | | ६४७६ | १६१९९ | १५६७३ | ३१८७२ | १००.०० | ४.९२ |

श्रोतः आधारभुत घरधुरी सर्वेक्षण, २०७३।

माथिको तालिकामा देखाईए अनुसार सुनसरीको रामधुनी भासि नगरापालिकामा विभिन्न ४८ जातजातिका मानिसहरूको बसोवास रहेको छ । यसमा सवैभन्दा ज्यादा थारूहरूको बसोवास छ भने सवैभन्दा कम एक घरपरिवार मात्र बसोवास भएका जातजाति भने राजवंशी, सुनुवार, सुडी, केवट, बंगाली, दनुवार र याख्खा हुन् । यादव, दुसाद, ठकुरी र सतार आदिजस्ता जनजातिको यस न.पा.मा चारभन्दा कम घरपरिवार मात्र रहेको देखिन्छ ।

जातिगत समूहको जनसंख्या

जातिगत आधारमा यस नगरपालिकामा बसोवास गर्ने जातजातिको विवरण तलको तालिकामा देखाइएको छ । प्राप्त तथ्यांकअनुसार यस नगरपालिकामा आदिवासी जनजातिको संख्या १४८७३ जना रहेको छ । यिनीहरूको संख्या यस नगरपालिकाको कुल जनसंख्याको ४६.६६ प्रतिशत हुन आउँछ । यसबाट यस नगरपालिकामा आदिवासी जनजातिको बाहुल्य रहेको बुझ्न सकिन्छ । यस बाहेक दलित, मधेशी पिछडा वर्ग र अन्य जातजातिको कुल संख्या क्रमशः ३४६४, २५५६ र १०८७९ जना रहेको छ । यहाँको जनसंख्याको जातिगत अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५
जातिगत समूह तथा वडा अनुसार नगरपालिकाको जनसंख्या सम्बन्धी विवरण

| वडा नं. | जतजाति | | | | जम्मा |
|---|---|---|---|---|---|
| | आदिवासी जनजाति | द्यलित | मधेशी पिछडा वर्ग | अन्य जातजाति | |
| १ | १८२१ | १०७५ | १०७ | ६३९ | ३६४२ |
| २ | ९०० | २३० | २३३ | ६२१ | १९८४ |
| ३ | १४०२ | ३२९ | १९ | १४५१ | ३२०१ |
| ४ | १७५६ | ४९५ | १३९७ | ३०२ | ३९५० |
| ५ | १७४१ | ३०७ | २७६ | ३९०२ | ६२२६ |
| ६ | ९२१ | १२६ | २२ | ५४५ | १६१४ |
| ७ | ८७७ | ८७ | २१८ | ५३६ | १७१८ |
| ८ | २१७६ | ११० | ८२ | ५०८ | २८७६ |
| ९ | १३५० | ५०६ | ४१ | १०८८ | २९८५ |
| १० | १९२९ | १९९ | २६१ | १२८७ | ३६७६ |
| जम्मा | १४८७३ | ३४६४ | २६५६ | १०८७९ | ३१८७२ |

श्रोतः आधारभुत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँ आदिवासी जनजाति पछि अन्य जातजाति, दलित र त्यसपछि मधेशी पिछडावर्गको बाहुल्य रहेको छ । यहाँ दलितहरूको संख्या ३४६४ र मधेशी पिछडावर्गको संख्या २६५६ जना रहेको देखिन्छ । अन्य जातजातिको जनसंख्या भने दोस्रो स्थानमा रहेको छ, जसको संख्या १०८७९ जना रहेको देखिन्छ ।

तालिका नं. ६

जातिगत समूह अनुसार नगरपालिकाको जनसंख्या विवरण


| सि.नं. | जातजाती | घर परिवार संख्या | लिङ्ग | | जम्मा | जातजाती प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरूष | महिला | | |
| १ | आदिवासी जनजाती | ३२०२ | ७५५२ | ७३२१ | १४८७३ | ४६.६६ |
| २ | दलित | ६६४ | १७३६ | १७२८ | ३४६४ | १०.८७ |
| ३ | मधेशी पिछडा वर्ग | ४३९ | १३४३ | १३१३ | २६५६ | ८.३३ |
| ४ | अन्य जातजाती | २१७१ | ५५६८ | ५३११ | १०८७९ | ३४.१३ |
| जम्मा | | ६४७६ | १६१९९ | १५६७३ | ३१८७२ | १००.०० |

श्रोतः आधारभुत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका विभिन्न जातजातिको घरपरिवार संख्या ६४७६ रहेको छ । यसमा पुरूष १६१९९ जना र महिला १५६७३ जना छन् । प्राय सबै जातजातिमा महिलाका तुलनामा पुरूषहरूको संख्या ज्यादा छ । यसलाई रेखाचित्रमा तल देखाइएको छ ।

रेखाचित्र नं. ४

जातिगत समूह अनुसार जनसंख्या विवरण



## साक्षरता

सुनसरीको रामधुनी भासि नगरपालिकामा साक्षरता प्रतिशत जम्मा ८४.४८ रहेको छ। यहाँ पुरूष साक्षरता ८९.३५ प्रतिशत र महिला साक्षरता दर ७९.१४ रहेको देखिन्छ। यसलाई तलको तालिकामा पनि देखाइएको छ।

तालिका नं. ७

३ वर्ष माथिका साक्षरता प्रतिसत सम्वन्धी विवरण

| सिं नं. | शैक्षिक अवस्था | लिङ्ग | | प्रतिशत |
|---|---|---|---|---|
| | | पुरूष % | महिला % | |
| १ | साक्षर प्रतिसत | ८९.३५ | ७९.१४ | ८४.४८ |

श्रोतः आधारभुत घरधुरी सर्वेक्षण, २०७३।

माथिको तालिकामा देखाइएको साक्षरता दर ३ वर्षभन्दा माथिको जनसंख्याको हो। यसमा पनि पुरूष र महिलाको साक्षरतादर हेर्दा के देखिन्छ भने पुरूषको तुलनामा यस नगरपालिकामा महिलाको साक्षरता दर करिव १० प्रतिशत कम रहेको देखिन्छ।

### उमेरसमूह अनुसार साक्षरता प्रतिशत

सुनसरीको रामधुनी भासि नगरपालिकाको उमेर समूहअनुसारको साक्षरता दर हेर्दा के देखिन्छ भने यहाँ सवैभन्दा ज्यादा साक्षरता दर रहेको उमेर समूह ३ देखि १५ वर्ष उमेरको समूह हो। यस समूहका ८९.८१ प्रतिशत जनसंख्या साक्षर देखिन्छन्। यो उमेर बालबालिकाको विद्यालय पढ्ने उमेर भएकाले यस नगरपालिकामा विद्यालय जाने उमेरका अत्यधिक जसो बालबालिका विद्यालय जाने गरेको पाइएको छ। यसलाई तलको तालिकामा पनि देखाइएको छ।

तालिका नं. ८

उमेर समूह तथा लिङ्ग अनुसार निरक्षर र साक्षरताको विवरण

| सि.नं. | उमेर समुह | पुरूष | | | महिला | | |
|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साक्षर | साक्षर प्रतिशत | निरक्षर | साक्षर | साक्षर प्रतिशत |
| १ | ३-१५ | ३०७ | २८६३ | ९०.३२ | ३१३ | २७६० | ८९.८१ |
| २ | १६-४५ | ५१२ | ८४७८ | ९४.३० | १०७५ | ७२४१ | ८७.०७ |
| ३ | ४६-६० | ४१२ | १७५९ | ८१.०२ | ८०६ | ९५४ | ५४.२० |
| ४ | ६१ भन्दा माथी | ४३५ | ८८० | ६६.९२ | ७८२ | ३३४ | २९.९३ |
| जम्मा | | १६६६ | १३९८० | ८९.३५ | २९७६ | ११२८९ | ७९.१४ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३।

रामधुनी भासि नगरपालिकामा छोराको तुलनामा छोरीहरूलाई विद्यालय नपठाउने चलन ज्यादा मात्रामा रहेको हुनाले यहाँ पुरूषका तुलनामा महिलाहरूको साक्षरता दर कम रहेको हो। उमेर समुहका आधारमा हेर्दा प्राय बालिकाहरूको साक्षरतादर सवै उमेर समूहमा कम रहेको देखिन्छ। माथिको तालिकामा दिइए अनुसार सवैभन्दा कम साक्षरता भएको समूह ६१ वर्षभन्दा माथिको उमेर समूहका मानिसहरू पर्दछन्। यसमा पनि पुरूष साक्षरता दर ६६.९२ प्रतिशत रहेको छ भने महिला

साक्षरता दर भने यसभन्दा निकै कम मात्र २९.९३ प्रतिशत रहेको देखिन्छ । अघिल्लो पुस्ताका मानिसहरू भएको कारण यो समूहको साक्षरता दर कम रहेको हो ।

जातिगत समुहको साक्षारता

जातिगत आधारमा साक्षरताको अवस्था हेर्दा सवै जातजातिमा साक्षरता दर एकै प्रकारको रहेको पाइँदैन । सामान्यतया क्षेत्री ब्राह्मणमा साक्षरता दर ज्यादा रहेको पाइन्छ भने आदिवासी जनजाति, मधेशी, पिछडावर्ग र दलित समुदायमा यो दर पनि कम रहेको देखिन्छ । तलको तालिकामा यस न.पा.को जातिय आधारमा साक्षरता र निराक्षरता दर देखाइएको छ ।

तालिका नं. ९
३ वर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरता विवरण

| सि.नं. | जतजाति | निरक्षर | साक्षर | कुल जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आदिवासी जनजाती | २२८९ | ११९८३ | १४२७२ | ८३.९६ |
| २ | द्यलित | ७४६ | २४४५ | ३१९१ | ७६.६२ |
| ३ | मधेशी पिछडा वर्ग | ६०६ | १५७७ | २१८३ | ७२.२४ |
| ४ | अन्य जातजाती | १००१ | ९२६४ | १०२६५ | ९०.२५ |
| जम्मा | | ४६४२ | २५२६९ | २९९११ | ८४.४८ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाईए अनुसार यस नगरपालिकाका सबैभन्दा बढी साक्षरता दर अन्य जातजातिका मानिसहरूमा रहेको छ । यस नगरपालिकामा उनीहरूको जनसंख्या पनि दोस्रो स्थानमा रहेको छ । संख्याको आधारमा थोरै भएको मधेशी पिछडावर्गको साक्षरता दरमा पनि केही कमी रहेको देखिन्छ । यिनीहरूको साक्षरता दर ७२.२४ प्रतिशत मात्र रहेको छ । यस्तै दलितको साक्षारता दर ७६.६२ प्रतिशत रहेको देखिन्छ । यस बाहेक अन्य प्राय सवै जातजातिमा साक्षरता दर करिव बराबरीनै जस्तै रहेको देखिन्छ । यहाँ अन्य जातजाति अन्तर्गत क्षेत्री ब्राह्मण र अन्य जातजाति पर्दछन् ।

उत्तीर्ण गरेको तह

यसमा लिङ्गको आधारमा कसले कति कक्षा उतिर्ण गरेको छ भन्ने सूचनाहरूको विश्लेषण गरिएको छ । यसबाट हेर्दा यहां ३ वर्षभन्दा माथिको जम्मा २९९११ जनसंख्या मध्ये ४६४२ जना निराक्षर छन्, जसमा पनि निराक्षर महिलाको संख्या पुरूषको तुलनामा निकै ज्यादा रहेको देखिन्छ । यसैगरी सामान्य साक्षर जनसंख्या ११६७३ जना मध्ये महिला ५४३५ जना र पुरूष ६२३८ जना छन् । यस नगरपालिकाका बाँकी मानिसहरूले विभिन्न स्तरसम्मको शिक्षा लिएको देखिन्छ । यस नगरपालिकाका मानिसहरूको शैक्षिक स्तरलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १०
लिङ्ग अनुसार ६ वर्ष वा सो भन्दा माथिको जनसंख्याले उत्तिर्ण गरेको शिक्षा तह

| सि.नं. | उत्तिर्ण गरेको शिक्षा | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरूष | महिला | |
| १ | निरक्षर | १६६६ | २९७६ | ४६४२ |
| २ | साक्षर | ६२३८ | ५४३५ | ११६७३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | प्रा. वि. | १६२७ | १४६६ | ३०९३ |
| ४ | नि. मा. वि. | ६१९ | ६४२ | १२६१ |
| ५ | मा. वि. | ५९७ | ५९३ | ११९० |
| ६ | एस. एल. सी. | २८६८ | १८५९ | ४७२७ |
| ७ | प्रविणता प्रमाणपत्र | १२५१ | ८८७ | २१३८ |
| ८ | स्नातक तह | ५४२ | ३०८ | ८५० |
| ९ | स्नातकोत्तर तह वा माथी | २३८ | ९९ | ३३७ |
| जम्मा | | १५६४६ | १४२६५ | २९९११ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकामा एस.एल.सी. पास गर्नेहरूको संख्या अन्य तहको भन्दा ज्यादा नै रहेको देखिन्छ । यसबाट उच्च शिक्षामा अध्ययन गर्नेहरूको संख्या समेत बढ्दो अवस्थामा रहेको हो । यस नगरपालिकामा ३३७ जना मानिसहरूले स्नातकोत्तर तह वा सोभन्दा माथिसम्मको अध्ययन गरेको देखिन्छ । समग्रमा प्रायः सबै तहको शिक्षा उतिर्ण गर्नेहरूमा महिला भन्दा पुरूषहरूकै संख्या बढी रहेको देखिन्छ ।

यस नगरपालिकामा पनि अन्यत्रको सरहनै बालबालिकाहरूले विद्यालयको पढाई बीचैमा छाड्ने गरेको पनि पाइन्छ । यसरी बीचैमा विद्यालय छाड्ने वालवालिकाको संख्या तथा विद्यालय छाड्नुका कारण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ११

६ देखी १५ वर्ष सम्मको बालबालिका विद्यालय भर्ना सम्बन्धी विवरण

| सि.नं. | उमेर समुह | क्षमता | | |
|---|---|---|---|---|
| | | सामान्य | भिन्न | जम्मा |
| १ | प्राथमिक उमेर समुह (६ देखी ९ वर्ष) | १० | १ | ११ |
| २ | नि.मा.वि. उमेर समुह (१० देखी १४) | ४ | ४ | ८ |
| ३ | मा.वि. उमेर समुह (१५वर्ष) | ४ | ७ | ११ |
| जम्मा | | १८ | १२ | ३० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाईअनुसार यस नगरपालिकाका विभिन्न ३० जना वालवालिकाले विद्यालयको पढाई बीचैमा छाडेको देखिन्छ । उनीहरूको विद्यालय छाड्नाका कारण भने विभिन्न छन् । तिनीहरूमा सवैभन्दा ज्यादा आर्थिक कारणले नै उनीहरूले विद्यालय छाड्ने गरेको देखिन्छ । विशेष गरी आर्थिक विपन्नताका कारण सानै उमेरदेखि काममा लाग्नु पर्नेहुनाले ज्यादाजसो वालवालिकाले विद्यालय छाड्ने गरेको देखिन्छ । यसमा पनि भिन्न क्षमता भएका १२ जना र सामान्य क्षमता भएका १८ जना बालबालिका विद्यालय गएका देखिएका छैनन् ।

वालवालिकाको अध्ययन गर्ने विद्यालयमा मूलतः सरकारी र नीजि दुवै प्रकारका विद्यालयहरूमा अध्ययन गर्ने गरेका छन् । तर सरकारीको तुलनामा नीजि विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या निकै कम छ । यसैगरी बाल विकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाको संख्या पनि निकै ज्यादा रहेको देखिन्छ । यस नगरपालिकाको तलको तालिकामा तिनीहरूको अवस्था दर्साइएको छ ।

तालिका नं. १२

५ वर्ष सम्मका बालवालिकाहरू बालबिकास केन्द्र जाने विवरण

| सि.नं. | विवरण | लिङ्ग | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | वाल विकास केन्द्र जाने | १३९ | ९७ | २३६ |
| जम्मा | | १३९ | ९७ | २३६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार बालविकास केन्द्रमा अध्ययन गर्न जाने बालबालिकाको संख्या २३६ जना रहेको देखिन्छ । यसमा बालकको संख्या १३९ र बालिकाको संख्या भने ९७ जना रहेको देखिन्छ । यसरी बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकामा पनि बालकका संख्या ज्यादा रहेको पाइन्छ ।

विद्यालय जान लाग्ने समय

विद्यालयको सहजताको कारण शिक्षा हासिल गर्ने वा नगर्ने विषय जोडिएको हुन्छ । समुदायको पहुँचबाट नजिकको विद्यालय कति दुरीमा रहेको छ भन्ने कुरालाई विश्लेषण गर्दा सामान्यतया यस नगरपालिकाका सतप्रतिशत बालबालिकाले एक घण्टाभन्दा कम समयमा विद्यालय धाउने गरिरहेका छन् भने एकघण्टा वा सो भन्दा बढी समयमा विद्यालयको पुग्नुपर्ने बाध्यता कुनै पनि बालवालिकामा रहेको देखिंदैन । वडागत आधारमा बसोवास गरेको क्षेत्रबाट नजिकको स्कुल पुग्न लाग्ने समय तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १३
वडा अनुसार नजिकको स्कुल जान लाग्ने समयको विवरण

| वडा नं. | स्कुल जान लाग्ने समय | | | जम्मा |
|---|---|---|---|---|
| | १५ मिनेटभन्दा कम | ३० मिनेट भन्दा कम | ६० मिनेट भन्दा कम | |
| १ | ७२५ | ७४ | ० | ७९९ |
| २ | ३९३ | २७ | २ | ४२२ |
| ३ | ५७५ | ७८ | १ | ६५४ |
| ४ | ३०३ | ३८९ | ६ | ६९८ |
| ५ | ५७७ | ३०४ | ४८७ | १३६८ |
| ६ | ९१ | २१९ | १४ | ३२४ |
| ७ | ३२३ | १६ | २ | ३४१ |
| ८ | ५९४ | ५ | १ | ६०० |
| ९ | ५५५ | १४ | ३ | ५७२ |
| १० | ६८३ | १५ | ० | ६९८ |
| जम्मा | ४८१९ | ११४१ | ५१६ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा दिइएअनुसार यस नगरपालिकाका ५१६ घरपरिवारका बालबालिकाले नजिकको विद्यालय पुग्नका लागि एक घन्टाभन्दा कम समय पैदल यात्रा गर्नुपरेको छ । यसैगरी ३० मिनेटभन्दा कम समयमा विद्यालय पुग्न सकिने परिवारको संख्या ११४१ रहेको छ । यता ४८१९ घरपरिवारका बालबालिकाले भने १५ मिनेटभन्दा कम समयमा विद्यालय पुग्न सक्ने सुविधा पाएका छन् ।

पेशा तथा रोजगारीको अवस्था

पेशामा संलग्न

कुनैपनि स्थानको आर्थिक विकासको मुख्य आधार भनेको नै त्यहाँ बसोवास गर्ने मानिसहरू के कस्तो पेशा व्यवसायमा संलग्न छन् भन्ने कुराले निर्धारण गर्दछ । यस नगरपालिकाका मानिसहरूको पेशा मुख्यतया अन्यत्रको सरहनै कृषि र पशुपालन रहेको छ । यस बाहेक यस नगरपालिकाका मानिसहरू अन्य विभिन्न पेशा व्यवसायमा पनि संलग्न देखिन्छन् जसको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १४
१६ वा २४ वर्ष भन्दा माथिका जनसंख्याको पेशा/व्यवसाय सम्वन्धी विवरण

| सि.नं. | पेशा | लिंग (१६ देखी २४ वर्ष) | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | | |
| १ | कृषि | २६८७ | १९४९ | ४६३६ | ५६.२१ |
| २ | व्यापार | २७५ | ३५६ | ६३१ | ७.६५ |
| ३ | जागिर | १५४ | ६५२ | ८०६ | ९.७७ |
| ४ | ज्याला मजदुरी | ६०६ | १५४९ | २१५५ | २६.१३ |
| ५ | उद्योग | ७ | १३ | २० | ०.२४ |
| जम्मा | | ३७२९ | ४५१९ | ८२४८ | १०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका मानिसहरू कृषिका साथमा अन्य विभिन्न पेशा तथा व्यवसायमा लागेका देखिन्छन् । यस नगरपालिकाका ५६.२१ प्रतिशत मानिसहरू कृषि तथा पशुपालन व्यवसायमा लागेका छन् भने बाँकी अन्य विभिन्न पेशा तथा व्यवसायमा लागेको देखिन्छ । कृषि तथा पशुपालन पछि व्यापार र उद्योग, नोकरी, जनमजदुरी र घरेलु काम गर्ने व्यवसायमा लागेका छन् । नोकरीमा संलग्न घरपरिवार अर्न्तगत विदेशमा रोजगारीको लागि गएको परिवारको व्यक्ति समेत गणना गरिएको छ ।

वैदेशिक रोजगारी

रोजगारको अभावमा विदेश जानेहरूको लहर रामधुनी भासि नगरपालिकामा मात्र नभएर सबैतिर चलेको देखिन्छ । यस नगरपालिकामा पनि अधिकांश मानिसहरू रोजगारीको खोजीमा विदेश जाने गरेका छन् । पन्ध्र वर्ष माथिको जनसंख्याको आधारमा हेर्दा थुप्रै मानिसहरू रोजगारीको लागि विदेश गएको देखिन्छ । औषत रूपमा अन्य नगरहरूका तुलनामा विदेश जाने युवाहरूको संख्या यस नगरपालिकामा केही कम छ । यस नगरपालिकाबाट जम्मा २७९८ जना युवाहरू विदेश गएका छन् । हुनत विदेश जाँदा लाग्ने खर्चको हिसाब गर्ने हो भने सो को अनुपातमा आय आर्जन गर्नेहरूको संख्या न्यूननै छ । तलको तालिकामा यस नगरपालिकाबाट विदेश गएको विवरण दिइएको छ ।

तालिका नं. १५
उमेर अनुसार विदेश गएको देश र जनसंख्या विवरण

| सि.नं. | देशको नाम | उमेर समुह | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | वर्ष २० कम | २१ देखी ३० | ३१ देखी ४० | ४१ माथी | |
| १ | भारत | २० | ३३ | ३० | २३ | १०६ |
| २ | कतार | ३७ | २८९ | २५३ | ८३ | ६६२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | साउदी अरब | ३० | ३७२ | ३६८ | १२२ | ८९२ |
| ४ | कोरिया | ० | ५ | ३ | १ | ९ |
| ५ | अमेरिका | ५ | २१ | १८ | ८ | ५२ |
| ६ | दुवइ | ८ | १३७ | १०७ | २७ | २७९ |
| ७ | अस्टेलिया | ० | २ | ४ | ० | ६ |
| ८ | मलेसिया | ५२ | ३३१ | १८३ | ४६ | ६१२ |
| ९ | इजरायल | ० | ३ | १ | १ | ५ |
| १० | लन्डन | १ | ५ | ६ | १ | १३ |
| ११ | अन्य देश | ३ | ५७ | ७६ | २६ | १६२ |
| जम्मा | | १५६ | १२५५ | १०४९ | ३३८ | २७९८ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तलिकामा देखाइए अनुसार रोजगारीको लागि विदेश जानेहरूमा अधिकांश मानिसहरू साउदी अरेबीया, कतार, मलेशिया र भारत जाने गरेको देखिन्छ । संख्यागत रूपमा ती मुलुकहरूमा जानेहरू क्रमशः मलेशिया ६१२, भारत १०६, कतार ६६२ र साउदी ८९२ जना गएका छन् । यहाँ सवैभन्दा ज्यादा साउदीअरेबीयामा गएका देखिन्छन् । विदेशीनेहरूमा महिलाहरूको संख्या निकै कम रहेको छ । महिला र पुरूष दुवै जाने देशहरू थुप्रै भएता पनि चीन, अमेरिका, जर्मनी र जापानमा चाहिं पुरूषहरूमात्र सिमित संख्यामा गएका देखिन्छन् । संसारका उच्च आम्दानी हुने युरोपेली मुलुकहरूमा रोजगारीका लागि जाने मानिसहरूको संख्या ज्यादै न्यून रहेको छ ।

मानिसहरू विदेश जाने कारणको विश्लेषण गर्दा प्रमुख रूपमा रोजगारी रहेको देखिन्छ भने दोश्रोमा व्यापार व्यवसाय रहेको छ । रोजगारी पछि व्यापार व्यवासाय र अध्ययनको लागि विदेश जाने गरेका छन् भने स्थायी नोकरी भएका पनि केही मानिसहरू रहेका छन् । यस्तै अन्य विवाह सम्बन्ध, पारिवार र अरू विविध कारणले समेत यहाँका मानिसहरू विदेश जाने गरेका छन् ।

विदेश गएका मानिसहरू यस नगरपालिकाबाट कतिपय लामो समयसम्म बसेका छन् भने कतिपय हालसालै गएका पनि छन् । यस नगरपालिकाका विदेश गएर बस्नेको अवधि तलको तालिकामा दिइएको छ ।

तालिका नं. १६

अवधिको आधारमा विदेश गएको विवरण

| सि.नं. | देशको नाम | विदेश गएको अवधि | | जम्मा |
|---|---|---|---|---|
| | | ५ वर्ष सम्म | ५ वर्ष माथी | |
| १ | भारत | ८६ | २० | १०६ |
| २ | कतार | ५९१ | ७१ | ६६२ |
| ३ | साउदी अरब | ८१२ | ८० | ८९२ |
| ४ | कोरिया | ८ | १ | ९ |
| ५ | अमेरिका | ३५ | १७ | ५२ |
| ६ | दुवइ | २४६ | ३३ | २७९ |
| ७ | अस्ट्रेलिया | ३ | ३ | ६ |
| ८ | मलेसिया | ५६८ | ४४ | ६१२ |
| ९ | इजरायल | ५ | ० | ५ |
| १० | लन्डन | १३ | ० | १३ |
| ११ | अन्य देश | १३९ | २३ | १६२ |

| | | | |
|---|---|---|---|
| जम्मा | २५०६ | २९२ | २७९८ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार रामधुनी भासि नगरपालिकाका विदेश गएका २७९८ जनामध्ये २५०६ जना ५ वर्षभन्दा कम समय विदेशमा बसेका छन् भने ५ वर्षभन्दा धेरै विदेशमा बस्ने भने २९२ जना रहेका छन् ।

व्यक्तिगत घटना

जन्मदर्ता

रामधुनी भासि नगरपालिकामा हाल आएर जन्म दर्ताको महत्वका बारेमा जनमानसमा सकारात्मक सोच रहेको भएता पनि यस अघि भने जन्म दर्तालाई खासै महत्व दिने चलन थिएन । यहाँ १६ वर्षभन्दा मुनिका बालबालिकाहरूको जन्मदर्ता गरे नगरेको अवस्था विश्लेषण गरिएको छ । सामान्यतया यस नगरपालिकामा जन्म दर्ता गरेका महिलाहरू र पुरूषको संख्या केही फरक देखिन्छ । यहाँ २०२१ जना बालक र १७२१ बालिकाको जन्म दर्ता भएको भएको देखिन्छ । यस नगरपालिकाको हालको जन्मदर्ताको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.१७

वडा तथा १८ वर्ष मुनिका बालबालिकाको जन्म दर्ता सम्वन्धी विवरण

| वडा नं. | जन्म दर्ता गरेका<br>१८ वर्ष मुनिका<br>बालक | बलिका | जम्मा |
|---|---|---|---|
| १ | २४२ | १८८ | ४३१ |
| २ | १६३ | १५५ | ३२० |
| ३ | ३६७ | २७५ | ६४५ |
| ४ | २३१ | २०३ | ४३८ |
| ५ | २३६ | १८८ | ४२९ |
| ६ | ५५ | ३९ | १०० |
| ७ | ९५ | ७७ | १७९ |
| ८ | २५० | २६३ | ५२१ |
| ९ | २९८ | २७० | ५७७ |
| १० | ८४ | ६३ | १५७ |
| जम्मा | २०२१ | १७२१ | ३७९७ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकामा जन्म दर्ता गरेका बालक २०२१ जना र बालिका १७२१ जना देखिन्छन् । वडागत आधारमा जन्मदर्ता गर्ने सबैभन्दा बढी संख्या वडा नं. ३ मा रहेको देखिन्छ, जहाँ ६४५ जनाले जन्म दर्ता गरेका छन् । यस पछि बढी संख्या हुने वडाहरूमा क्रमशः वडा नं. ९ र ८ मा रहेका छन्, जहाँ ५७७ र ५२१ जना पुरूषहरूले जन्मदर्ता गरेको देखिंन्छ ।

असक्तता

रामधुनी भासि नगरपालिकामा शारीरिक तथा मानसिक रूपमा अशक्त मानिसहरूको संख्या २२७ जना रहेको छ, जुन संख्या कुल जनसंख्याको तुलनामा खासै ठूलो संख्या भने चाहि होइन । जुनसुकै परिवार वा समाजमा यस्तो जनसंख्या जति बढी हुन्छ त्यति नै पारिवारिक तथा आर्थिक व्ययभार बढेर जान्छ । तर यिनीहरू भित्र लुकेर रहेको प्रतिभा, क्षमता र शीपको अभिबृद्धि गर्न सकेमा घरपरिवार र समाज कै लागि उदाहरणीय बन्न सक्छन् । यस नगरपालिकाको अशक्ततासम्बन्धी विवरण तलको तालिकामा दिएको छ ।


तालिका नं. १८
नगरपालिका भित्रको शारिरिक तथा मानसिक असक्तताको विवरण

| सि.नं. | शारिरिक तथा मानसिक अवस्था | परिचय पत्र | | सेवा सुविधा | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | भएको | नभएको | लिएको | नलिएको | |
| १ | शरिरिक | ५४ | ४६ | ३० | ७० | १०० |
| २ | दृष्टि सम्वन्धी | ९ | १२ | ६ | १५ | २१ |
| ३ | स्वर बोलाई सम्बन्धी | २२ | २५ | ११ | ३६ | ४७ |
| ४ | सुस्त श्रवन | ५ | १२ | ४ | १३ | १७ |
| ५ | सुस्त मनस्थिती | ११ | १३ | ७ | १७ | २४ |
| ६ | दृष्टि तथा सुस्त श्रवन | ३ | ६ | १ | ८ | ९ |
| ७ | अन्य | ७ | २ | ५ | ४ | ९ |
| जम्मा | | १११ | ११६ | ६४ | १६३ | २२७ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा यस नगरपालिकाका अशक्त मानिसहरूको विवरण देखाइएको छ, जसमा जम्मा २२७ जना मानिसहरू विभिन्न प्रकारले अशक्त अवस्थामा रहेका देखिन्छन् । अपाङ्गता सर्वेक्षण २०७३ अनुसार यस नगरपालिकामा सेवा सुविधा लिने ६४ जना र नलिने भने १६३ जना अशक्त व्यक्ति रहेका छन् । यस नगरपालिकाका अशक्ततामा पनि शारीरिक, मानशिक, दृष्टिसम्बन्धी, श्रवणसम्बन्धी र अन्य प्रकारका अशक्तता पर्दछन् । विशेष गरी यस न.पा.मा शारीरिक अशक्तताको संख्या अन्य प्रकारका अशक्तताका तुलनामा ज्यादा रहेको देखिन्छ । यस नगरपालिकाको अशक्ततासम्बन्धी विवरण तलको लेखाचित्रमा पनि दिइएको छ ।

रेखाचित्र नं. ५
अशक्ततासम्बन्धी विवरण




माथिको लेखाचित्रमा देखाइएअनुसार यस नगरपालिकामा शारीरिक अशक्त भएका ४४ प्रतिशत, स्वर र बोलीसम्बन्धी २१ प्रतिशत तथा सुस्त मनस्थितिका २१ प्रतिशत अशक्त रहेका छन् । यिनीहरूमा १११ जनाले अशक्तताको परिचयपत्र लिएको देखिन्छ भने बाँकी ११६ जनाले परिचयपत्र लिएका छैनन् ।

रामधुनी भासि नगरपालिकाको उमेर समूह अनुसारको अशक्तताको विवरण हेर्दा के देखिन्छ भने यस नगरपालिकामा सवै भन्दा ज्यादा अशक्त २० वर्षभन्दा कम उमेरका छन् । तिनीहरूको संख्या ६५ जना रहेको छ । यसैगरी सवैभन्दा कम अशक्त भने २१ देखि ३० वर्ष उमेर समूहका छन् । यस उमेर समूहका अशक्तको संख्या २९ जना रहेको देखिन्छ । यसलाई तलको तालिकामा पनि देखाइएको छ ।

तालिका नं. १९

उमेर समूह अनुसार शारिरिक तथा मानसिक असक्तताको विवरण

| सि.नं. | शारिरिक तथा मानसिक अवस्था | उमेर समुह | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २० भन्दा कम | २१ देखी ३० | ३१ देखी ४० | ४१ देखी ५० | ५० भन्दा माथी | |
| १ | शरिरिक | ३१ | ६ | १६ | १० | ३७ | १०० |
| २ | दृष्टि सम्वन्धी | ३ | २ | ३ | ४ | ९ | २१ |
| ३ | स्वर बोलाई सम्बन्धी | ११ | ९ | ८ | १४ | ५ | ४७ |
| ४ | सुस्त श्रवन | ४ | ३ | २ | ४ | ४ | १७ |
| ५ | सुस्त मनस्थिती | ११ | ७ | १ | ३ | २ | २४ |
| ६ | दृष्टि तथा सुस्त श्रवन | ३ | ० | २ | ० | ४ | ९ |
| ७ | अन्य | २ | २ | ३ | ० | २ | ९ |
| जम्मा | | ६५ | २९ | ३५ | ३५ | ६३ | २२७ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार रामधुनी भासि नगरपालिकामा जम्मा २२७ जना अशक्तता भएका मानिसहरू रहेका छन् । तिनीहरू विभिन्न उमेरसमूहका तथा विभिन्न प्रकारको अशक्तता भएका देखिन्छन् । विशेषगरी शारीरिक रूपमा अशक्त, दृष्टि सम्बन्धी, श्रवण सम्बन्धी, स्वर सम्बन्धी र सुस्त मनस्थिति भएका मानिसहरू यस वर्गमा पर्दछन् ।

दीर्घ रोगको अवस्था

रामधुनी भासि नगरपालिकामा दीर्घरोग भएका मानिसहरूको संख्या जम्मा ३७२ जना रहेको छ । यसमा पुरूषको संख्या १९२ र महिलाको संख्या भने १८० रहेको देखिन्छ । यसलाई तलको तालिकामा पनि देखाइएको छ ।

तालिका नं. २०

दिर्घ रोग भएका महिला तथा पुरूषको विवरण

| सि.नं. | विवरण | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | दिर्घ रोग भएका | १९२ | १८० | ३७२ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएका दीर्घ रोगी भन्नाले निको नहुने रोग लागेका मानिसहरू भन्ने हुन्छ । विशेषगरी मधुमेह, उच्च रक्तचाप, मृगौला र क्यान्सर जस्ता रोगलाई यहाँ दीर्घ रोग मानिएको छ । तलको तालिकामा दीर्घ रोग लागेर विगत ५ वर्षभित्रमा मृत्यू भएका मानिसहरूको विवरण दिइएको छ ।

तालिका नं. २१

दीर्घ रोग लागेर ५ वर्षमा मृत्यू भएका महिला तथा पुरूषको विवरण

| सि.नं. | विवरण | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | दिर्घ रोग भएका | २० | २८ | ४८ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार रामधुनी भासि नगरपालिकाको दीर्घरोग लागेर विगत ५ वर्षभित्रमा मृत्यू हुने मानिसहरूको विवरण दिइएको छ । यसमा पाँच वर्षको अन्तरालमा यस्तो परिस्थितिबाट जम्मा ४८ जनाको मृत्यू भएको देखिएको छ । यसमा पुरूषको संख्या र २० र महिलाको संख्या भने २८ रहेको छ । यसरी रामधुनी भासि नगरपालिकाको दीर्घरोग लागी मर्नेमा पुरूषको तुलनामा महिलाको संख्या ज्यादा देखिन्छ ।

तालिमको अवस्था

सुनसरीको रामधुनी भासि नगरपालिकाका मानिसहरूले अनेक प्रकारको तालिमहरु लिएको देखिन्छ । विशेषगरी प्राविधिक तालिम लिएको व्यक्तिले आफ्नो व्यवसाय उन्नत ढंगमा चलाउन सक्ने हुनाले तालिमको विशेष महत्व रहने गर्दछ । यस न.पा.मा विभिन्न प्रकारका तालिम लिने मानिसहरूको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. २२

नगरपालिकामा तालिमको विवरण

| सि.नं. | तालिकको किसिम | तालिम अवधि | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | ३ दिने | ७ दिन सम्म | १ महिना | ६ महिना सम्म | १ वर्ष सम्म | १ वर्ष माथी | |
| १ | कृषि जे. टि. ए. | | | १७ | | ७ | ९ | ३३ |
| २ | पशु जे. टि. ए. | | | १४ | २४ | ८ | ४ | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | विधुत जडान | | | ६ | ११ | २ | ९ | २८ |
| ४ | कम्प्युटर मर्मत | | | १९ | १०२ | ३५ | ३४ | १९० |
| ५ | इलेक्ट्रिकल | | | ५ | ७ | ८ | १८ | ३८ |
| ६ | सिलाई बुनाई | | | २२ | १३० | २३ | ८० | २५५ |
| ७ | स्वास्थ्य सम्वन्धी | ५२ | ५ | | | | | ५७ |
| ८ | परिवार नियोजन | | ४ | | | | | ४ |
| ९ | सशक्तिकरण | | ४० | ५ | | | | ४५ |
| १० | लैङ्गिक | | १० | | | | | १० |
| ११ | सस्थागत नेतृत्व | १५ | २ | १ | | | | १८ |
| १२ | खाने पानि सरसफाई | ४२५ | ७ | १ | | | | ४३३ |
| १३ | उपभोक्ता समिती | २५ | | | | | | २५ |
| जम्मा | | ५१७ | ६८ | ९० | २७४ | ८३ | १५४ | ११८६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार सुनसरी जिल्लाको रामधुनी भासि नगरपालिकाका विभिन्न ११८६ जना मानिसहरूले विभिन्न १३ प्रकारका तालिमहरू लिएको देखिन्छ । यस्ता तालिमहरू ३ दिन देखि एक वर्ष भन्दा माथि सम्मका पर्दछन् । यहाँका स्थानीय जनताले लिएका तालिममा ३ दिने र ७ दिने तालिम लिने मानिसहरूको संख्या ५१७ र ६८ जना रहेको छ । यसैगरी एक वर्षभन्दा बढीको तालिम लिनेको संख्या भने १५४ जना रहेको देखिन्छ । यता यस्ता तालिममा कृषि, पशु, विद्युत जडान, इलेक्ट्रोनिक, खानेपानी तथा सरसफाई, उपभोक्तासमिति, लैंगिक, सिलाईबुनाई, स्वास्थ्य सम्बन्धी र परिवार नियोजन आदि सम्बन्धी छन् ।

# खण्ड २
# पारिवारिक विवरण

## मुख्य पेशा

रामधुनी भासि नगरपालिकाका बहुसंख्यक घरपरिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । यहाँका ६४७६ घरपरिवारमध्ये जम्मा २९१७ परिवारको मुख्य पेशा कृषि रहेको देखिन्छ । यसका अलावा नोकरी र व्यापार पनि यहाँका मानिसहरूका अन्य पेशाहरू हुन् । यहाँका मानिसहरूका त्यस्ता मुख्य पेशाको विवरण तलको तालिकामा दिएको छ ।

तालिका नं.१
परिवारको मुख्य पेशा को विवरण

| वडा नं. | परिवारको मुख्य पेशा | | | | जम्मा |
|---|---|---|---|---|---|
| | कृषि | सेवा वा नोकरी | व्यापार | अन्य | |
| १ | ३७९ | ४७ | ६३ | ३१० | ७९९ |
| २ | ११५ | ४२ | ७० | १९५ | ४२२ |
| ३ | २१४ | १०४ | ३६ | ३०० | ६५४ |
| ४ | १९८ | ६२ | ३४ | ४०४ | ६९८ |
| ५ | २५२ | २७३ | २१२ | ६३१ | १३६८ |
| ६ | ९२ | २४ | १२ | १९६ | ३२४ |
| ७ | २९३ | २० | २१ | ७ | ३४१ |
| ८ | ५४७ | १३ | ७ | ३३ | ६०० |
| ९ | ३३६ | ५८ | २४ | १५४ | ५७२ |
| १० | ४९१ | ५२ | ३७ | ११८ | ६९८ |
| जम्मा | २९१७ | ६९५ | ५१६ | २३४८ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार रामधुनी भासि नगरपालिकाका सबैभन्दा बढी घरपरिवार कृषिमा लागेका छन् । यस पेशामा जम्मा २९१७ घरपरिवार लागेका छन् भने दोश्रोमा अन्य वर्गिकरणका घरपरिवार पर्दछन् । यसमा जम्मा २३४८ परिवारहरू छन् । अन्य पेशा भन्नाले जनमज्दुरी र वैदेशिक रोजगार लगायतका पेशा पर्दछन् । यसैगरी नोकरी तथा पेन्सन आम्दानिको प्रमुख श्रोत हुने परिवारको संख्या ६९५ रहेको छ ।

वडागत आधारमा यस नगरपालिकाको घरपरिवारको पेशाको अवस्था विश्लेषण गर्दा मूलत कृषि पशुपालन गर्ने घरपरिवार प्रायः सबै वडाहरूमा उत्तिकै मात्रमा रहेका छन् । यता नोकरी गर्ने मानिसहरू सवै वडामा बसेका पाइने भए पनि वडा नं. ५ मा भने सवैभन्दा धेरै या २७३ घरपरिवार रहेका देखिन्छन् । यता व्यापार गर्ने घरपरिवार पनि सवैभन्दा धेरै वडा नं. ५ मा नै २१२ घरपरिवार छन् । यसको विस्तृत विवरण तलको तालीकामा दिएको छ ।

## बसाई सराई

सुनसरीको रामधुनी भासि नगरपालिकाको बसाईं सराईको अवस्था कस्तो देखिन्छ भने यहाँबाट अन्यत्र बसाईं सर्ने मानिसहरूको संख्या निकै कम छ । तर यस नगरपालिका भित्रनै बसाईं सर्ने मानिसहरूको संख्या भने निकै ज्यादा रहेको देखिन्छ । विशेषगरी गाउँबाट यहाँका मानिसहरू झुम्का लगायतका शहरी क्षेत्र तथा राजमार्ग भेगमा बसाईं सर्ने गरेका छन् । यससम्बन्धी विवरण तलको तालिकामा पनि दिइएको छ ।


तालिका नं. २
वडा नं. अनुसार घर परिवारको बसाईसराई सम्वन्धी विवरण

| वडा नं. | बसाईसराई | | जम्मा |
|---|---|---|---|
| | अन्य स्थान | यसै स्थान | |
| १ | २६ | ७७३ | ७९९ |
| २ | ३४ | ३८८ | ४२२ |
| ३ | ३९ | ६१५ | ६५४ |
| ४ | ९ | ६८९ | ६९८ |
| ५ | ३३३ | १०३५ | १३६८ |
| ६ | १६ | ३०८ | ३२४ |
| ७ | ३१ | ३१० | ३४१ |
| ८ | १५ | ५८५ | ६०० |
| ९ | २३ | ५४९ | ५७२ |
| १० | १९ | ६७९ | ६९८ |
| जम्मा | ५४५ | ५९३१ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३।

माथिको तालिकामा देखाइए अनुसार रामधुनी भासि नगरपालिकाको यसै स्थानमा बसाई सर्ने परिवारको संख्या ५९३१ रहेको छ भने अन्यत्र बसाई सर्ने संख्या भने निकै कम ५४५ रहेको देखिन्छ। यसरी यस नगरपालिकामा आन्तरिक बसाईंसराई ज्यादा रहेको छ भन्न सकिन्छ। यहाँ सवैभन्दा ज्यादा आन्तरिक र बाह्य दुवै प्रकारको बसाईंल सराई वडा नं. ५ मा रहेको देखिन्छ। यस वडामा यसै स्थानमा बसाई  सर्ने परिवार संख्या १०३५ रहेको छ। यसैगरी यस वडामा बाहिर बसाई सर्नेको संख्या भने ३३३ रहेको देखिन्छ। यसलाई तलको लेखाचित्रमा पनि प्रस्तुत गरिएको छ।

लेखाचित्र नं. १
बसाईं सराईको अवस्था




माथिको लेखाचित्रमा देखाइए अनुसार सवैभन्दा कम बसाईंसराई भएको वडा भने वडा नं. ६ हो। यस वडाबाट जम्मा ३२४ परिवारमात्र बसाई सरेका पाइएका छन्। यसैगरी अन्य स्थानमा बसाई सर्ने भने वडा नं. ४ मा ९ घरपरिवार मात्र रहेका देखिन्छन्।

रामधुनी भासि नगरपालिकामा बसाइँ सरेर आउने मानिसहरू विभिन्न कारणले यहाँ बसाइँ सर्नुपरेको पाइन्छ। यसरी एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नुपर्ने कारणहरू मध्ये सामाजिक

कारणनै मुख्य रूपमा रहेको देखिन्छ । बसाइँ सर्नु पर्ने कारणहरूको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।


तालिका नं. ३
विभिन्न स्थानवाट बसाई सर्नु कारण सम्वन्धी विवरण

| सि. नं. | बसाई सर्नुको कारण | घरपरिवार संख्या |
|---|---|---|
| १ | शहरी सुविधा | ३८९ |
| २ | कृषि | ३३ |
| ३ | जागिरको कारण | ३८ |
| ४ | दन्द्ध | १९ |
| ५ | व्यापार | १० |
| ६ | विवाह सम्वन्ध | ९ |
| ७ | अन्य | ४७ |
| जम्मा | | ५४५ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार बसाइँसराईका मुख्य ६ वटा कारणहरूमध्ये ज्यादाजसो शहरी सुविधा रहेको देखिन्छ । त्यसपछि जागिरका कारण या बेरोजगारी र न्यून आयका कारण तथा अढी अवसरहरूको खोजीमा मानिसहरू यस नगरपालिकामा बसाइँ सरेका देखिन्छन् । यहाँको बसाईंसराई ग्रामिण भेगबाट राजमार्ग तथा शहरी भागतर्फको छ । यस बाहेक व्यापार, नोकरी र अध्ययनका लागि पनि केही मात्रमा बसाइँ सरेर आउने गरेको पाइन्छ । द्वन्द, व्यापार र वैवाहिक सम्बन्ध यहाँका बसाई सराईका अन्य कारण मानिएका छन् । यसलाई तलको लेखाचित्रमा पनि प्रस्तुत गरिएको छ ।

लेखाचित्र नं २
बसाईंसराईका कारण




माथिको लेखाचित्रमा देखाइएअनुसार शहरीकरण र सुविधाका लागि बसाई सर्ने मानिसहरूको संख्या सवैभन्दा धेरै रहेको छ । यस बाहेक अन्य कारणले पनि मानिसहरू बसाई सर्ने गरेका छन् ।

स्वास्थ्य संस्थामा उपचारको व्यवस्था

सुनसरी जिल्लाको रामधुनी भासि नगरपालिकामा बेग्लै ठूलो अस्पताल छैन । तसर्थ यहाँ सामान्य विरामी हुने मानिसहरू स्थानीय स्वास्थ्य संस्थामा गएर उपचार गराउँछन् भने केही सिरियस विमारमा भने इटहरी, धरान र विराटनगर गएर उपचार गर्ने चलन छ । यस नगरपालिकामा स्वास्थ्य संस्थामा गरिने उपचारसम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।


तालिका नं. ४
स्वास्थ्य संस्थामा उपचार सम्वन्धी विवरण

| वडा नं. | परिवारको विरामी भएमा उपचार | | | | जम्मा |
|---|---|---|---|---|---|
| | धामी झाक्री | स्वास्थ्य चौकी | अस्पताल | अन्य | |
| १ | १३ | ४२८ | २४६ | ११२ | ७९९ |
| २ | ० | १०६ | १७५ | १४१ | ४२२ |
| ३ | १० | ५८५ | ५९ | ० | ६५४ |
| ४ | १६ | २९२ | ३८७ | ३ | ६९८ |
| ५ | ४५ | ७८३ | ५२८ | १२ | १३६८ |
| ६ | ० | ३२३ | १ | ० | ३२४ |
| ७ | ६६ | १५७ | ११८ | ० | ३४१ |
| ८ | १ | ५८४ | १४ | १ | ६०० |
| ९ | १०६ | ४०८ | ५४ | ४ | ५७२ |
| १० | ० | ५९९ | ९९ | ० | ६९८ |
| जम्मा | २५७ | ४२६५ | १६८१ | २७३ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा दिएअनुसार रामधुनी भासि नगरपालिकाका २५७ परिवारका मानिसहरू विरामी भएमा पहिलोपटक धामीझाँकीलाई देखाउने गर्दछन् । यता ४२२६ परिवारका सदस्यहरू भने पहिलोपटक स्थानीय स्वास्थ्य चौकीमा गएर देखाउने गर्दछन् । यता १६८१ परिवार भने अस्पताल जाने गर्दछन् । यसलाई तलको लेखाचित्रमा पनि देखाइएको छ ।

लेखाचित्र नं. ३
उपचारसम्बन्धी विवरण



स्वास्थ्य सेवाको पहुँच

सरकारले स्वास्थ्य सेवालाई मज्वुत बनाउँदै लगेको भए पनि अझसम्म पनि कतिपय मानिसहरूले स्वास्थ्यचौकीसम्म पुग्न धेरै समय खर्चिनु परेको छ । कतिपय स्थानमा मानिसहरूले घन्टौं खर्चेर पनि स्वास्थ्य चौकीमा जाने गर्दछन् । घरपरिवारलाई आफ्नो नजिकको पायक पर्ने स्थानमा स्वास्थ्य सेवा उपलब्ध हुन आवश्यक ठानिन्छ । रामधुनी भासि नगरपालिकाका कतिपय मानिसहरूले अहिले पनि स्वास्थ्यचौकी पुग्नका लागि निकै धेरै हिंड्नु पर्ने अवस्था छ । यससम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ५

उपस्वास्थ्य चौकी जान लाग्ने समयको विववरण

| वडा नं. | लाग्ने समय | | जम्मा |
|---|---|---|---|
| | आधा घण्टा भन्दा कम | एक घण्टा भन्दा कम | |
| १ | ७८८ | ११ | ७९९ |
| २ | ४११ | ११ | ४२२ |
| ३ | ६४७ | ७ | ६५४ |
| ४ | १६४ | ५३४ | ६९८ |
| ५ | ८३० | ५३८ | १३६८ |
| ६ | २८९ | ३५ | ३२४ |
| ७ | ३३८ | ३ | ३४१ |
| ८ | ५९९ | १ | ६०० |
| ९ | ५६७ | ५ | ५७२ |
| १० | ६९८ | ० | ६९८ |
| जम्मा | ५३३१ | ११४५ | ६४७६ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा दिइएअनुसार यस नगरपालिकाका ५३३१ घरपरिवार आधा घन्टाभन्दा कम समयमा नजिकको स्वास्थ्य चौकीमा पुग्ने गर्दछन् भने ११५४ घरपरिवारले एक घन्टाभन्दा कम समयमा स्वास्थ्यचौकी पुग्न हिंड्नुपर्ने देखिन्छ । यसैगरी वडा नं. ४ र ५ का धेरै घरधुरीलाई स्वास्थ्यचौकी पुग्नलाई १ घन्टाभन्दा कम समय लाग्ने देखिन्छ । यस्तो घरपरिवार संख्या वडा नं. ४ मा ५३४ र वडा नं. ५ मा ५३८ छ । यसरी वडा नं ४ र ५ का धेरै घरपरिवारले अहिले पनि स्वास्थ्य सेवाको पहुँचबाट निकै टाढा हुनु परिरहेको कुरा तथ्यांकले प्रष्ट्याएको छ ।

सुनसरीको रामधुनी भासि नगरपालिकामा अस्पताल जान भने मानिसहरूलाई निकै धेरै समय लाग्ने देखिएको छ । आजसम्म पनि अत्यधिकजसो घरपरिवारले अस्पताल पुग्न एक घन्टाभन्दा ज्यादा समय खर्चिनु पर्ने देखिन्छ । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६

अस्पताल जान लाग्ने समयको विववरण ।

| वडा नं. | लाग्ने समय | | | जम्मा |
|---|---|---|---|---|
| | आधा घण्टा भन्दा कम | एक घण्टा भन्दा कम | एक घण्टा भन्दा बढी | |
| १ | १४९ | ३७ | ६१३ | ७९९ |
| २ | ४ | २६ | ३९२ | ४२२ |
| ३ | ० | १३ | ६४१ | ६५४ |

| वडा नं. | लाग्ने समय | | | जम्मा |
|---|---|---|---|---|
| | आधा घण्टा भन्दा कम | एक घण्टा भन्दा कम | एक घण्टा भन्दा बढी | |
| ४ | २६ | ४५० | २२२ | ६९८ |
| ५ | ५३० | ४९३ | ३४५ | १३६८ |
| ६ | ४७ | १६६ | १११ | ३२४ |
| ७ | २ | ० | ३३९ | ३४१ |
| ८ | १ | ३ | ५९६ | ६०० |
| ९ | ५ | ९ | ५५८ | ५७२ |
| १० | ० | ३ | ६९५ | ६९८ |
| जम्मा | ७६४ | १२०० | ४५१२ | ६४७६ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०७३।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका ६४७६ घरपरिवार मध्येका ४५१२ परिवारले अहिले पनि अस्पताल पुग्न एक घन्टाभन्दा ज्यादा समय खर्चिनु पर्दछ। यसैगरी १२०० परिवारले एक घन्टाभन्दा कम समय र ७६४ परिवारले भने आधा घन्टाभन्दा कम समय लगाएर अस्पताल पुग्नु पर्ने देखिन्छ। यसरी यस नगरपालिकामा अहिले पनि स्वास्थ्य सेवाको पहुँच कम रहेको देखिएको छ।

आवासीय अवस्था

घरको प्रकार

घरको किसिम तथा बनोटको आधारमा पनि नगरपालिका र गाउँको सम्पन्नता वा विपन्नताको अवस्था नियाल्न सकिन्छ । घरको बनोटको अनुसार मुख्यतया पक्की, कच्ची र काठ गरी तीन प्रकारले विश्लेषण गर्न सकिन्छ। यसैगरी घरको छानाले पनि यसको प्रकार निर्धारण गर्दछ। रामधुनी भासि नगरपालिका भए पनि यहाँ हालसम्म पनि एक तिहाई घरहरूको छानामात्र पक्की गरी ढलाई गरिएको देखिन्छ । त्यस्तै अझसम्म पनि धेरै घरका छानाहरू परालले छाएका छन् । यससम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ७
नगरपालिकामा भएको घरको छाना किसिम विवरण

| वडा नं. | छानोको किसिम | | | | जम्मा |
|---|---|---|---|---|---|
| | ढलान | जस्ता पाता | खर पराल | अन्य | |
| १ | १७९ | ६०२ | १७ | १ | ७९९ |
| २ | १७४ | २३९ | ९ | ० | ४२२ |
| ३ | ३०० | २६३ | ९१ | ० | ६५४ |
| ४ | ६९ | ५९८ | ३१ | ० | ६९८ |
| ५ | ८६१ | ४१५ | ६६ | २६ | १३६८ |
| ६ | ७७ | २३४ | १३ | ० | ३२४ |
| ७ | ४२ | २६९ | ३० | ० | ३४१ |
| ८ | ४० | ५११ | ४९ | ० | ६०० |
| ९ | ७४ | ४०८ | ९० | ० | ५७२ |
| १० | २६ | ५४० | १३० | २ | ६९८ |
| जम्मा | १८४२ | ४०७९ | ५२६ | २९ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा यस नगरापालिकाको घरका छानाको अवस्था देखाइएको छ । यसमा खरपराललले छाना छाएका घर परिवारको संख्या ५२६ रहेको छ । यसमा पनि सवैभन्दा ज्यादा खरपरालले छाएको घरपरिवार संख्या वडा नं. १० मा १३० रहेको छ । यता खरपरालले छाना छाएको सवैभन्दा कम घर भने वडा नं. २ मा ९ वटामात्र रहेका छन् । यता सवैभन्दा ज्यादा जस्तापाताले छाएका घर वडा नं. ४ मा ५९८ तथा सवैभन्दा ज्यादा पक्की छाना भएका घर भने वडा नं. ५ मा ८६१ वटा छन् । पक्की छाना हुने सवैभन्दा कम सख्याका घर भने वडा नं. १० मा २६ वटामात्र रहेका छन् ।

खानेपानी तथा सरसफाई

खानेपानीको स्रोत

स्वच्छ खोनपानी खान पाउनु पर्ने अधिकार सबै नागरिकको हो । तराईको अधिकांश भागमा ट्युवेलको पानी प्रयोगमा ल्याईएको पाइन्छ । ट्यूवेलको पानी कति मात्रमा स्वास्थ्यकर छ छैन भन्ने कुराको मापन सवै ठाउँमा हुन सकेको पाइँदैन । तापनि मानिसहरू अन्य विकल्प नभएर यस्तो पानी खान बाध्य हुने गर्दछन् । हालसम्म पनि रामधुनी भासि नगरपालिकामा ट्यूवेलको पानी प्रयोग गर्ने घरपरिवारको संख्या ६१०७ छ । यता ३५७ घरपरिवारले मात्र धाराको पानी सदुपयोग गर्न पाएका छन् । यसलाई तलको तालिकामा पनि प्रस्तुत गरिएको छ ।

तालिका नं. ८
वडा नं. अनुसार पिउने पानिको मुख्य श्रोत र घरपरिवार संख्या

| वडा नं. | पिउने पानिको श्रोत | | | जम्मा |
|---|---|---|---|---|
| | धारा | टुवेल,कल | अन्य | |
| १ | ३० | ७६६ | ३ | ७९९ |
| २ | ३२ | ३९० | ० | ४२२ |
| ३ | ७ | ६४५ | २ | ६५४ |
| ४ | ७८ | ६१८ | २ | ६९८ |
| ५ | १२४ | १२४४ | ० | १३६८ |
| ६ | १८ | ३०४ | २ | ३२४ |
| ७ | ४९ | २९१ | १ | ३४१ |
| ८ | १२ | ५८८ | ० | ६०० |
| ९ | ५ | ५६५ | २ | ५७२ |
| १० | २ | ६९६ | ० | ६९८ |
| जम्मा | ३५७ | ६१०७ | १२ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका अधिकांश घरपरिवार खानेपानीको लागि ट्यूवेलमा नै निर्भर रहेका छन् । ट्यूवेलको पानी स्वास्थ्यको दृष्टिकोणले कतिको पिउनयोग्य छ वा छैन भन्ने कुरा अध्ययनको विषय हुन सक्छ । तापनि यसमा आश्रित कुल घरपरिवार ९४.३ प्रतिशत रहेको छ । यता १२ घरपरिवार भने हालसम्म पनि इनार/कुवाको पानी खाने गर्दछन् । स्वास्थ्यको हिसाबले इनार वा कुवाको भन्दा ट्यूवेलको पानी राम्रो मानिन्छ । यस तथ्यांकले के पुष्टि गर्दछ भने सामान्य ट्यूवेलको पानीसम्म खान नपाउनेहरू पनि यस नगरपालिकाभित्र रहेकाले स्वच्छ खानेपानीको व्यवस्था हुन आवश्यक देखिन्छ ।

यस नगरपालिकाको खानेपानीको स्वामित्वका बारेमा सर्वेक्षणले के देखाएको छ भने थुप्रै घरपरिवारका सदस्यहरूले आफ्नो नीजि घरको खानेपानीको स्रोत प्रयोग गर्न पाएका छैनन् । यहाँका ६४७६ घरपरिवा मध्येका ५४१० घरपरिवारमा नीजि धारा र ट्युववेल प्रयोग गर्ने गर्दछन् भने ९५२ परिवारले सार्वजनिक धारा र ट्युववेल प्रयोग गर्ने गरेका छन् । अन्य प्रकारको पानीको श्रोत प्रयोग गर्ने परिवारको संख्या भने ११४ रहेको छ ।  यसलाई तलको तालिकामा पनि देखाइएको छ ।

तालिका नं. ९

वडा नं. अनुसार खाने पानिको स्वमित्व र घरपरिवार संख्या

| वडा नं. | पिउने पानिको स्वामित्व | | | जम्मा |
|---|---|---|---|---|
| | निजी धारा | सार्वजानिक धारा | अन्य धारा | |
| १ | ६९० | ९२ | १७ | ७९९ |
| २ | ३४६ | २९ | ४७ | ४२२ |
| ३ | ५९० | ६३ | १ | ६५४ |
| ४ | ५३७ | १४३ | १८ | ६९८ |
| ५ | १२३५ | १३२ | १ | १३६८ |
| ६ | २०१ | १२३ | ० | ३२४ |
| ७ | २३८ | १०२ | १ | ३४१ |
| ८ | ४९९ | ९८ | ३ | ६०० |
| ९ | ५२३ | २७ | २२ | ५७२ |
| १० | ५५१ | १४३ | ४ | ६९८ |
| जम्मा | ५४१० | ९५२ | ११४ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका नीजि खानेपानीका स्रोत भएका सवैभन्दा धेरै घरपरिवार संख्या वडा नं. ५ मा रहेको छ, जहाँ १२३५ घरपरिवारले नीजि धारा र ट्युववेल प्रयोग गर्ने गरेका छन् । त्यस्तै नीजि पानीको स्रोत नभएका सवैभन्दा कम परिवार संख्या भने वडा नं. ६ मा २०१ रहेको देखिन्छ । सार्वजनिक धारा या पानीको स्रोत प्रयोग गर्ने सवैभन्दा धेरै वडा नं. ४ मा १४३ घरपरिवार र सवैभन्दा कम संख्या भने वडा नं. ९ मा २९ घरपरिवार छन् । यस नगरपालिकाका ११४ घरपरिवारले भने अहिलेसम्म पनि अन्य प्रकारका स्रोतबाट खानेपानीको व्यवस्था गर्ने गरेको देखिन्छ ।

शौचालयको अवस्था

सरसफाईलाई स्वस्थ्य जीवनको आधारभूत अंगका रूपमा लिइएको छ । वातावरण प्रदुषको मुख्य कारक तत्व नै जथाभावी दिशापिसाव र फोहरमैला गर्नु हो । यसका लागि शौचालयको प्रयोग अनिवार्य हुन्छ । स्रहशाब्दी विकास लक्ष्य सन् २०१७ अनुसार जिल्ला विकास समिति सुनसरीले यस जिल्लालाई खुल्ला दिशापिसाब मुक्त जिल्ला बनाउने अभियानमा जुटेको छ । यस अभियानलाई साकार बनाउन कतिपय न.पा.हरूले कतिपय क्षेत्रलाई खुल्ला दिशापिसाब मुक्त घोषणा गरिसकेका छन् । यस नगरपालिकाको शौचालयको अवस्था हेर्दा अहिले पनि २१२ घरपरिवारमा सौचालय नभएको देखिन्छ । जसको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १०

वडा नं. अनुसार शौचालयको व्यवस्था र घरपरिवार संख्या

| वडा नं. | शौचालयको सुविधा | | | | जम्मा |
|---|---|---|---|---|---|
| | सेफ्टी टंकी | रिङ्ग | खाल्डे | शौचालय नभएको | |
| १ | १६ | ७८२ | १ | ० | ७९९ |
| २ | ९ | ४१३ | ० | ० | ४२२ |
| ३ | ६ | ६४७ | ० | १ | ६५४ |
| ४ | ८७ | ५९१ | १२ | ८ | ६९८ |
| ५ | ४१७ | ७४४ | ५ | २०२ | १३६८ |
| ६ | १६ | २९७ | ११ | ० | ३२४ |
| ७ | ८ | ३३३ | ० | ० | ३४१ |
| ८ | १२ | ५८८ | ० | ० | ६०० |
| ९ | ८ | ५५९ | ४ | १ | ५७२ |
| १० | १२ | ६८६ | ० | ० | ६९८ |
| जम्मा | ५९१ | ५६४० | ३३ | २१२ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार कुल ६४७६ घरपरिवार मध्ये ५९१ घरपरिवारमा मात्र विकसित प्रकारको शौचालय निर्माण गरिएको देखिन्छ । यस बाहेक ५६४० घरपरिवारमा साधारण या रिंगवाला शौचालय छ भने २१२ घरपरिवारमा शौचालय नै छैन । यसबाट के देखिन्छ भने जिल्लाले लिएको जिल्लालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न सरसफाई लगायत सौचालय निर्माणको अभियानलाई अझ अघि बढाउन आवश्यक छ । वडागत आधारमा हेर्दा विकशित सौचालयनै नभएका वडाहरू कुनै पनि नभए पनि यिनीहरूको संख्या भने सवै वडामा निकै कम छ । सम्पूर्ण नगरपालिकाभित्र रिंगवाला शौचालयको व्यवस्था भएको देखिन्छ । साथै हालसम्म शौचालय नभएका जम्मा २१२ घरपरिवारका लागि तुरन्तै शौचालय निर्माण गर्न पनि आवश्यक छ ।

खाना पकाउने इन्धनको किसिम

रामधुनी भासि नगरपालिकाका मानिसहरूले खाना पकाउने इन्धनका रूपमा पनि विभिन्न प्रकारका श्रोतहरूको प्रयोग गर्ने गरेका छन् । खाना पकाउन प्रयोग हुने इन्धनहरूमा मुख्य रूपमा दाउरा, ग्याँस, मट्टितेल, गुइँठा र गोबरग्याँस पर्दछन् । यसको लागि आधारभूत सर्वेक्षणको नतिजा अनुसार अहिले पनि अधिकांश ४२.३ प्रतिशत भन्दा बढी घरपरिवारले खाना पकाउनको लागि दाउरा नै प्रयोगमा ल्याएको पाइन्छ । यस नगरपालिकामा काठपातको अभाव हुने गरेपनि आफैंले खेतवारीमा दाउराका श्रोतका रूपमा विरूवाहरू लगाएर तथा दाउरा खरिद गरेर ठूलो हिस्साले दाउराबाट खाना पकाउने गर्दछन् । यो स्थान नगरपालिका भए पनि इन्धनको स्रोतमा भने अपेक्षित रूपमा सुधार हुन सकेको देखिन्न । जसको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ११

वडा नं. अनुसार खाना पकाउने इन्धनको मुख्य श्रोत र घरपरिवार संख्या

| वडा नं. | खाना पकाउने इन्धनको मुख्य श्रोत | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | दाउरा | गुईठा | गोबरग्यास | ग्यास | अन्य | |
| १ | ४९१ | १६ | २ | २९० | ० | ७९९ |
| २ | १७६ | ५ | ० | २४१ | ० | ४२२ |
| ३ | २०१ | ६ | ९ | ४३८ | ० | ६५४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ३०६ | १७२ | २ | २०५ | १३ | ६९८ |
| ५ | १३९ | १ | ० | १२२८ | ० | १३६८ |
| ६ | ८० | ४४ | ० | २०० | ० | ३२४ |
| ७ | १७५ | ५ | ३ | १५८ | ० | ३४१ |
| ८ | ४८९ | ५ | १ | १०५ | ० | ६०० |
| ९ | २८८ | १२ | ३ | २६८ | १ | ५७२ |
| १० | ३९४ | ४ | २ | २९८ | ० | ६९८ |
| जम्मा | २७३९ | २७० | २२ | ३४३१ | १४ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६७

माथिको तालिकामा देखाइए अनुसार यहाँका जम्मा ६४७६ घरपरिवार मध्ये २७३९ घरपरिवारले दाउरामा नै खाना पकाउने गरेको देखिन्छ । खाना तयारीको लागि इन्धनको आधुनिक स्रोत उपयोग गर्ने घरपरिवार न्यून रूपमा रहेका छन् । यस नगरपालिकामा एलपी ग्यास प्रयोग गर्ने घरपरिवार ३४३१ छन् भने गोबरग्यास २२ परिवारले प्रयोग गर्दछन् । यसका अलावा अहिले पनि गुइँठा बनाएर खाना बनाउने कार्य गर्ने घरपरिवार संख्या २७० रहेका छन् ।

दाउराको श्रोत

रामधुनी भासि नगरपालिकामा अहिलेसम्म पनि खाना पकाउने इन्धनका रूपमा २७३९ घरपरिवारले दाउराको प्रयोग गर्ने गरेका छन् । तिनीहरूले विभिन्न प्रकारका श्रोतबाट दाउरा उलपब्ध गर्ने गरेको देखिन्छ । खाना पकाउने इन्धनका रूपमा प्रयोग हुने दाउराको मुख्य श्रोत निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १२

खाना पकाउने इन्धनका रूपमा दाउराको मुख्य श्रोत

| सि. नं. | दाउराको स्रोत | घरपरिवार संख्या |
|---|---|---|
| १ | निजी वन | ३८९ |
| २ | सामुदायिक वन | ३३ |
| ३ | सरकारी वन | ३८ |
| ४ | अन्य | ४७ |
| जम्मा | | ५४५ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार रामधुनी भासि नगरपालिकामा दाउराका श्रोतका रूपमा सवैभन्दा धेरै घरपरिवार नीजिवनमा भर पर्ने गरेका छन् । यहाँका ३८९ परिवारले नीजि वनबाट दाउरा प्राप्त गर्ने भएका छन् । यसैगरी सामुदायिक वन र सरकारीवनबाट दाउरा प्राप्त गर्ने घरपरिवार संख्या ३३ र ३८ छन् । यता ४७ घरपरिवारले भने अन्य श्रोतबाट दाउरा प्राप्त गर्दछन् ।

संचारका साधन

आधुनिक संचारको साधन र श्रोतको उपयोगको दृष्टिले हेर्दा यसको प्रयोग गर्ने मानिसहरूको संख्या निकै ज्यादा रहेको छ । सरकारले घोषणा गरेको हातहातमा मोवाइल घरघरमा इन्टरनेट भन्ने नारा यर्थाथमा लागु भएको नभएपनि लगभग ८८ प्रतिशत भन्दा बढी घरपरिवाले मोवाइल वा टेलीफोनको प्रयोग गरेका छन् भने अन्य संचार र आधुनिक साधनहरूको प्रयोग गर्ने घरपरिवारको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १३
विभिन्न संचार सुविधा उपयोग गर्ने घर परिवारको विवरण

| सि.नं. | सुविधाको साधान | भएको घरपरिवार संख्या | नभएको घरपरिवार संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | रेडिया | ६०० | ५८७६ | ६४७६ |
| २ | टेलिफोन | १७१ | ६३०५ | ६४७६ |
| ३ | मोबाइल | ५७२७ | ७४९ | ६४७६ |
| ४ | टि.भि. | ४७०३ | १७७३ | ६४७६ |
| ५ | कम्प्यूटर | ३७६ | ६१०० | ६४७६ |
| ६ | इन्टरनेट | १९ | ६४५७ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार सुनसरीको रामधुनी भासि नगरपालिकाको ६४७६ घरपरिवार मध्ये सवैभन्दा ज्यादा परिवारमा भएको सन्चार साधन मोवायल फोन हो । यस नगरपालिकाका जम्मा ५७२७ घरपरिवारमा मोबायल फोन रहेको देखिन्छ । यसैगरी टिभी राख्ने परिवारको संख्या यसभन्दा केही कम रहेको देखिन्छ । यस नगरपालिकामा टिभी राख्ने परिवारको संख्या ४७०३ रहेको छ । अन्य सुविधाका साधनहरूमा इन्टरनेट प्रयोग गर्ने १९ र कम्प्युटर ३७६ घरपरिवार रहेका छन् ।

पशुपंक्षी पालन

यस नगरपालिकामा धेरै ग्रामिण भेग पर्दछ । तसर्थ यहाँ पशुपंक्षी पालन गर्ने घरपरिवार अधिक मात्रमा रहेको कारण यहां पाइएको पशुपंक्षीहरूको संख्या पनि धेरैनै रहेको देखिन्छ । समग्रमा यहां विभिन्न प्रकारका गाई, गोरू, भैंसी, राँगा, खसि, बाख्रा, सुँगुर, हाँस, कुखुरा, परेवा  घरपरिवारले पालेका छन् । यसको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १४
वडा नं. अनुसार पशुहरूको विवरण ।

| सि. नं. | पशुको विवरण | वडा नं. | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| १ | गाई/गोरू | १०३५ | २६९ | ५०५ | ८८७ | १३३४ | २६१ | १८८ | १०८१ | ६७२ | ९०४ | ७१३६ |
| २ | भौसी/रागा | ५३ | १७ | ४४ | ४५ | ६५३ | २४ | ४१ | ९३ | ९३ | २२९ | १२९२ |
| ३ | खसि/बाख्रा | ११३१ | २९८ | ५६९ | ८०८ | २२४ | ४१३ | ३३३ | १०६५ | ९११ | १४७९ | ७२३१ |
| ४ | सुंगुर / वंगुर | ७७ | २९ | ९१ | १३ | ६० | २० | २३ | १२ | ४३ | १२६ | ४९४ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार यस नगरपालिकामा सवैभन्दा ज्यादा संख्यामा खशिबाख्रा पालेको छन् भने त्यस पछि गाईगोरू पालेको देखिन्छ । त्यसपछि भैंसीराँगा र सुंगुर बंगुर पाल्ने मानिसहरूको संख्या पनि निकै ज्यादा रहेको छ । सामान्यतया गाइगोरू कृषि कार्यका लागि पनि ज्यादा उपयोगी हुने र व्यवसायिक रूपमा बढी लाभ हुने भएकाले कृषकहरूले गाइगोरू पनि बढीमा मात्रामा पाल्ने गरेका छन् । वडागत आधारमा हेर्दा वडा नं. ५ मा सबैभन्दा बढी गाईगोरू पालिएका छन्, जहाँ १३३४ वटा गाईगोरू पालिएका देखिन्छन् ।

रामधुनी भासि नगरपालिकामा पशुपंक्षी पालन पनि उल्लेख्य रूपमा रहेको देखिन्छ । यस नगरपालिकाका विभिन्न वडामा कुखुरा, हाँस र परेवा लगायतका पंक्षिहरू पालिएका छन् । यसका विभिन्न वडामा पालिएका पंक्षिहरूको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १५

वडा नं. अनुसार पंक्षीहरूको विवरण

| सि. नं. | पंक्षीको विवरण | वडा नं. | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| १ | कुखुरा | १३८५ | ७५० | १३५६ | २०६ | २४०० | २०४ | ३३२ | ५८ | ७८९ | ४६०३ | १२०८३ |
| २ | हांस | ९०७ | ४६४ | ३९३ | २४८ | २३० | २८७ | १२४ | १४ | ३४२ | ५६७ | ३५७६ |
| ३ | माछा पोखरी | ३२ | ६ | ३९ | १३ | ० | ६० | ० | ४० | ४८ | ७१ | ३०९ |
| ४ | परेवा | १०६ | ० | १७४ | ३३४ | ३०० | ० | ५ | २ | २२९ | ६०० | १७५० |
| ७ | अन्य | ११८ | ५६ | २३ | ० | ८ | ० | ० | ० | ० | ५२ | २५७ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार यस नगरपालिकामा सवैभन्दा ज्यादा पंक्षि पालिएको संख्या कुखुराको छ । यसमा जम्मा १२०८३ वटा कुखुरा पालिएको देखिन्छ । यसैगरी यसको वडा नं. १० मा सवैभन्दा ज्ययदा या ४६०३ वटा कुखुरा पालिएको पाइएको छ । यसैगरी यस नगरपालिकाभित्र हाँसहरू ३५७६ वटा र परेवा १७५० वटा पालिएका देखिन्छन् । यसरी यस नगरपालिकाका विभिन्न वडा तथा टोलहरूमा अनेक प्रकारका पंक्षीहरू पालिएका देखिन्छन् ।

पशुपंक्षीमा लाग्ने रोग

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपंक्षीहरू पालन कार्य यस नगरपालिकामा निकै बढी मात्रमा रहेको देखिन्छ । यस नगरपालिकाभित्र पशुपंक्षीमा ठूलो महामारी फैलिएको नपाइने भए पनि यहाँका पुशहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका र रेवीज जस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र वर्डफ्लु मुख्य रूपमा लाग्ने गरेको छ ।

औसत आम्दानी र खर्च

सुनसरीको रामधुनी भासि नगरपालिकामा मानिसहरूको औसत २ लाख ५० हजारको हाराहारीमा आम्दानी हुने परिवारको संख्या सवैभन्दा ज्यादा वडा नं. ५ मा १३६८ जना रहेको छ । यस नगरपालिकाका घरपरिवारको कूल औषत आय २१८७२२ र औषत खर्च भने १५६५७३ रहेको छ । यसलाई तलको तालिकामा पनि दिइएको छ ।

तालिका नं. १६

वडा तथा औषत खर्च वा आम्दानीको विवरण

| वडा न. | औषत आम्दानी रू. | औषत खर्च रू. | घरपरिवार संख्या |
|---|---|---|---|
| १ | २१६४३० | १६२४०७ | ७९९ |
| २ | २०५८४५ | ८२७७४ | ४२२ |
| ३ | २२८६३८ | २००५६८ | ६५४ |
| ४ | २४०७०० | १६३१४३ | ६९८ |
| ५ | २६१३२२ | १८७१५६ | १३६८ |
| ६ | २५२७४० | १९९९३१ | ३२४ |
| ७ | १५५३२१ | ९९६९५ | ३४१ |


| | | | |
|---|---|---|---|
| ८ | १२०२६९ | ९८५०१ | ६०० |
| ९ | २४६१७२ | १८१५५५ | ५७२ |
| १० | १९१६८९ | १२३८९० | ६९८ |
| जम्मा | २१८७२२ | १५६५७३ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार यस नगरपालिकामा आम्दानीभन्दा खर्च कम गर्ने पद्धति रहेको देखिन्छ, जसबाट परिवारमा बचत गर्ने कार्यले महत्व पाएको हुन्छ । यस नगरपालिकाका प्राय सबै वडामा आम्दानीको तुलनामा खर्च कम हुने भएकाले प्राय सबै परिवारमा बचत हुने गरेको पाइएको छ । यसलाई तलको लेखाचित्रमा पनि दिइएको छ ।

लेखाचित्र नं. ४

औषत आम्दानी र खर्चसम्बन्धी विवरण




## जातीय आधारमा आम्दानीखर्च विवरण

रामधुनी भासि नगरपालिकाको जातिगत आधारमा आम्दानीको अवस्था अध्ययन गर्दा आदीवासी जनजाती समुहको ज्यादा आम्दानी भएको घरपरिवार संख्या ज्यादा देखिन्छ । यस नगरपालिकामा आदिवासी जनजातिको जनसंख्या ज्यादा रहेको हुनाले पनि यस्तो तथ्यांक पाइएको हो । त्यसपछि अन्य जातजातिको संख्या छ भने बढी आम्दानी हुने सबैभन्दा कम संख्याचाहिं दलितहरूको रहेको देखिन्छ । यस नगरपालिकामा दलितहरूको जनसंख्या कम भएकाले पनि यस्तो देखिएको हो । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १७

जातिय समुह तथा आम्दानी समुह अनुसारको विवरण

| जातिय समुह | आम्दानी समुह | | | | जम्मा |
|---|---|---|---|---|---|
| | २५००० भन्दा कम | २५०००० देखी ५०००० सम्म | ५०००० देखी १००००० सम्म | १००००० भन्दा माथी | |
| आदिवासी जनजाती | ३२६ | १४७ | ४९४ | २२३५ | ३२०२ |
| दलित | ३५ | १९ | १४२ | ४६८ | ६६४ |
| मधेशी पिछडा वर्ग | ७५ | १४ | ६९ | २८१ | ४३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य जातजाती | २२९ | ६८ | २११ | १६६३ | २१७१ |
| जम्मा | ६६५ | २४८ | ९१६ | ४६४७ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकामा वार्षिक रू २५००० भन्दा कम आम्दानी भएको सवैभन्दा ज्यादा संख्या आदिवासी जनजातिको रहेको छ । यहाँ आदिवासी जनजातिको जनसंख्या ज्यादा रहेको हुनाले ज्यादा आम्दानी हुने र कम आम्दानी हुने जस्ता विविधता पनि यस समुदायमा रहेको देखिन्छ । किनकि वार्षिक एक लाखभन्दा ज्यादा आम्दानी हुने घरपरिवारको ज्यादा संख्या पनि यसै समुदायमा रहेको पाइन्छ ।  यता २५ हजारभन्दा कम आम्दानी हुने सवैभन्दा कम घरपरिवार संख्या दलितहरूको रहेको छ । यस नगरपालिकामा यिनीहरूको जनसंख्या पनि कम रहेको हुँदा त्यस्तो देखिएको हो ।

जातिगत खर्च समूह

जातीगत समूह अनुसार खर्चको अवस्था हेर्दा यहाँका धेरैजसो जातिगत समूहको खर्च आम्दानीको आधारमा हुने गरेको देखिन्छ । यसको अर्थ बढी आय हुनेले धेरै र कम आय गर्नेले कम अनुपातमा खर्च गर्ने गरेको पाइन्छ । यस नगरपालिकाको खर्चको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १८

जातिय समूह तथा खर्च समूह अनुसारको विवरण

| जातिय समूह | खर्च समूह | | | | जम्मा |
|---|---|---|---|---|---|
| | २५००० भन्दा कम | २५०००० देखि ५०००० सम्म | ५०००० देखि १००००० सम्म | १००००० भन्दा माथि | |
| आदिवासी जनजाती | ४०५ | १०४ | ७८४ | १९०९ | ३२०२ |
| दलित | ४७ | १३ | १७५ | ४२९ | ६६४ |
| मधेशी पिछडा वर्ग | ८३ | १२ | ९२ | २५२ | ४३९ |
| अन्य जातजाती | २५४ | ४३ | २७३ | १६०१ | २१७१ |
| जम्मा | ७८९ | १७२ | १३२४ | ४१९१ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकामा वार्षिक रू २५००० भन्दा कम खर्च भएको सवैभन्दा ज्यादा संख्या आदिवासी जनजातिको रहेको छ । यहाँ आदिवासी जनजातिको जनसंख्या ज्यादा रहेको हुनाले ज्यादा खर्च हुने र कम आम्दानी हुने जस्ता विविधता पनि यस समुदायमा रहेको देखिन्छ । किनकि वार्षिक एक लाखभन्दा ज्यादा खर्च हुने घरपरिवारको ज्यादा संख्या पनि यसै समुदायमा रहेको पाइन्छ ।  यता २५ हजारभन्दा कम खर्च हुने सवैभन्दा कम घरपरिवार संख्या दलितहरूको रहेको छ । यस नगरपालिकामा यिनीहरूको जनसंख्या पनि कम रहेको हुँदा त्यस्तो देखिएको हो ।

आम्दानी र खर्च अनुसारको विवरण

सुनसरीको रामधुनी भासि नगरपालिकाको आम्दानी र खर्चको समूह हेर्दा के देखिन्छ भने यस नगरपालिकामा वार्षिक २५ हजारभन्दा कम आम्दानी गर्ने परिवार संख्या ६६५ र त्यतिनै खर्च गर्न परिवार संख्या ७८९ जना रहेको देखिन्छ । यस्तै एक लाखभन्दा माथि आम्दानी गर्ने परिवार संख्या ६४७६ र एक लाखभन्दा ज्यादा खर्च गर्ने परिवार संख्या पनि त्यतिनै रहेको देखिन्छ । यसलाई तलको तालिकामा पनि प्रस्तुत गरिएको छ ।


तालिका नं. १९
आम्दानी, खर्च तथा रकम समूह अनुसारको विवरण

| | | | |
|---|---|---|---|
| १ | | ६६५ | ७८९ |
| २ | | २४८ | १७२ |
| ३ | | ९१६ | १३२४ |
| ४ | | ४६४७ | ४१९१ |
| | | ६४७६ | ६४७६ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण २०७३।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकामा वार्षिक रू २५००० भन्दा कम खर्च गर्ने परिवारको संख्या ७८९ र २५ हजार भन्दा कम आम्दानी गर्ने परिवारको संख्या भने ६६५ रहेको देखिन्छ। यसैगरी २५ देखि ५० हजार आम्दानी गर्ने परिवारको संख्या २४८ रहेको देखिन्छ भने त्यति खर्च गर्ने परिवार भने त्यसभन्दा कम १७२ जना छन्। यता ५० हजारदेखि १ लाखसम्म बार्षिक आम्दानी भएका परिवा ९१६ तथा त्यति खर्च गर्ने परिवारको संख्या भने १३२४ रहेको छ। ४६४७ परिवारले भने बार्षिक एक लाखभन्दा ज्यादा आम्दानी गर्ने गरेका छन्। यसलाई तलको लेखाचित्रमा पनि देखाइएको छ।

लेखाचित्र नं. ५
आम्दानी र खर्च अनुसारको विवरण




कृषि उब्जानीबाट धान्ने समय

सुनसरीको रामधुनी भासि नगरपालिकाको ठूलो जनसंख्या कृषिमा निर्भर छ भने बाँकी परिवार व्यापार व्यवसायमा संलग्न रहेको पाइन्छ। यसरी धेरै मानिसहरूको मुख्य पेशा कृषि भएता पनि यस न.पा.का सबै मानिसहरूलाई भने यस पेशाबाट जीविकोपार्जनका लागि अपुग हुने गरेको देखिन्छ। कृषि उत्पादनबाट परिवारले कति समय गुजारा गर्न सक्छन् भन्ने विषयलाई नियाल्दा वर्षभरी परिवार

धान्न नसक्ने झण्डै २५.९ प्रतिशत परिवार रहेको छ । यसले यस नगरपालिकाको गरिवीको अवस्थाको चित्रण गर्दछ । यससम्बन्धी थप विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. २०

आफ्नो उत्पादनले खान पुग्ने अबधि


| वडा नं. | खान पुग्ने समय | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ३ महिना | ६ महिना | ९ महिना | वर्ष दिन | बिक्री | |
| १ | ३५ | ७९ | ३१ | ५८५ | ६९ | ७९९ |
| २ | २ | २५ | १ | ३९४ | ० | ४२२ |
| ३ | ४४ | १५० | ४९ | ३७५ | ३६ | ६५४ |
| ४ | ११० | ७५ | २२ | ४२४ | ६७ | ६९८ |
| ५ | ४९७ | ७० | १०७ | ६३९ | ५५ | १३६८ |
| ६ | १ | १२ | ४ | ३०६ | १ | ३२४ |
| ७ | १२ | ४१ | ४ | २८२ | २ | ३४१ |
| ८ | ३५ | ३३ | ४ | ५१६ | १२ | ६०० |
| ९ | २१ | ५० | ७१ | १६१ | २६९ | ५७२ |
| १० | २३ | ५३ | १६ | ४५५ | १५१ | ६९८ |
| जम्मा | ७८० | ५८८ | ३०९ | ४१३७ | ६६२ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका ६४७६ परिवारमध्ये अन्न ज्यादा भई बिक्री गर्न पुग्ने परिवारको संख्या ६६२ मात्र रहेको छ । यसैगरी यहाँका ४१३७ परिवारलाई भने आफूले उब्जाएको बालिनालीले वर्षभरी खानलाउन मात्र पुग्ने गर्दछ । यसैगरी तिन महिनासम्म मात्र खान पुग्ने परिवारको संख्या भने ७८० रहेको छ । अर्कोतिर ५८८ परिवारलाई ६ महिना र ३०९ परिवारलाई नौ महिनासम्म मात्र खान लगाउन पुग्ने गरेको पाइन्छ । यसलाई तलको लेखाचित्रमा पनि दर्साइएको छ ।

लेखाचित्र नं. ६

कृषकलाई खानपुग्ने अवधिको विवरण



ऋणको आवश्यकता

रामधुनी भासि नगरपालिकाका मानिसहरूले आवश्यकता पर्दा व्यक्तिगत र संस्थागत रूपमा विभिन्न स्थानहरूबाट ऋणपान लिने गरेको पाइन्छ । मानिसहरूले विभिन्न प्रयोजनबाट ऋण लिने गर्दछन् । तापनि यहाँ अक्सर परिवार चलाउन कुन ठाउँबाट बढी ऋण लिने गरेको छ भन्ने विषयलाई विश्लेषण गरिएको छ । यसमा ६५५ परिवारलाई ऋणको आवश्यकता भएको देखिँदैन भने बाँकी घरपरिवारले घरखर्चका लागि ऋण लिई काम चलाउने गरेको पाइन्छ । यसको कारण यस नगर पालिकामा बैंकहरूको सुलभता र ब्याजदर ज्यादै कम हुने भएकोले अन्य स्रोतभन्दा बढी भएको हो । यसको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. २१
वडा नं. अनुसार ऋणसम्वन्धी विवरण

| वडा नं. | आवस्यक नभएको | बैंक | सहकारी | समुह वा सामुदायिक | साहुमाजन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ४४० | ३५२ | १ | ५ | ० | ७९९ |
| २ | २ | ८४ | ३३६ | ० | ० | ० | ४२२ |
| ३ | ० | ३९० | २६२ | ० | २ | ० | ६५४ |
| ४ | ६४ | ९५ | ४९२ | ८ | ३१ | ८ | ६९८ |
| ५ | ५८४ | २५० | २७१ | २८ | २१३ | २२ | १३६८ |
| ६ | ० | ३१ | २७५ | १ | ४ | १३ | ३२४ |
| ७ | ० | १६५ | १७३ | ० | १ | २ | ३४१ |
| ८ | ० | २६१ | ३३७ | ० | २ | ० | ६०० |
| ९ | ४ | २७१ | २९७ | ० | ० | ० | ५७२ |
| जम्मा | ६५५ | ३१४ | ३८१ | ० | ० | ० | ६९८ |
| | ६५८ | २३०१ | ३१७६ | ३८ | २५८ | ४५ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका ऋण लिने ५८१८ घरपरिवारलाई ऋणको आवश्यकता पर्ने गरेको देखिन्छ । उनीहरूलाई आवश्यक पर्ने ऋण बैंक, सहकारी संस्था, साहुमहाजन, टोल विकास, साथीभाई र नातागोताबाट लिएर आफ्नो समस्या टार्ने गरेको पाइन्छ । तलको तालिकामा यहाँका मानिसहरूले लिने ऋणको प्रयोगका बारेमा प्रकास पारिएको छ ।

तालिका नं. २२
ऋण प्रयोग सम्वन्धी विवरण


| सि.नं. | ऋण लिनुको उद्देश्य | जम्मा |
|---|---|---|
| १ | कृषी तथा पशुपालन | ३००६ |
| २ | घर खर्च | २१९८ |
| ३ | उद्योग व्यापार | १५५ |
| ४ | शिक्षा | ८४ |
| ५ | औषधी उपचार | ७८ |
| ६ | सामाजिक कार्य | २४ |
| ७ | अन्य | २७३ |
| जम्मा | | ५८१८ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका ऋण लिने ५८१८ घरपरिवारमध्ये ३००६ परिवारले कृषि तथा पशुपालनका लागि ऋण लिने गरेका छन् । यता घरखर्चका लागि २१९८ परिवार र उद्योग तथा व्यापारका लागि १५५ जनाले ऋण लिने गरेको पाइएको छ । यसैगरी शिक्षका लागि ८४ परिवार र औषधोपचारका लागि ७८ परिवारलाई ऋणको आवश्यकता पर्ने गरेको देखिन्छ । उनीहरूलाई आवश्यक पर्ने ऋण बैंक, सहकारी संस्था, साहुमहाजन, टोल विकास, साथीभाई र नातागोताबाट लिएर आफ्नो समस्या टार्ने गरेको पाइन्छ । तलको लेखाचित्रमा यहाँका मानिसहरूले लिने ऋणको प्रयोगका बारेमा प्रकास पारिएको छ ।

लेखाचित्र नं. ७

ऋण लिनुको उद्देश्यसम्बन्धी विवरण




संस्थामा आबद्धता

सुनसरीको रामधुनी भासि नगरपालिकाको विभिन्न संघसंस्थामा आबद्धता भएनभएको विवरणमा के पाइन्छ भने यहाँका ६४७६ घरपरिवारमध्ये ३१०१ परिवारका मानिसहरू विभिन्न संघसंस्थामा आबद्ध छन् भने अन्य ३३७५ परिवार त्यस्ता संघसंस्थामा आबद्ध भएका देखिँदैनन् । मानिसको विभिन्न संघसंस्थामा आबद्धता रहेको अवस्थामा सचेतना बढ्ने हुनाले यसलाई समाज विकासको सूचकका रूपमा लिने गरिएको छ । यहाँको संघसंस्थाको आबद्धताका बारेमा तलको तालिकामा पनि विवरण दिइएको छ ।

तलिका नं. २३

वडा अनुसार विभिन्न संस्थामा आवद्ध भएको विवरण

| वडा नं. | संस्थामा आवद्ध | | जम्मा |
|---|---|---|---|
| | भएका | नभएका | |
| १ | ६७३ | १२६ | ७९९ |
| २ | २४९ | १७३ | ४२२ |
| ३ | ४३९ | २१५ | ६५४ |
| ४ | २९६ | ४०२ | ६९८ |
| ५ | ८१७ | ५५१ | १३६८ |
| ६ | ६ | ३१८ | ३२४ |
| ७ | १९ | ३२२ | ३४१ |
| ८ | २४८ | ३५२ | ६०० |

| | | | |
|---|---|---|---|
| ९ | १८१ | ३९१ | ५७२ |
| १० | १७३ | ५२५ | ६९८ |
| जम्मा | ३१०१ | ३३७५ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका ३१०१ घरपरिवार विभिन्न संघसंस्थामा आबद्ध छन् भने बाँकी ३३७५ परिवार भने कुनै पनि संघसंस्थामा आबद्ध भएको पाइएको छैन । यहाँको सवैभन्दा धेरै संघसंस्थामा आबद्ध भएको परिवार संख्या वडा नं. ५ मा रहेको छ, जहाँका ८१७ परिवार संघसंस्थामा आबद्ध रहेका देखिन्छन् । यसैगरी संघसंस्थामा आबद्ध नहुने सवैभन्दा ज्यादा घरपरिवार संख्या पनि वडा नं. ५ मा नै रहेको देखिन्छ । यस वडामा ५२५ घरपरिवार संघसंस्थामा आबद्ध रहेका छैनन् । यता सवैभन्दा कम संख्यामा संघसंस्थामा आबद्ध भएको परिवार वडा नं. ६ मा रहेको छ, जहाँका ६ परिवारमात्र संघसंस्थामा आबछ भएका देखिएका छन् । संघसंस्थामा आबद्ध नभएका सवैभन्दा कम घरपरिवार भने वडा नं. १ मा देखिन्छ, जहाँका १२६ परिवारको संघसंस्थामा संलग्नता भएको देखिंदैन ।

संघसंस्थामा आबद्धताको सबालमा को मानिस कस्तो प्रकारको या कुन संस्थामा आबद्ध भएको छ भन्ने कुरा पनि निकै महत्वपूर्ण हुने गर्दछ । यस परिप्रेक्षमा सुनसरीको रामधुनी भासि नगरपालिकामा निम्नानुसारका परिवार संख्या निम्न अनुसारका संघसंस्थामा आबद्ध भएका देखिएका छन् ।

तलिका नं. २४
विभिन्न संस्थामा आवद्ध भएको जनसंख्या विवरण

| सि.नं. | संघसंस्थाको नाम | जम्मा |
|---|---|---|
| १ | टोल विकास संस्था | २३८४ |
| २ | वन उपभोक्ता समूह | २४५ |
| ३ | सहकारी संस्था | २१२ |
| ४ | गा.वि.स. कार्यक्रम | १७२ |
| ५ | गैर सरकारी संस्था | ५० |
| ६ | कृषि समुह | ११ |
| ७ | परम्परागत समुह | ८ |
| ८ | सामुदायिक विकास कार्यक्रम | ७ |
| ९ | अन्य | १२ |
| जम्मा | | ३१०१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका ३१०१ घरपरिवार विभिन्न संघसंस्थामा आबद्ध देखिन्छन् । यसमा सवैभन्दा धेरै २३८४ जना टोल विकास संस्थामा आबद्ध छन् । यता वन उपभोक्ता समितिमा २४५ र सहकारीमा २१२ जना आबद्ध भएका पाइएका छन् । यहाँका नगरपालिकाका कार्यक्रममा १७२ जना तथा गैर सरकारी संस्थामा ५० घरपरिवारका मानिसहरू आबद्ध भएको तथ्यांक रहेको छ । यस बाहेक अन्य विभिन्न संघसंस्थामा पनि ३५ घरपरिवारका सदस्यहरू संलग्न भएको विवरण पाइन्छ ।

पारिवारिक निर्णय

यस नगरपालिकाका विभिन्न समुदायमा पारिवारिक निर्णय आआफ्नै प्रकारले हुने गरेको देखिन्छ । यसैगरी काम अनुसारको निर्णय गर्ने परिपाटि पनि रहेको छ । यसमा लिंगअनुसार कतिपय कार्य महिलाले निर्णय गर्दछन् भने कतिपयचाहिं पुरूषले पनि निर्णय गर्ने परम्परा पाइन्छ । तलको तालिकामा यस नगरपालिकाको पारिवारिक निर्णयका बारेमा विवरण दिइएको छ ।

तलिका नं. २५

परिवारमा निर्णय प्रकृया सम्वन्धी विवरण

| सि.नं. | कार्यको निर्णय | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरूष | |
| १ | घर व्यवहार | ४७४१ | ४४२५ | ९१६६ |
| २ | घरायसी काम | ५७२० | २६६७ | ८३८७ |
| ३ | बैक खाता | २६०४ | २४८२ | ५०८६ |
| ४ | उपभोक्ता समूह | ५५३ | ७४७ | १३०० |
| ५ | विद्यालय व्यवस्थापन | ६११ | ७४० | १३५१ |
| ६ | उद्योग व्यापार | ४०२ | २९८ | ७०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका घरपरिवारमा विभिन्न प्रकारका निर्णयहरूमा स्त्री तथा पुरूषको समान रूपमा भूमिका हुने गरेको पाइएको छ । जस्ता यहाँको घरव्यवहारसम्बन्धी कार्यमा महिलाले ४७४१ परिवारमा र पुरूषले ४४२५ परिवारमा निर्णय गर्ने परिपाटी रहेको देखिन्छ । विभिन्न संघसंस्थामा आबद्ध देखिन्छन् । यसैगरी घरायसी काममा महिला र पुरूषले निर्णय गर्ने परिवार क्रमिक रूपमा ५७२० र २६६७ छन् । सामान्यतया आदिवासी जनजातिमा ज्यादाजसो पारिवारिक निर्णयहरू महिलाले गर्दछन् भने अन्य जातजातिमा यस्ता निर्णय पुरूषहरूले गर्ने चलन पाइन्छ । यता उद्योग र व्यापारमा निर्णय गर्ने दायित्व पनि ज्यदा ४०२ परिवारमा महिलाको र कम या २९८ परिवारमा पुरूषको रहेको पाइएको छ । यसरी यस नगरपालिकामा महिलाहरूलाई नै पारिवारिक र अन्य कार्यमा निर्णय गर्ने महत्वपूर्ण भूमिका दिइएको देखिन्छ ।

दैवीप्रकोप

सुनसरीको रामधुनी भासि नगरपालिकाका मानिसहरू बेलाबेलामा विभिन्न प्रकारका दैवी प्रकोपबाट पिडित हुने गरेका छन् । यसमा मुख्यतया ६४७६ घरपरिवारमध्ये ५०६ घर परिवारका मानिसहरू यस्तो प्रकोपबाट पिडित भएको पाइएको छ । यसलाई तलको तालिकामा पनि प्रस्तुत गरिएको छ ।

तालिका नं.२६

एक वर्षमा दैवि प्रकोपबाट पिडित सम्वन्धी विवरण

| वडा नं. | दैवि प्रकोपवाट पिडित | | जम्मा |
|---|---|---|---|
| | छ | छैन | |
| १ | १०९ | ६९० | ७९९ |
| २ | ६ | ४१६ | ४२२ |
| ३ | ८७ | ५६७ | ६५४ |
| ४ | ५ | ६९३ | ६९८ |

| | | | |
|---|---|---|---|
| ५ | १५२ | १२१६ | १३६८ |
| ६ | १ | ३२३ | ३२४ |
| ७ | ३० | ३११ | ३४१ |
| ८ | २२ | ५७८ | ६०० |
| ९ | ९२ | ४८० | ५७२ |
| १० | २ | ६९६ | ६९८ |
| जम्मा | ५०६ | ५९७० | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका ६४७६ घरपरिवारमध्ये ५०६ घरपरिवारले दैवी प्रकोपको जोखिम मोल्नु परेको देखिन्छ । यसमा सवैभन्दा ज्यादा दैवी प्रकोप वडा नं. ५ मा परेको देखिन्छ । यस वडामा जम्मा १५२ घरपरिवार दैवी प्रकोपबाट पिडित भएको देखिन्छ । यसैगरी सवैभन्दा कम वडा नं. ६ मा १ परिवार र १० मा दुई परिवार दैवी प्रकोपमा परेको विवरण पाइन्छ । वडा नं. १, ३ र ९ मा पनि दैवी प्रकोपमा परेका घरपरिवारको संख्या ज्यादा रहेको पाइएको छ ।

आयोडिन नुनको प्रयोग

मानिसको स्वास्थ्यमा नुनको प्रयोगले पनि प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । सामान्यतया आयोडिनयुक्त नुनको प्रयोगले मानिसहरूमा गलगाँढ जस्तो रोग लाग्नबाट सुरक्षित हुने हुदाँ खुल्ला नुनको प्रयोग गर्नु हुँदैन । तर पनि यस नगरपालिकाका १९३ घरपरिवारले अझैपनि यस्तो खुल्ला नुनको प्रयोग गरिरहेको पाइन्छ । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. २७

आयोडिनयुक्त नुनको प्रयोग सम्वन्धी विवरण

| वडा नं. | आयोडिनयुक्त नुन प्रयोग | | जम्मा |
|---|---|---|---|
| | छ | छैन | |
| १ | ७७९ | २० | ७९९ |
| २ | ४११ | ११ | ४२२ |
| ३ | ६३१ | २३ | ६५४ |
| ४ | ६४४ | ५४ | ६९८ |
| ५ | १३४५ | २३ | १३६८ |
| ६ | ३१४ | १० | ३२४ |
| ७ | ३१४ | २७ | ३४१ |
| ८ | ५९१ | ९ | ६०० |
| ९ | ५६५ | ७ | ५७२ |
| १० | ६८९ | ९ | ६९८ |
| जम्मा | ६२८३ | १९३ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार धुलो वा खुल्ला नुन प्रयोग गर्ने घरपरिवार मध्ये सबैभन्दा बढी घरपरिवार वडा नं. ४ मा ५४ परिवार रहेका देखिन्छन् भने अन्य वडा नं ८ र १० मा नौनौजना तथा वडा नं. ९ मा भने ७ जना रहेका छन् । यसका अलावा अन्य वडाहरूमा पनि केही घरपरिवारले खुल्ला नुनको प्रयोग गर्ने गरेको पाइन्छ ।

विवाह हुँदाको उमेर

रामधुनी भासि नगरपालिकामा सरदर विवाह हुँदांको उमेर सम्बन्धमा प्राप्त तथ्यांक अनुसार कानुनले व्यवस्था गरे अनुरूपकै औषत उमेरमा विवाह हुने गरेको देखिन्छ । यसको अर्थ यस नगरपालिकामा बाल विवाहको समस्या केही कम रहेको पाइन्छ । यसको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।


तालिका नं. २८
विवाह हुँदाको औषत उमेर अनुसारको विवरण

| वडा नं. | विवाह स्थिती | | विवाह स्थिती | |
|---|---|---|---|---|
| | पुरूष संख्या | औषत उमेर | महिला संख्या | औषत उमेर |
| १ | १५१ | २१.७८ | २६२ | २०.९१ |
| २ | ९३ | २१.५० | १०२ | १९.३६ |
| ३ | ४५ | २१.७९ | ९९ | १४.८३ |
| ४ | ७२ | २२.२१ | ७६ | १९.०० |
| ५ | ३७२ | २५.३८ | ३८२ | २१.८५ |
| ६ | १० | १९.०० | १० | १६.०० |
| ७ | ८ | १९.४५ | २१ | १७.३८ |
| ८ | ९ | २३.८२ | ३६ | १९.२१ |
| ९ | १४ | २१.५० | १५ | १८.४३ |
| १० | २६ | २२.४८ | ५ | १५.२४ |
| जम्मा | ८०० | | १००८ | |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार पुरूषको औषतमा केही ज्यदा र महिलाको औषतमा कम उमेरमा विवाह हुने गरेको पाइएको छ । यसमा सवैभन्दा ज्यादा पुरूष ३७२ जनाको विवाह वडा नं. ५ मा २५.३८ वर्षको औषत उमेरमा भएको देखिन्छ । यता सवैभन्दा कम औषत उमेर १९ वर्षमा विवाह हुने संख्या भने वडा नं. ६ मा छ, जुन संख्या १० रहेको देखिन्छ । महिलाको सवालमा भने विवाह हुँदाको औषत उमेर पुरूषको तुलनामा केही कम रहेको देखिन्छ । यस नगरपालिकामा औषत १६ देखि २१ वर्षको औषत उमेरमा महिलाहरूको विवाह हुने गरेको पाइएको छ । यता औषत १६ वर्षको औषत उमेरमा विवाह हुने महिलाको संख्या वडा नं. ६ मा १० जना रहेको देखिन्छ । यता औषत उमेर २१ वर्षमा विवाह हुने स्त्रीहरू भने वडा नं. ५ मा छन्, जसको संख्या ३८२ रहेको देखिन्छ ।

लेखाचित्र नं. ८
विवाह हुँदाको उमेरसम्बन्धी विवरण



# खण्ड ३
# बलवालिका सम्बन्धी विवरण

बालश्रम

सुनसरीको रामधुनी नगरपालिकामा बालश्रम पनि सामान्य रूपमा रहेको देखिन्छ । बालश्रमलाई आपराधिक कार्य मानिए पनि यदाकदा लुकीछिपी बालश्रम गराउने चलन हाम्रो समाजमा विद्यमान छ । विशेषगरी बालबालिकालाई घरेलु कामदारका रूपमा लगाउने चलन यस नगरपालिकामा रहेको पाइन्छ । यस नगरपालिकाभित्रको बालबालिका कामदारसम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १
१६ वर्षसम्मका बालवालिका अरूको घरमा काम गरेको विवरण

| सि.नं. | लिंग | | जम्मा |
|---|---|---|---|
| | बालक | बालिका | |
| १ | ९ | १३ | २२ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा २२ जना बालबालिका अरूको घरमा काम गर्ने गर्दछन् । यस नगरपालिकामा घरेलु कामदारका रूपमा बालक ९ जना र बालिका १३ जना रहेका छन् । बालकालिकालाई घरेलु कामदारका रूपमा प्रयोग गर्नु राम्रो कार्य होइन । तसर्थ यसलाई निरूत्साहित गर्नु पर्दछ ।

बालबालिका प्रति दुर्व्यवहार

बालकालिकाप्रति दुर्व्यवहार गर्नु राम्रो होइन । तिनीहरू भविश्यका कर्णाधार रहेकाले तिनीहरूलाई उचित शिक्षादीक्षाको व्यवस्था हुन आवश्यक ठानिन्छ । तर समाजमा अनेक प्रकारले जानेर या नजानेर बालबालिकाप्रति दुर्व्यवहार हुने गरेको पाइन्छ । रामधुनी भासि नगरपालिकामा बालबालिकाप्रतिको दुर्व्यवहारको अवस्था तलको तालिकामा देखाइएको छ ।

तालिका नं. २
वडा अनुसार बालबालिका परिवार भित्र वा बाहिर दुरव्यवहार सम्वन्धी घरपरिवारको विवरण ।

| वडा नं. | बालबालिका परिवार भित्र वा बाहिर दुरव्यवहार | | जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | ३ | ७९६ | ७९९ |
| २ | ० | ४२२ | ४२२ |
| ३ | ६ | ६४८ | ६५४ |
| ४ | २ | ६९६ | ६९८ |
| ५ | ९ | १३५९ | १३६८ |
| ६ | ० | ३२४ | ३२४ |
| ७ | १ | ३४० | ३४१ |
| ८ | २ | ५९८ | ६०० |
| ९ | २ | ५७० | ५७२ |

| वडा नं. | बालबालिका परिवार भित्र वा बाहिर दुरव्यवहार | | जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १० | २ | ६९६ | ६९८ |
| जम्मा | २७ | ६४४९ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा २७ जना बालबालिकालाई दुर्व्यवहार भएको पाइएको छ । यसमा सवैभन्दा ज्यादा भने वडा नं. ५ मा ९ जना बालबालिकालाई दुर्व्यवहार भएको देखिन्छ । यस नगरपालिकाको वडा नं. २ र ६ मा भने बालबालिकालाई दुर्व्यवहार भएको पाइएको छैन ।

बालस्वास्थ्य

बालबालिकाको स्वास्थ्यका बारेमा घरपरिवारमा समुचित मात्रामा जानकारी हुन आवश्यक हुने गर्दछ । तिनको स्वस्थ्यका बारेमा ख्याल गरी नियमित रूपमा खोप दिने तथा बालबालिकाको तौल लिने कार्य गर्न आवश्यक हुने गर्दछ । किनकि उमेरअनुसार बालबालिकाको तौलमा बृद्धि हुनु पर्दछ । यस नगरपालिकाको बालबालिकाको नियमित तौलसम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ३

५ वर्ष मुनिका बालबालिकाहरूको नियमित तौल सम्वन्धी विवरण

| वडा नं. | नियमित तौल लिने | | जम्मा |
|---|---|---|---|
| | गरेको | नगरेको | |
| १ | ५६ | ७४३ | ७९९ |
| २ | ४ | ४१८ | ४२२ |
| ३ | ७५ | ५७९ | ६५४ |
| ४ | २० | ६७८ | ६९८ |
| ५ | २५५ | १११३ | १३६८ |
| ६ | ४ | ३२० | ३२४ |
| ७ | ३९ | ३०२ | ३४१ |
| ८ | ६६ | ५३४ | ६०० |
| ९ | ३१ | ५४१ | ५७२ |
| १० | ३ | ६९५ | ६९८ |
| जम्मा | ५५३ | ५९२३ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ६४७६ घरपरिवार मध्ये ५५३ परिवारले बालबालिकाको नियमित रूपमा तौल लिने गरेको पाइएको छ । बाँकी ५९२३ परिवारमा भने यस्तो गरेको पाइँदैन । घरमा ५ वर्षभन्दा साना बालबालिका नभएको घरपरिवारमा तौल लिन आवश्यक नपर्ने हुँदा तौल नलिने परिवारको संख्या ज्यादा देखिएको हो । यस तथ्यांकमा नगरपालिका भित्रका सवै घरपरिवारको तथ्यांक आएकाले तौल लिने गरेको विवरणमा कम प्रतिशत देखिएको हो । तर हाल आएर गर्भवतीको नियमित रूपमा गर्भजाँच गर्ने परिपाटि गाउँघरमा समेत प्रचलनमा रहेको तथा बालबालिकालाई नियमित रूपमा खोप दिने परिपाटी पनि चलेको हुनाले खोप दिंदाका अवशरमा तिनको तौल पनि लिने चलन पाइन्छ । तसर्थ यस नगरपालिकामा बालबालिकाहरूको तौल लिने कुरामा धेरै परिवार सतर्क र सचेत रहेका छन् भन्न सकिन्छ ।

बालअधिकार

परिवारका सदस्यहरूले बालअधिकारका बारेमा सुनका, जानेका या बुझेका भएमा तिनीहरूले बालअधिकारको रक्षा गर्न पनि सक्तछन् । तसर्थ परिवारमा बालअधिकारका बारेमा जानकारी हुनुपर्ने मान्यता रहेको पाइन्छ । सुनसरी जिल्लाको रामधुनी भासि नगरपालिकाका धेरै घर परिवारका सदस्यहरूले बालअधिकारका बारेमा सुनेका, बुझेका तथा जानेका छन् । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४
वाल अधिकार वारे जानकारी भएको घरपरिवारको विवरण

| वडा नं. | वाल अधिकार वारे जानकारी भएको घरपरिवार संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | भएको | नभएको | केही सुनेका | |
| १ | २६१ | ४१९ | ११९ | ७९९ |
| २ | १५४ | २१७ | ५१ | ४२२ |
| ३ | ५०९ | १४१ | ४ | ६५४ |
| ४ | ३५३ | २१२ | १३३ | ६९८ |
| ५ | ६६१ | ७०० | ७ | १३६८ |
| ६ | २८९ | २२ | १३ | ३२४ |
| ७ | ६२ | २७९ | ० | ३४१ |
| ८ | १५७ | ४०८ | ३५ | ६०० |
| ९ | २३७ | १२७ | २०८ | ५७२ |
| १० | ५९ | ६३८ | १ | ६९८ |
| जम्मा | २७४२ | ३१६३ | ५७१ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ६४७६ घरपरिवार मध्ये २७४२ परिवारलाई बालबालिका बारेमा जानकारी भएको पाइएको छ । यसैगरी ३१६३ परिवारलाई यसका बारेमा जानकारी रहेको देखिंदैन भने ५७१ परिवारले यसका बारेमा केही सुनेका छन् । यता बालअधिकारका बारेमा जानकारी भएका परिवारको ज्यादा संख्या वडागत आधारमा वडा नं. ५ मा रहेको पाइन्छ । यस वडाका जम्मा ६६१ घरपरिवारले बालअधिकारका बारेमा जानकारी पाएका छन् । यता बालअधिकारका बारेमा जानकारी भएका सवैभन्दा कम संख्या भने वडा नं. १० मा छ, जसको संख्या ५९ रहेको देखिन्छ । बालअधिकारका बारेमा जानकारी नभएका सवैभन्दा धेरै घरपरिवार संख्या पनि वडा नं. ५ मा नै छ, जुन वडामा यस्तो परिवारको संख्या जम्मा ७०० रहेको पाइन्छ । यसबा बारेमा जानकारी नभएका सवैभन्दा कम २२ जना भने वडा नं. ६ मा छन् ।

निर्णय प्रकृयामा बालबालिकाको सहभागिता

नेपाली समाजमा निर्णय प्रकृयामा बालबालिकालाई सहभागिता गराउने चलन निकै कम रहेको पाइन्छ । सुनसरीको रामधुनी भासि नगरपालिकाका जम्मा २५०४ घरपरिवारले बालबालिकालाई निर्णय प्रकृयामा सहभागी गराउने गरेका छन् भने बाँकी ३९७२ परिवारले सहभागी गराउने गरेको पाइँदैन । यसलाई तलको तालिकामा पनि देखाइएको छ ।

तालिका नं. ५
निर्णयमा बालबालिकाको सहभागिता

| वडा नं. | वालवालिकालाई निर्णयमा सहभागी | | जम्मा |
|---|---|---|---|
| | गराउने | नगराउने | |
| १ | ३५१ | ४४८ | ७९९ |

| | | | |
|---|---|---|---|
| २ | २२८ | १९४ | ४२२ |
| ३ | ५४१ | ११३ | ६५४ |
| ४ | २०९ | ४८९ | ६९८ |
| ५ | ५४७ | ८२१ | १३६८ |
| ६ | २४६ | ७८ | ३२४ |
| ७ | ७७ | २६४ | ३४१ |
| ८ | ३० | ५७० | ६०० |
| ९ | २३० | ३४२ | ५७२ |
| १० | ४५ | ६५३ | ६९८ |
| जम्मा | २५०४ | ३९७२ | ६४७६ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ६४७६ घरपरिवार मध्ये २५०४ परिवारले बालबालिकालाई निर्णय प्रकृयामा सहभागी गराउने गरेका छन् । यिनीहरूमा वडा नं. ५ मा ५४७ परिवारले तिनीहरूलाई निर्णयमा सहभागी गराउने गरेको पाइन्छ । यसैगरी यस्तो प्रकृयामा सहभागी गराउने सवैभन्दा कम संख्या भने वडा नं. १० मा रहेको देखिन्छ, जसमा ४५ घरपरिवारले मात्र बालबालिकालाई निर्णय प्रकृयामा सहभागी गराउने गरेका छन् । निर्णय प्रकृयामा बालबालिकालाई सहभागी नगराउने ३९७२ घरपरिवारमध्ये सहभागी नगराउने सवैभन्दा धेरै वडा नं. ६ मा ८२१ जना छन् । यता वडा नं. ६ का भने ७८ जना घरपरिवारले मात्र आफ्ना बालबालिकालाई निर्णय प्रकृयामा सहभागी नगराएको देखिन्छ । यसलाई तलको लेखाचित्रमा पनि प्रस्तुत गरिएको छ ।

लेखाचित्र नं. १

बालबालिकालाई निर्णय प्रकृयामा सहभागी गराउने विवरण



### संस्था या बालगृहमा संलग्नता

बालबालिकाहरू बालगृहमा संलग्न भएका अवस्थामा तिनीहरूले आफ्ना अधिकारका बारेमा जानकारी पाउने गर्दछन् । यसैगरी तिनीहरूको निर्णय गर्ने क्षमतामा पनि अभिबृद्धि हुने गर्दछ । तसर्थ प्रत्येक गाउँ या नगरपालिका भित्र बालगृह या बालबालिका सम्बन्धी संस्थाहरू स्थापना गर्ने र प्रत्येक बालबालिकालाई त्यसमा संलग्न गराउने चलन छ । सुनसरी जिल्लको रामधुनी भासि नगरपालिकाका बालबालिकाको संस्था या बालगृहमा संलग्नताको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ६

बालगृह वा संस्थामा सम्लग्न बालबालिका भएको घरपरिवारको विवरण

| वडा नं. | वालवालिकाहरू बालगृह वा संस्थामा सम्लग्न भएको घरपरिवार संख्या | | जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | ४ | ७९५ | ७९९ |
| २ | २ | ४२० | ४२२ |
| ३ | ३ | ६५१ | ६५४ |
| ४ | ९ | ६८९ | ६९८ |
| ५ | १४ | १३५४ | १३६८ |
| ६ | १ | ३२३ | ३२४ |
| ७ | ५ | ३३६ | ३४१ |
| ८ | ० | ६०० | ६०० |
| ९ | ८ | ५६४ | ५७२ |
| १० | १ | ६९७ | ६९८ |
| जम्मा | ४७ | ६४२९ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ६४७६ घरपरिवार मध्ये ४७ परिवारका बालबालिका संस्था या बालगृहमा सम्बद्ध छन् । यता ६४२९ परिवारका बालबालिका भने कुनै पनि संस्था या बालगृहमा संलग्न भएको देखिएको छैन । यसको मतलव यस संख्याभित्र घरमा बालबालिका नभएका परिवार पनि पर्दछन् । वडागत रूपमा संस्था या बालगृहमा संलग्नता भएका सवैभन्दा ज्यादा बालबालिका वडा नं. ५ मा छन्, जुन वडामा संलग्न बालबालिकाको संख्या १४ जना रहेको छ । यता यस नगरपालिकाका वडा नं. ८ का भने कुनै पनि बालबालिका कुनै संस्था या बालगृहमा संलग्न भएको देखिएको छैन ।

### सडक बालबालिका

बालबालिकासम्बन्धी एउटा समस्या सडक बालबालिकाको पनि हो । विशेषगरी गरिवी, अशिक्षा, उचित रेखदेखको कमी र अन्य विविध कारणले बालबालिका सडकमा पुग्ने गर्दछन् । यसरी बालबालिका सडकमा पुग्नु पनि बालबालिकासम्बन्धी एउटा समस्या हो । सुनसरीको रामधुनी भासि नगरपालिकामा जम्मा २२ जना सडक बालबालिका पनि रहेका छन् । यसलाई पनि बालबालिकासम्बन्धी एउटा समस्या मानिएको छ । यहाँको सडक बालबालिकाको विवरण तलको तालिकामा पनि दिइएको छ ।

तालिका नं. ७

सडक वालवालिकाहरू भएको घरपरिवारको विवरण

| सि.नं. | सडक वालवालिकाहरू | | जम्मा |
|---|---|---|---|
| | भएका | नभएका | |

| | | | |
|---|---|---|---|
| १ | २२ | ६४५४ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ६४७६ घरपरिवार मध्ये २२ परिवारका बालबालिका सडक बालबालिकाका रूपमा रहेका छन् । तिनीहरूलाई पुर्नस्थापना गरी आआफ्ना घरमा फिराउने तथा उचित शिक्षाको व्यवस्था गर्न आवश्यक छ ।

दुर्व्यसनसम्बन्धी विवरण

बालबालिकालाई समुचित रेखदेख नभएको तथा सडक बालकका रूपमा परिणत भएको अवस्थामा तिनीहरू लागु पदार्थको दुर्व्यसनमा पर्ने गर्दछन् । यसैगरी कतिपय मानिसहरूले तिनलाई नियतले नै यस्तो दुर्व्यसनतिर ठेलेर लागु औषध ओसारपसारको काममा लगाउने गरेका छन् । यसलाई पनि बालबालिका सम्बन्धी समस्याका रूपमा लिने गरिन्छ । सुनसरीको रामधुनी भासि नगरपालिकाको बालबालिकाको लागु पदार्थ दुव्यसनसम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ८

वालवालिकाहरूमा लागु पदार्थ दुव्यसन भएको जनसंख्या विवरण

| लिङ्ग | दुव्यसन | | जम्मा |
|---|---|---|---|
| | धुम्रपान गर्ने | नशालु पदार्थ सेवन गर्ने | |
| बालक | ५७ | ६५ | १२२ |
| बालिका | ३७ | ३८ | ७५ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा १२२ बालक र ७५ जना बालिका दुर्व्यसनमा परेका पाइएका छन् । यसमा ५७ बालक र २२ बालिका धुम्रपान गर्ने छन् भने ६५ बालक र ३८ बालिका नसालु पदार्थ सेवन गर्ने दुर्व्यसनमा परेका देखिन्छन् । तिनीहरूलाई उद्धार गरी यस्तो दुर्व्यसनबाट छुटाउन आवश्यक अति आवश्यक छ । यसैगरी अन्य बालबालिका यस्तो दुर्व्यसनमा नपरून् भनी विशेष प्रकारका कार्यक्रम सन्चालन गर्न पनि त्यत्तिकै आवश्यक छ ।

बालरोग र खोपसम्बन्धी जानकारी

बालबालिकाका स्वास्थ्यका लागि तिनका अभिभावकलाई बालरोग र खोपसम्बन्धी जानकारी हुन आवश्यक रहन्छ । यससम्बन्धी जानकारी नभएको खण्डमा समयमा बालकलाई खोप नदिने तथा बालबालिका विभिन्न प्रकारका संक्रामक रोगको शिकार हुने अवस्था रहन्छ । यहाँ तलको तालिकामा रामधुनी नगरपालिकाको बालरोग र खोपका बारेमा जानकारी भएनभएको तथ्यांक दिइएको छ ।

तालिका नं. ९

बाल रोग तथा खोप सम्वन्धी जानकारी

| वडा नं. | वाल रोग तथा खोप सम्वन्धी जानकारी भएको घरपरिवार संख्या | | जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | ६०८ | १९१ | ७९९ |
| २ | ३२६ | ९६ | ४२२ |
| ३ | ५४७ | १०७ | ६५४ |
| ४ | ४७८ | २२० | ६९८ |
| ५ | ८२६ | ५४२ | १३६८ |
| ६ | ३१२ | १२ | ३२४ |

| | | | |
|---|---|---|---|
| ७ | १२९ | २१२ | ३४१ |
| ८ | ३०१ | २९९ | ६०० |
| ९ | ४२३ | १४९ | ५७२ |
| १० | ४३ | ६५५ | ६९८ |
| जम्मा | ३९९३ | २४८३ | ६४७६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ३९९३ घरपरिवारलाई बालरोग र खोपका बारेमा जानकारी रहेको पाइएको छ । यसैगरी यसका बारेमा जानकारी नभएका घरपरिवारको संख्या भने २४८३ रहेको छ । यहाँ कतिपय परिवार बालबालिका भएका तथा अन्य कतिपय भने बालबालिका नभएका पनि छन् । तर पनि बालरोग र खोपका बारेमा भने परिवारका सदस्यहरूलाई जानकारी हुन आवश्यक हुने गर्दछ । रामधुनी नगरपालिकाको वडा नं. ५ मा बालरोग र खोपसम्बन्धी जानकारी भएका सवैभन्दा धेरै घरपरिवार रहेका छन् । यस वडामा यस्तो जानकारी भएका जम्मा ८२६ परिवार छन् । यसको जानकारी नभएका परिवार भने सवैभन्दा धेरै वडा नं १० मा ६५५ जना छन् ।

स्तनपानसम्बन्धी विवरण

नवजात शिशुका लागि स्तनपान निकै महत्वपूर्ण मानिन्छ । नवजात शिशुलाई बिगौते दूध खुवाएमा बालकमा रोगप्रतिरोधात्मक शक्ति बढ्दछ । यसका साथमा आमाको दूध प्रचुरमात्रामा खाएको बालक निरोगी पनि हुने गर्दछ । तसर्थ नवजातशिशुलाई स्तनपान गराउन अनिवार्य ठानिन्छ । सुनसरीको रामधुनी भासि नगरपालिकाको स्तनपानसम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १०
२ वर्ष मुनीका शिशुलाई स्तनपान गराउने घरपरिवार

| वडा नं. | वालवालिकाहरूलाई स्तनपात सम्वन्धी संख्या | | | |
|---|---|---|---|---|
| | जन्मेको संख्या | जन्मना साथ बिगौती दुध खुवाउने | ६ महिनासम्म आमाको दुध मात्र खुवाउने | २ महिना सम्म मात्र आमाको दुध खुवाउने |
| १ | ११७ | १११ | १०१ | १०६ |
| २ | ३३ | ३२ | ३० | ३० |
| ३ | ७२ | ७० | ५१ | ६७ |
| ४ | १६८ | १४३ | ११२ | १२३ |
| ५ | १६० | १४८ | ९४ | ११ |
| ६ | ६० | ५७ | ५४ | ५६ |
| ७ | ३८ | ३८ | ३६ | ३६ |
| ८ | १०२ | ९३ | ८५ | ८७ |
| ९ | ५० | ४९ | ४६ | ४६ |
| १० | ४० | ३७ | १३ | २४ |
| जम्मा | ८४० | ७७८ | ६२२ | ५८६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका गत वर्ष जम्मा ८४० जना बालबालिका जन्मिएका देखिन्छन् । तिनमा जन्मनासाथ बिगौती दूध खुवाउनेको संख्या ७७८ रहेको छ । यता ६२२ जना आमाहरूले भने ६ महिनासम्ममात्र आफ्ना शिशुलाई स्तनपान गरएका छन् । यसैगरी २ महिनासम्म मात्र आमाको दूध चुसाउने आमाहरूको संख्या भने ५८६ रहेका देखिन्छन् ।

तसर्थ यहाँका कतिपय आमाहरूलाई स्तनपानको महत्वका बारेमा अझ पनि सचेतना फैलाउन आवश्यक देखिन्छ ।

अपांगताका लागि विद्यालयको सुविधा

रामधुनी भासि नगरपालिकाको अपांग विद्यार्थीका लागि विद्यालयमा विशेष प्रकारको सुविधा हुन आवश्यक छ । अपांगमैत्री शौचालय, कक्षाकोठा तथा शिक्षण सामग्री हुन आवश्यक मानिन्छ । तर रामधुनी भासि नगरपालिकाका कतिपय विद्यालयहरूमा त्यस्ता विद्यार्थीहरूका लागि बेग्लै सुविधा रहेको देखिदैन । यस सम्बन्धी थप विवरण तलको तालिकामा पनि दिइएको छ ।

तालिका नं. ११

अपाङ्ग विधार्थी लागी विद्यालयमा विषेश सुविधा सम्वन्धी विवरण

| वडा नं. | अपाङ्ग विद्यार्थीका लागि विषेश सुविधा | | | जम्मा |
|---|---|---|---|---|
| | छ | छैन | थाहा छैन | |
| १ | २८ | ६२५ | १४६ | ७९९ |
| २ | १५ | ३१४ | ९३ | ४२२ |
| ३ | ५७ | ५०० | ९७ | ६५४ |
| ४ | ९२ | १९९ | ४०७ | ६९८ |
| ५ | १२२ | १२०९ | ३७ | १३६८ |
| ६ | ७ | २१२ | १०५ | ३२४ |
| ७ | ५२ | २२६ | ६३ | ३४१ |
| ८ | ७ | १७३ | ४२० | ६०० |
| ९ | २९ | ३३७ | २०६ | ५७२ |
| १० | ० | ६८९ | ९ | ६९८ |
| जम्मा | ४०९ | ४४८४ | १५८३ | ६४७६ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका अपांग विद्यार्थीहरूका लागि विद्यालयमा विशेष सुविधा हुनुपर्ने मान्यतामा ६४७६ घरपरिवारमध्ये ४०९ परिवारलाई यस्तो सुविधाका बारेमा थाहा रहेको पाइएको छ । यता ४४८४ घरपरिवारका लागि भने यस्तो सुविधा रहेको पाइँदैन । यसैगरी १५८३ परिवारका लागि भने यसका बारेमा थाहा नै नभएको पाइएको छ ।

बालहिंसा

कतिपय गाउँ र नगरपालिकामा पनि बालबालिकाप्रति हिंसा हुने गरेको पाइएको छ । यसैगरी रामधुनी भासि नगरपालिका भित्र पनि केही बालबालिकामाथि हिंसा भएको पाइएको छ । गत एक वर्ष भित्रमा यस नगरपालिकाभित्रका २७ जना बालबालिकामाथि हिंसा भएको पाइएको छ । यसको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १२

बालबालिका उपर हिंशा सम्वन्धी विवरण

| सि. नं. | हिंशा | | जम्मा |
|---|---|---|---|
| | घरायसी | बाल विवाह | |
| १ | ६ | २१ | २७ |
| जम्मा | ६ | २१ | २७ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका २७ जना बालबालिकामाथि गत वर्ष हिंसा भएको पाइएको छ। यिनीहरूको हिंसाको प्रकारमा भने ६ जनालाई घरायसी हिंसा र २१ ज्नाको बालबिवाह भएको देखिन्छ । बालबालिकालाई घरमा हुने कतिपय हिंसाका घटना बाहिर नआउने हुनाले समाजमा यदाकदा लुकीछिपि पनि यस्ता हिंसा गर्ने गरिएको पाइन्छ । सचेतनाको अभिबृद्धि गरेर यस्ता हिंसाका घटनालाई कम गर्न सकिन्छ।

बालमृत्यू

बालबालिकाको उचित रेखदेखको कमीमा तथा यथा समयमा खोप नदिनाले बालमृत्यू दर बढ्ने गर्दछ । यसैगरी बालबालिकालाई अनेक प्रकारका संक्रमणबाट जोगाउन नसकिएको खण्डमा पनि बालमृत्यू हुने गर्दछ । आमाले स्तनपान नियमित रूपमा गराउनाले पनि बालबालिकाको रोगप्रतिरोधात्मक शक्तिमा बृद्धि भई संक्रमणबाट जोगिन सक्तछन् । यसैबाट पनि बालमृत्यू दरमा कमी आउने गर्दछ । सुनसरी जिल्लाको रामधुनी भासि नगरपालिकाको अघिल्लो सालको बालमृत्यू सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. १३

१ वर्षभित्र ५ वर्ष मुनीमा बालबालिकाको मृत्यु भएका घरपरिवारको विवरण

| सि. नं. | मृत्यु | | जम्मा |
|---|---|---|---|
| | भएका | नभएका | |
| १ | २१ | ६४५५ | ६४७६ |
| जम्मा | २१ | ६४५५ | ६४७६ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०७३।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका २१ घर परिवारमा अघिल्लो साल बालमृत्यू भएको पाइएको छ । अन्य परिवारमा भने बालमृत्यू भएको पाइएको छैन । यस नगरपालिकामा आमाहरूलाई बाल रोगका बारेमा सचेत गराएर बालमृत्यूदर रोक्न सकिन्छ।

बालबालिकाको विवरण

सुनसरीको रामधुनी भासि नगरपालिकामा २ वर्ष भित्रका जम्मा १५२१ बालबालिका रहेका देखिन्छन् । यिनमा बालकको संख्या ८८४ र बालिकाको संख्या भने ६३७ रहेको छ । यिनीहरूलाई विशेष प्रकारको रेखदेखको आवश्यकता पर्दछ । यिनीहरूलाई उचित समयमा खोप दिने, आमाको स्तनपान गराउने र नियमित रूपमा तौल लिने गरेमा यिनमा हुने संक्रमणलाई कम गर्न तथा बालमृत्यूदर घटाउन सकिन्छ । यस नगरपालिकाको २ वर्षसम्मका बालबालिकाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. १४

२ वर्ष सम्मको बालबालिकाहरूको विवरण

| वडा नं. | वर्ष २ सम्मका वालवालिकाहरूको संख्या | | जम्मा |
|---|---|---|---|
| | बलक | बलिका | |
| १ | ११० | ६६ | १७६ |
| २ | ५८ | ४३ | १०१ |
| ३ | ७८ | ८४ | १६२ |
| ४ | १२३ | ८९ | २१२ |
| ५ | २१२ | १४४ | ३५६ |
| ६ | ४८ | ३७ | ८५ |
| ७ | ५६ | २० | ७६ |
| ८ | ७५ | ६० | १३५ |
| ९ | ६५ | ५९ | १२४ |
| १० | ५९ | ३५ | ९४ |

| | | | |
|---|---|---|---|
| जम्मा | ८८४ | ६३७ | १५२१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाहा २ बर्ष मुनिका जम्मा १५२१ बलबालिका छन् । यसमा बालक ८८४ र बालिका भने ६३७ जना रहेका देखिन्छन् । वडागत दृष्टिले २ वर्ष मुनिका सवैभन्दा ज्यादा बालक वडा नं. ५ मा २१२ जना छन् भने बालिका पनि त्यसै वडामा १४४ जना रहेका छन् । यसैगरी सवैभन्दा कम बालक वडा नं. २ मा ५८ जना रहेका देखिन्छन् । यता सवैभन्दा कम बालिका भने वडा नं. ७ मा २० जना छन् ।

खोपसम्बन्धी विवरण

नवजात शिशुलाई क्षयरोगबाट सुरक्षित गर्नका लागि बिसिजी सुई दिन आवश्यक हुने गर्दछ । तर आजसम्म पनि यस न.पा.मा कतिपय वालवालिकालाई यस्तो सुई दिने चलन रहेको पाइँदैन । तलको तालिकामा यस न.पा.का वालवालिकालाई वीसीजी सुई दिएको नदिएको विवरण दिइएको छ ।

तालिका नं. १५

वडा नं. अनुसार वी.सी.जी. खोप लगाएको बच्चाहरूको विवरण

| वडा नं. | वी.सि.जि. | | जम्मा |
|---|---|---|---|
| | लगाएको | नलगाएको | |
| १ | १४४ | ३२ | १७६ |
| २ | ६० | ४१ | १०१ |
| ३ | १०६ | ५६ | १६२ |
| ४ | १८३ | २९ | २१२ |
| ५ | १८१ | १७५ | ३५६ |
| ६ | ६० | २५ | ८५ |
| ७ | ७४ | २ | ७६ |
| ८ | १२९ | ६ | १३५ |
| ९ | १२४ | ० | १२४ |
| १० | ७८ | १६ | ९४ |
| जम्मा | ११३९ | ३८२ | १५२१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा दिइए अनुसार यहाँका कूल बालबालिका मध्ये ३८२ जनाले वी.सी.जी. खोप नलिएको देखिन्छ । यसमा वडा नं. ५ मा सवैभन्दा धेरै या १७५ बालबालिकाले यस्तो खोप लिएका देखिँदैनन् । यता जम्मा ११३९ बालबालिकाले भने यो खोप लिएको देखिएको छ । बालस्वास्थ्यका लागि नगरपालिका भित्रका सवै बालबालिकालाई यो खोप लगाउन आवश्यक छ ।

यसैगरी बालबालिका एकवर्ष उमेरसम्ममा तीन पटक डी.पी.टी.खोप दिनु पर्दछ । यस नगरपालिकामा यस्तो खोपको मात्रा पूरा गर्ने बालबालिका १०८८ जना रहेका छन् । यता ४०२ जना बालबालिकालाई भने यो खोप लिनबाट बन्चित भएको देखिन्छ । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिएको छ ।

तालिका नं. १६

अनुसार डी.पी.टी. खोप लगाएको बच्चाहरूको विवरण

| वडा नं. | डी.पी.टी. खोप | | | जम्मा |
|---|---|---|---|---|
| | पुरा मात्रा लगाएको | पहिलो मात्रा | नलगाएको | |

| | | | | |
|---|---|---|---|---|
| १ | १४० | ३ | ३३ | १७६ |
| २ | ५३ | ३ | ४५ | १०१ |
| ३ | ९९ | ४ | ५९ | १६२ |
| ४ | १७९ | २ | ३१ | २१२ |
| ५ | १६१ | १२ | १८३ | ३५६ |
| ६ | ६० | ० | २५ | ८५ |
| ७ | ७२ | २ | २ | ७६ |
| ८ | १२४ | ४ | ७ | १३५ |
| ९ | १२४ | ० | ० | १२४ |
| १० | ७६ | १ | १७ | ९४ |
| जम्मा | १०८८ | ३१ | ४०२ | १५२१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका कुल बालबालिका मध्ये ३१ जनाले पहिलोमात्र खोप लगाएको देखिन्छ । यसैगरी डिपिटी खोप नलगाउनेको संख्या भने ४०२ रहेको देखिन्छ । डिपिटी सूई नलगाउने सवैभन्दा धेरै वडा नं. ५ मा १८३ जना छन् । यता वडा नं. ९ मा भने यो खोप नलगाउने बालबालिका रहेका छैनन् ।

पोलियोको महामारीबाट जोगाउन नवजात शिशुलाई पोलियो खोप नेपाल सरकारले तोकेको समयमा दिनु पर्दछ । तथापि यहाँको तथ्यांक हेर्दा कुल बालबालिका मध्ये १४१६ जनाले मात्र यस्तो खोपको पूरा मात्र लिएको पाइन्छ भने अन्य थुप्रै बालबालिका यस्ता खोपको मात्र पूरा नगरेको देखिन्छ । यसको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १७

वडा नं. अनुसार पोलियो खोप लगाएको बच्चाहरूको विवरण

| वडा नं. | पोलियो | | जम्मा |
|---|---|---|---|
| | लगाएको | नलगाएको | |
| १ | १५४ | २२ | १७६ |
| २ | ८८ | १३ | १०१ |
| ३ | १४३ | १९ | १६२ |
| ४ | २०४ | ८ | २१२ |
| ५ | ३२० | ३६ | ३५६ |
| ६ | ८४ | १ | ८५ |
| ७ | ७६ | ० | ७६ |
| ८ | १३४ | १ | १३५ |
| ९ | १२४ | ० | १२४ |
| १० | ८९ | ५ | ९४ |
| जम्मा | १४१६ | १०५ | १५२१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार पोलियो खोप नलगाएका बालबालिकाको संख्या १०५ जना छन् । यसबाट यस नगरपालिकामा खोप कार्यक्रमलाई विशेष महत्व दिन आवश्यक देखिन्छ । यता वडा नं. ७ र ९ मा भने पोलियो खोप नलगाएका बालबालिका पाइएका छैनन् । सवैभन्दा धेरै पोलियो खोप नलगाएका बालबालिका वडा नं. ५ मा ३६ जना छन् । यसैगरी सवैभन्दा धेरै संख्यामा पोलियो खोप लगाउने बालबालिका पनि वडा नं. ५ मानै छन्, जसको संख्या ३२० जना रहेको देखिन्छ ।

वालवालिकालाई दादुरा जस्तो संक्रमणबाट जोगाउनका दादुराको खोप दिने गरिन्छ । नौ महिना उमेर पूरा भएपछि दिइने यस्तो खोप नलगाएका बालबालिका यस न.पा.मा ५१७ जना रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिएको छ ।

तालिका नं. १८
वडा नं. अनुसार दादुरा खोप लगाएको बच्चाहरूको विवरण

| वडा नं. | दादुराको खोप | | जम्मा |
|---|---|---|---|
| | लगाएको | नलगाएको | |
| १ | १२६ | ५० | १७६ |
| २ | ४५ | ५६ | १०१ |
| ३ | ९२ | ७० | १६२ |
| ४ | १७२ | ४० | २१२ |
| ५ | १४० | २१६ | ३५६ |
| ६ | ५८ | २७ | ८५ |
| ७ | ७२ | ४ | ७६ |
| ८ | १२१ | १४ | १३५ |
| ९ | १२४ | ० | १२४ |
| १० | ५४ | ४० | ९४ |
| जम्मा | १००४ | ५१७ | १५२१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका कूल बालबालिका मध्ये धेरैले यो खोप नलिएको पाइन्छ । यसमा सबैभन्दा धेरै बालबालिका वडा नं. ५ मा छन् । यस वडाका २१६ जना बालबालिकालाई यो खोप दिइएको देखिंदैन । पूर्ण रूपमा दादुराको खोप लगाएका बालबालिका भने वडा नं. ९ मा छन्, जहाँ यो खोप नलगाउने बालबालिका एकजना पनि पाइएका छैनन् । दादुराबाट जोगिनका लागि सवै बालबालिकाका लागि यो खोप लगाउन अति आवश्यक छ ।

विभिन्न प्रकारका संकमणमा जापानी इन्सेफलाइटिस पनि आज आएर एक डरलाग्दो संक्रमणका रूपमा रहेको छ । तसर्थ बालबालिकाका लागि यसको प्रकोप रोक्नका लागि पनि खोप दिने चलन छ । रामधुनी भासि नगरपालिकाका जापानी इन्सेफलाइटिसको खोप दिएका बालबालिकाको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १९
जापानी इन्सेफलाइटिस खोप लगाएको बच्चाहरूको विवरण

| वडा नं. | जापनी इन्सफलाइटिस खोप | | जम्मा |
|---|---|---|---|
| | लगाएको | नलगाएको | |
| १ | ९२ | ८४ | १७६ |
| २ | ३४ | ६७ | १०१ |
| ३ | ५० | ११२ | १६२ |
| ४ | १३९ | ७३ | २१२ |
| ५ | ५९ | २९७ | ३५६ |
| ६ | ४५ | ४० | ८५ |
| ७ | ७१ | ५ | ७६ |
| ८ | ११८ | १७ | १३५ |
| ९ | १२४ | ० | १२४ |
| १० | ३९ | ५५ | ९४ |
| जम्मा | ७७१ | ७५० | १५२१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार जापानी इन्सेफलाइटिसको खोप नदिने बालबालिका यस नगरपालिकाभित्र जन्मा ७५० जना रहेका छन् । यता ७७१ जना बालबालिकालाई भने यसको खोप दिइएको देखिन्छ । यस नगरपालिकाको वडा नं. ९ मा भने सवै बालबालिकाले यसको खोप लिएको देखिन्छ । यस वडाका जम्मा १२४ बालबालिकाले यो खोप लिएका छन् ।

बालबालिकालाई जुकाको औषधि पनि नियमिति रूपमा दिइनु पर्दछ । यस नगरपालिकामा यस्तो औषधी नपाएका बालबालिका पनि धेरै संख्यामा रहेको पाइन्छ । जुकाको औषधीनै दिएका बालबालिका १३५७ जना रहेका छन् १६४ जनाले जुकाको औषधि खाएका छैनन् । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. २०

जुकाको औषधी खाएको बच्चाहरूको विवरण

| वडा नं. | जुकाको औषधी | | जम्मा |
|---|---|---|---|
| | खुवाएको | नखुवाएको | |
| १ | १५० | २६ | १७६ |
| २ | ८९ | १२ | १०१ |
| ३ | १४४ | १८ | १६२ |
| ४ | १९९ | १३ | २१२ |
| ५ | २९६ | ६० | ३५६ |
| ६ | ८२ | ३ | ८५ |
| ७ | ७६ | ० | ७६ |
| ८ | १३२ | ३ | १३५ |
| ९ | १२४ | ० | १२४ |
| १० | ६५ | २९ | ९४ |
| जम्मा | १३५७ | १६४ | १५२१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

मााथिको तालिका अनुसार वडा नं. ७ र ९ का सवैजना बालबालिकाले जुकाको औषधि खाएका छन् । यता  सवैभन्दा ज्यदा जुकाको औषधि नखाने बालकालिका भने वडा नं. ५ मा ६० जना रहेका देखिन्छन् । सबैभन्दा कम जुकाको औषधि खानेको संख्या भने वडा नं. १० मा ६५ जना रहेको छ । यहाँ छुटेका सवै बालबालिकालाई जुकाको औषधि खुवाउन आवश्यक देखिन्छ ।

भिटामिन “ए” ले बालवालिकालाई धेरै रोगहरूसँग लड्नसक्ने शक्ति प्रदान गर्दछ । यो खोप सरकारले तोकेको समयमा नियमति रूपमा खुवाउन आवश्यक छ । तर पनि यहाँका धेरै बालबालिका यस्तो खोप लिनबाट वन्चित रहेको देखिन्छ । कूल बालबालिका मध्ये १४३० जनाले भिटामिन “ए” खाएका छन् । यस नगरपालिकामा भिटामिन ए नखाने बालबालिकाको संख्या भने ९१ रहेको छ । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिएको छ ।

तालिका नं. २१

भिटामिन ए  खाएको बच्चाहरूको विवरण

| वडा नं. | भिटामिन ए | | जम्मा |
|---|---|---|---|
| | दिएको | नदिएको | |
| १ | १५६ | २० | १७६ |
| २ | ८९ | १२ | १०१ |

| | | | |
|---|---|---|---|
| ३ | १५२ | १० | १६२ |
| ४ | २०४ | ८ | २१२ |
| ५ | ३२४ | ३२ | ३५६ |
| ६ | ८४ | १ | ८५ |
| ७ | ७६ | ० | ७६ |
| ८ | १३४ | १ | १३५ |
| ९ | १२४ | ० | १२४ |
| १० | ८७ | ७ | ९४ |
| जम्मा | १४३० | ९१ | १५२१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँका कूल बालबालिका मध्ये भिटामिन ए खाने १४३० जना छन् भने ९१ जनाले भने भीटामिन ए खाएका छैनन् । वडा नं. ७ र ८ का बालबालिकाले भने सवैले भिटामिन ए खाएको देखिन्छ ।

गर्भवती महिलाको स्वास्थ्य अवस्था सुधारको लागि टीटी खोप लगाउन आवश्यक हुने गर्दछ । यो खोप पूरा मात्रमा नलाउँदा महिला र बच्चाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने हुदाँ सबै गर्भवती महिलाले लगाउनु पर्दछ । यस नगरपालिकाको तथ्यांक हेर्दा ३८९ जना महिलाले पूरा मात्रमा खोप नलगाएको देखिन्छ । यसको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. २२

३ वर्ष भित्र गर्भवती महिला तथा टी टी खोप लगाएको विवरण

| वडा नं. | टी टी खोप | | जम्मा गर्भवति महिला |
|---|---|---|---|
| | लगाएको | नलगाएको | |
| १ | ६१ | ७३ | १३४ |
| २ | ३७ | ० | ३७ |
| ३ | २७ | ४५ | ७२ |
| ४ | २५ | ७९ | १०४ |
| ५ | ८७ | १३० | २१७ |
| ६ | २ | ६६ | ६८ |
| ७ | ३७ | ० | ३७ |
| ८ | ६९ | ७ | ७६ |
| ९ | २४ | ४२ | ६६ |
| १० | २० | २० | ४० |
| जम्मा | ३८९ | ४६२ | ८५१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६७

माथिको तालिकामा दिइए अनुसार यस नगरपालिकाका ३८९ जना महिलाले टीटी खोप दिएको देखिन्छ । वडागत रूपमा हेर्दा वडा नं. ५ मा सवैभन्दा ज्यदा ८७ जना महिलाले पूरा मात्राको खोप लगाएको देखिएको छ । यता टिटी खोप नलगाउने महिहलाको संख्या भने गत ३ वर्षमा जम्मा ४६२ जना रहेको देखिन्छ । वडागत रूपमा यस नगरपालिकाका वडा नं. ५ का १३० जना महिलाले गर्भवती अवस्थामा टिटि खोप दिन छुटाएको पाइएको छ । यहाँका वडा नं. २ र ७ का महिला भने टिटि खोप दिन छुटेका देखिंदैनन् ।

# खण्ड चार

# विविध परिवारिक विवरण

## सरसफाई सम्बन्धी

सरसफाईले मानिसको स्वाथ्यमा प्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । विशेषगरी हात धुने, शौचालयमा दिशापिसाव गर्ने तथा फोहमैला विसर्जन गर्ने विषय यसभित्र पर्दछन् । यस्तो स्वस्थ्यसम्बन्धी आनिवानी बसाउन पनि सचेतनाको आवश्यकता पर्दछ । तलको तालिकामा चर्पिको प्रयोग र सरसफाईको विवरण दिइएको छ ।

तालिका नं. १

घरपरिवारको सरसफाईसम्बन्धी विवरण

| वडा नं. | चर्पिको प्रयोग आएको घरपरिवार | | | |
|---|---|---|---|---|
| | चर्पिमा दिसा पिसाव गर्ने | सरसफाइ गर्ने | साबुन पानिको व्यवस्था | मर्मत संभार गरेको |
| १ | ७४६ | ७३५ | ७१८ | ६७१ |
| २ | ३४८ | ३४४ | ३४७ | ३४४ |
| ३ | ६३० | ६१८ | ५९६ | ६०४ |
| ४ | ६०४ | ५४० | ४७१ | ४३० |
| ५ | १२०६ | ११५९ | ११५२ | ९९८ |
| ६ | ३२० | ३०८ | २७८ | १५३ |
| ७ | २४४ | २४३ | २४२ | २४१ |
| ८ | ५३८ | ५४२ | ५४० | ५४२ |
| ९ | ५०३ | ४९१ | ५०१ | ४९७ |
| १० | ६३८ | ६३४ | ६३८ | ६३३ |
| जम्मा | ५७७७ | ५६१४ | ५४८३ | ५११३ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ५७७७ घरपरिवारले चर्पीमा दिशा गर्ने गरेको देखिन्छ । यता सफाई गर्ने घरपरिवार भने ५६१४ रहेको छ । यसैगरी ५४८३ घरपरिवारले दिशा गरेपछि साबुनपानीले हात धुने गरेका छन् । शौचालयका नियमित मरम्मत सम्भार गर्ने परिवारको संख्या भने ५११३ रहेको छ । यसरी यस नगरपालिकाका जनतामा स्वस्थ्यसम्बन्धी सचेतना निकै राम्रो रहेको देखिन्छ ।

सफा र सुरक्षित खानेपानीको प्रयोगले पेटजन्य धेरै प्रकारका रोगहरूबाट बँच्न सकिन्छ । खानेपानी सफा भएरमात्र हुँदैन, यसलाई संग्रह गर्ने टंकी या भाँडाबर्तन पनि सफा हुन आवश्यक छ । खानेपानीलाई राम्रोसँग छोपेर राख्नसमेत त्यत्तिकै आवश्यक देखिन्छ । तलको तालिकामा पानीको शुद्धिकरणसम्बन्धी विरण दिइएको छ ।

तालिका नं. २

पानीको शुद्धिकरणसम्बन्धी विवरण

| वडा नं. | सुरक्षित पानि प्रयोग गरेको घरपरिवार | | |
|---|---|---|---|
| | पानिको भाडा सफा वा छोपेर राख्ने | मुहान तथा वितरण गरेको पानि पिउने | पानि शुद्धिकरण |

| | | | |
|---|---|---|---|
| १ | ६६१ | ७१८ | ७२५ |
| २ | ३४९ | ३५१ | ३५० |
| ३ | ५२३ | ६१८ | ६२० |
| ४ | ६१७ | ५९६ | ५६८ |
| ५ | १०३४ | ११९३ | ११८४ |
| ६ | ३१४ | २९१ | २०२ |
| ७ | २३४ | २४३ | २४३ |
| ८ | ५५१ | ५५३ | ५५१ |
| ९ | ५५० | ५६२ | ५५१ |
| १० | ६५५ | ६५३ | ६५२ |
| जम्मा | ५४८८ | ५७७८ | ५६४६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ५४८८ घरपरिवारले पानीको भाँडा सफा राख्ने तथा खानेपानी छोपरे राख्ने गरेको देखिन्छ । यता मुहानको या वितरण गरेको पानी खाने घरपरिवार भने ५७७८ रहेको छ । यसैगरी ५६४६ घरपरिवारले पानी शुद्धिकरण गरेर खाने गरेको पाइन्छ ।

सरसफाईका लागि साबुनपानीले हात धुन आवश्यक हुने गर्दछ । दिशा गरेपछि, खाना खानुभन्दा अघि र पछि तथा अन्य काम गरेपछि साबुनपानीले हात धोएको खण्डमा धेरै प्रकारका किटाणुजन्य रोगव्याधीबाट सुरक्षित हुन सकिन्छ । तसर्थ रामधुनी भासि नगरपालिकाको साबुनपानीले हात धुने बानीको पनि तथ्यांक संकलन गरिएको छ । यस नगरपालिकामा यस्तो बानीको अवस्था तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ३

साबुनपानीले हात धुने बानीसम्बन्धी विवरण

| वडा नं. | साबुन पानिले हात धुने गरेको घरपरिवार | | |
|---|---|---|---|
| | चर्पीको प्रयोग पछि | खाना खानु वा खुवाउनु अघि | स्याहारसुसार अघि र पछि |
| १ | ६६१ | ७१८ | ७२५ |
| २ | ३४९ | ३५१ | ३५० |
| ३ | ५२३ | ६१८ | ६२० |
| ४ | ६१७ | ५९६ | ५६८ |
| ५ | १०३४ | ११९३ | ११८४ |
| ६ | ३१४ | २९१ | २०२ |
| ७ | २३४ | २४३ | २४३ |
| ८ | ५५१ | ५५३ | ५५१ |
| ९ | ५५० | ५६२ | ५५१ |
| १० | ६५५ | ६५३ | ६५२ |
| जम्मा | ५४८८ | ५७७८ | ५६४६ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ५४८८ घरपरिवारले चर्पीको प्रयो गछि साबुनपानीले हात धुने गरेको देखिन्छ । यसैगरी खाना खानु या खुवाउनुअघि साबुनपानीले

हात धुने परिवारको संख्या भने ५७७८ रहेको छ । यता स्याहारसुसार अघि र पछि यसरी हात धुने घरपरिवारको संख्या ५६४६ रहेको देखिन्छ ।

सरसफाईको दृष्टिले स्वस्थ्य, सुरक्षित र सफा तथा ताजा खानेकुरामा पनि ध्यान दिन आवश्यक हुने गर्दछ । फोहर तथा सडेगलेको खानाले मानिसलाई रोग निम्त्याउने गर्दछ । तसर्थ रामधुनी भासि नगरपालिकाको सुरक्षित तथा स्वस्थ्य खानेकुराको आदतका बारेमा पनि तथ्यांक संकलन गरिएको छ । यस नगरपालिकामा सुरक्षित खाना खाने बानीलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ४
सुरक्षित खाना खाने बानीको विवरण

| वडा नं. | सुरक्षित खाना राख्ने घरपरिवारको संख्या | | | |
|---|---|---|---|---|
| | भान्सा सफा राख्ने | खानेकुरा छुट्टाट्टै राख्ने | राम्ररी पकाउने र छोप्ने | बासी खाना प्रयोग गर्ने गरेको |
| १ | ७३६ | ७२४ | ७४२ | २९३ |
| २ | ३४७ | ३४८ | ३४७ | १०० |
| ३ | ६२७ | ६२८ | ६२१ | ६५ |
| ४ | ६३९ | ६३८ | ६२५ | १५२ |
| ५ | ११९५ | १२०७ | ११९८ | ९९ |
| ६ | ३०८ | ३०१ | २३३ | ३४ |
| ७ | २४४ | २४५ | २३३ | ३६ |
| ८ | ५५२ | ५५२ | ५५० | ८ |
| ९ | ५६५ | ५६० | ५५६ | २६८ |
| १० | ६५४ | ५९० | ६५० | ४७ |
| जम्मा | ५८६७ | ५७९३ | ५७५५ | ११०२ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका जम्मा ५८६७ घरपरिवारले भान्साकोठा सफा राख्ने गरेको देखिन्छ । यसैगरी खानेकुरा छुट्टाछुट्टै राख्ने परिवारको संख्या ५७९३ रहेको देखिन्छ ।  यसैगरी खाना राम्ररी पकाउने र छोपेर राख्ने परिवारको संख्या भने ५७५५ रहेको छ । यता ११०२ घरपरिवारले भने बासीखाना पनि प्रयोग गर्ने गरेको देखिन्छ ।

फोहरमैला विर्सजन

फोहर मैलाले मानवको स्वास्थ्यमा प्रतिकुल अशर पार्ने गर्दछ । तसर्थ यसको उचित व्यवस्थापन गर्न आवश्यक छ । यस नगरपालिकामा हालसम्म पनि फोहरमैला व्यवस्थापन उचित मात्रामा गर्न सकिएको छैन । तलको तालिकामा यहाँको फोहरमैला व्यवस्थापनको विवरण दिइएको छ ।

तालिका नं. ५
फोहोरमैला विसर्जनसम्बन्धी विवरण

| वडा नं. | घर आगनको फोहर उचित व्यवस्थापन गर्ने घरपरिवार संख्या | | | |
|---|---|---|---|---|
| | सधै सफा राख्ने | फोहर सडने र नसडने विभाजन | पशुपंक्षीको मलमुत्रको व्यवस्थापन | बच्चाको दिसा सुरक्षित विसर्जन |
| १ | ७१६ | ३४८ | ५१७ | ५७६ |

| | | | | |
|---|---|---|---|---|
| २ | ३३८ | २४४ | २५८ | २९२ |
| ३ | ६०८ | ३६० | ५०७ | ५५० |
| ४ | ६३० | ३२४ | ४४० | ४२६ |
| ५ | ११६४ | ५५८ | ८५२ | ८८७ |
| ६ | २९२ | १८० | ७८ | १५२ |
| ७ | २१३ | ३१ | १०४ | १८४ |
| ८ | ५१० | १०१ | ५२८ | ५४४ |
| ९ | ५४१ | २६६ | ४३० | ४०५ |
| १० | ६३७ | ९० | २४३ | ३२५ |
| जम्मा | ५६४९ | २५०२ | ३९५७ | ४३४१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार ५६४९ घरपरिवारले घरआगन सँधै सफा राख्ने गरेका छन् । यता फोहर सड्ने र नसड्ने विभाजन गर्ने परिवार संख्या भने २५०२ रहेको देखिन्छ । यसैगरी पशुपंक्षिको मलमूत्रको उचित व्यवस्थापन गर्ने परिवार संख्या ३९५७ रहेको छ । बच्चाको दिशा सुरक्षित रूपमा विसर्जन गर्ने परिवार संख्याचाहिं ४३४१ छ । फोहर सड्ने र नसड्ने छुट्याएर विसर्जन गर्ने सवैभन्दा ज्यादा वडा नं. ५ मा ५५८ जना तथा सवैभन्दा कम भने वडा नं. ७ मा ३१ ज्ना देखिएका छन् ।

उर्जाको प्रयोग

हाम्रो देश जलश्रोतको धनी देश भएता पनि यहाँका धेरै मानिसहरूले अझसम्म पनि विजुली बाल्न पाएका छैनन् । यस नगरपालिकाको अझ पनि २५५ परिवारले सुधारिएको चुलो प्रयोग गरी दाउरा बाल्ने गरेका छन् भने यस्तो चुल्होको प्रयोग विनानै दाउरा बाल्ने तथा गुइँठा बाल्ने मानिसहरू पनि यस नगरपालिकाभित्र रहेका देखिन्छन् । यता लिड चिमको प्रयोग गर्ने घर परिवारको संख्या भने यस नगरपालिकाभित्र ४७२४ परिवार रहेको छ । यसरी यस नगरपालिकाका धेरै टोलहरूमा बिजुली पुगीसकेको छ भने केही टोलमा अझसम्म पनि विजुली पुगेको देखिंदैन । उर्जाको प्रयोगसम्बन्धी विवरण तलको तालिकामा पनि देखाइएको छ ।

तालिका नं. ६
उर्जाको प्रयोग

| वडा नं. | उर्जाको प्रयोग तथा सहर हरियाली | | |
|---|---|---|---|
| | LED चिमको प्रयोग गर्ने | दाउराको प्रयोगमा सुधारियको चुलो | घर आगनमा फुलवारी भएको |
| १ | ६७६ | १०१ | ४५१ |
| २ | २६७ | ५ | २१३ |
| ३ | ५६५ | ३२ | ३९९ |
| ४ | ४२१ | ५२ | ३३५ |
| ५ | १०८८ | १७ | ८०५ |
| ६ | २९० | १२ | १७२ |
| ७ | १८७ | १५ | १५३ |
| ८ | ५११ | ८ | ५३९ |
| ९ | ३१९ | १० | २५५ |
| १० | ४०० | ३ | ३९ |
| जम्मा | ४७२४ | २५५ | ३३६१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका ४७२४ घरपरिवारले लिडचिमको प्रयोग गर्ने गरेका छन् । यहाँ दाउराको प्रयोगमा सुधारिएको चुल्हो प्रयोग गर्ने परिवार संख्या भने २५५ रहेको देखिन्छ । यसैगरी घरआगमा फूलबारी लगाएर सिंगारिएका घर परिवार संख्या भने ३३६१ रहेको छ ।

बालस्वास्थ्य

सुनसरीको रामधुनी भासि नगरपालिकामा बालस्वास्थ्यका बारेमा धेरै मानिसहरू सचेत रहेको देखिन्छ । तर पनि बालस्वास्थ्यका लागि बालकलाई जन्मनासाथ बिगौते दुध चुसाउनु पर्ने तथा नियमित रूपमा कम्तिमा एक वर्षसम्म आमाको दुध खुवाउनु पर्ने हुन्छ । यसैरी आमाको दुधले पुग्न छाडेपछि तथा ठोश आहारा पचाउन सक्ने भएपछि त्यसलाई ठोश आहारा खुवाउन पनि त्यत्तिकै आवश्यक हुने गर्दछ । यस नगरपालिकामा नवजात शिशुका लागि आमाको दुध चुसाउने सम्बन्धी तथ्यांक तलको तालिकामा दिइएको छ ।

तालिका नं. ७

शिशुलाई आमाको दूध चुसाउने विवरण

| वडा नं. | आमाको दुध मात्र खुवाएको घरपरिवार | | |
|---|---|---|---|
| | जन्मेको २४ घण्टा भित्र आमाको दुध खुवाएको | ६ महिनासम्म आमाको दुध मात्र खुवाएको | आमाको दुध र थप आहरा खुवाएको |
| १ | १२३ | १०६ | १०९ |
| २ | ४२ | ४० | ४० |
| ३ | ७५ | ७२ | ७० |
| ४ | ९७ | ९४ | ९० |
| ५ | १३१ | ६५ | १०१ |
| ६ | ७० | ६६ | ५० |
| ७ | ८२ | ८० | ७९ |
| ८ | २७२ | २७० | २४४ |
| ९ | ४२ | ४२ | ४१ |
| १० | ३ | ३ | ३ |
| जम्मा | ९३७ | ८३८ | ८२७ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका ९३७ घरपरिवारले बच्चा जन्मेको २४ घन्टा भित्रमा आमाको दूध चुसाउने गरेको बताएका छन् । यता ६ महिनासम्म आमाको दूध चुसाउनेको संख्या ८३८ छ भने ८२७ परिवारले भने आमाको दूधका साथमा ठोश आहारा खुवाएको बताएका छन् ।

खोपसम्बन्धी विवरण

सुनसरीको रामधुनी भासि नगरपालिकामा बालबालिकाहरूका लागि विभिन्न प्रकारका खोपहरू लगाउने कुरामा आमाबाबू निकै सचेत रहेको देखिन्छ । यस नगरपालिकाको खोपसम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ८
खोप सम्वन्धी विवरण

| वडा नं. | खोप लगाएको घरपरिवार | | | | |
|---|---|---|---|---|---|
| | वि.सि.जि. | डि.पि.टि. | दादुरा खोप | भिटामिन ए | जुकाको औषधी |
| १ | ११७ | १२२ | १०२ | ११६ | ११५ |
| २ | ४३ | ४२ | ३३ | ३६ | ३५ |
| ३ | ८० | ७८ | ७६ | ८६ | ८६ |
| ४ | ९२ | ८९ | ९० | ९० | ९० |
| ५ | १२६ | १२३ | १०२ | १९२ | १८८ |
| ६ | ६८ | ६९ | ६६ | ६९ | ६८ |
| ७ | ७९ | ८० | ८० | ७८ | ८० |
| ८ | २६७ | २७२ | २६६ | २७१ | २६६ |
| ९ | ४१ | ४२ | ४१ | ४२ | ४२ |
| १० | ३ | ३ | ३ | ३ | २ |
| जम्मा | ९१६ | ९२० | ८५९ | ९८३ | ९७२ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका ९१६ परिवारका बालबालिकाले बिसिजी खोप लिएको देखिन्छ । यसैगरी डिपिटी खोप लगाउने परिवारसंख्या ९२० छ । रामधुनी भासि नगरपालिकाका ८५९ परिवारका बालबालिकालाई दादुराको खोप दिइएको देखिन्छ । भिटामिन ए खुवाउने घरपरिवार भने ९८३ छन् । यहाँका ९७२ घरपरिवारका मानिसहरूले आफ्ना बालबच्चालाई जुकाको औषधी खुवाएका छन् । यसरी यस नगरपालिकामा खोपसम्बन्धी सचेतना निकै राम्रो अवस्थामा रहेको पाइएको छ ।

सुरक्षित मातृत्व अवस्था

गर्भवती महिलाको नियमित रूपमा गर्भ जाँच गरेमा र स्वास्थकर्मीबाट सुत्केरी गराएमा आमा र बच्चा दुवै सुरक्षित हुने गर्दछन् । तसर्थ नेपाल सरकारले अनुभवी स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने तथा नियमित रूपमा गर्भ जाँच गराउने कुरालाई प्रोत्साहन गरेको छ । सुनसरीको रामधुनी भासि नगरपालिकाको प्रसूती जाँच तथा सुरक्षित सुत्केरीको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ९
सुरक्षित मातृत्वको अवस्था

| वडा नं. | स्वास्थ्यकर्मीवाट सुत्केरी गराएको तथा प्रसुती जाँच | | | |
|---|---|---|---|---|
| | बार्थिङ्ग सेन्टरमा सुत्केरी गराएको | अन्य स्वास्थ्य सस्थामा | प्रसुति पूर्व ४ पटक जाँच | प्रसुति पछी ३ पटक जाँच |
| १ | ११२ | ११८ | ११४ | ९७ |
| २ | ३२ | ३४ | ३२ | २५ |
| ३ | ८१ | ७९ | ७४ | ७८ |
| ४ | ६५ | ५४ | ९४ | ८७ |
| ५ | ९४ | ९९ | १३० | १२६ |
| ६ | ३२ | ६४ | ६५ | ६७ |

| | | | | |
|---|---|---|---|---|
| ७ | ८० | ८१ | ८० | ७९ |
| ८ | २७० | २७१ | २७४ | २७३ |
| ९ | ४२ | ४२ | ४० | ३९ |
| १० | ३ | ३ | ३ | ३ |
| जम्मा | ८११ | ८४५ | ९०६ | ८७४ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका ८११ परिवारका सुत्केरीलाई बर्थिंग सेन्टरमा सुत्केरी गराएको देखिन्छ । यसैगरी अन्य स्वास्थ्य संस्थामा सुत्केरी गराउने परवारको संख्या ८४५ रहेको छ । प्रसूती पूर्व ४ पटक जाँच गराउने परिवार संख्या ९०६ छ भने प्रसूती पछि ३ पटक जाँच गराउनेको संख्या ८७४ रहेको देखिन्छ ।

गर्भवती महिलाले नियमित रूपमा आइरन चक्की सेवन गर्नुपर्ने तथा टिटि सुई लगाउनु पर्ने कुरालाई पनि सुरक्षित मातृत्वमा राख्ने गरिन्छ । यस नगरपालिकाको गर्भवतीले टिटिखोप लिएको तथा नियमित आइरन चक्की लिएको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १०

गर्भवतीले टिटीखोप र आईरन चक्की सेवन विवरण

| वडा नं. | गर्भवती महिलाले विभिन्न औषधी तथा खोप लिएको घरपरिवार | | | |
|---|---|---|---|---|
| | दुई पटक टि.टि. खोप | नियमित आइरन चक्की लिएको | नियमित आइरन चक्की नलिएको | जुकाको औषधी तथा भिटामिन ए |
| १ | ११७ | १२४ | १२० | १२० |
| २ | ३३ | ३७ | ३६ | ३७ |
| ३ | ८० | ८३ | ६७ | ६८ |
| ४ | ९० | ८८ | ४४ | ८६ |
| ५ | १३३ | १२१ | ६४ | ११६ |
| ६ | ६७ | ६५ | ३९ | ६५ |
| ७ | ८० | ८१ | ७९ | ८२ |
| ८ | २७४ | २७५ | २६९ | २७३ |
| ९ | ४२ | ४२ | ४२ | ४२ |
| १० | ३ | ३ | ३ | २ |
| जम्मा | ९१९ | ९१९ | ७६३ | ८९१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका ९१९ परिवारका गर्भवतीले दुईपटक टिटि खोप लिएको पाइएको छ । यसैगरी नियमित आइरन चक्की लिने गर्भवतीको संख्या ९१९ छ । गर्भवतीले नियमित रूपमा आइरन चक्की नलिने परिवारको संख्या भने ७६३ रहेको देखिन्छ । यसरैगरी जुकाको औषधी र भिटामिन ए खाने गर्भवती ८९१ देखिन्छ ।

जन्मदर्ता

बाल संरक्षणका लागि जन्मदर्ता पनि महत्वपूर्ण कार्य मानिन्छ । जन्ममृत्यू दर्तालाई नगरपालिका र न.पा.हरूले उच्च प्राथमिकता दिएका छन् । यस सुनसरीको रामधुनी भासि नगरपालिकाको जन्मदर्ताको अवस्थालाई तलको तालिकामा दिइएको छ ।

तालिका नं. ११

बाल संरक्षण तथा जन्म दर्ता

| वडा नं. | जन्म दर्ता गरेका बालबालिका भएका घरपरिवार | | |
|---|---|---|---|
| | ३५ दिन भित्र निशुल्क दर्ता | ३६ दिन देखी ५ वर्षमा दर्ता | ५ वर्ष माथी उमेरमा दर्ता |
| १ | १०० | ९४ | ५६ |
| २ | १२ | ३३ | ३ |
| ३ | ६८ | ९६ | ३२ |
| ४ | ८६ | २९ | ६ |
| ५ | १२५ | १३५ | १५ |
| ६ | ६१ | २७ | २५ |
| ७ | ९७ | ९ | ५ |
| ८ | २६३ | २२८ | २२७ |
| ९ | ० | ० | ० |
| १० | १ | ० | ० |
| जम्मा | ८१३ | ६५१ | ३६९ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका ८१३ परिवारले बच्चा जन्मेको ३५ दिन भित्र निशुल्क जन्मदर्ता गर्ने गरेका छन् । यसैगरी बच्चा जन्मेको ५ वर्षभित्रमा जन्म दर्ता गर्नेको संख्या ६५१ रहेको छ । ३६९ घरपरिवारका सदस्यहरूले भने बच्चा जन्मेको पाँच वर्षभन्दा माथि जन्म दर्ता गराउने गरेका छन् । यसरी यस नगरपालिकामा बच्चा जन्मेपछि जन्मदर्ता गराउने कुरालाई महत्व दिने गरिएको पाइएको छ । तर पनि बच्चा जन्मिएको ३५ दिन भित्र दर्ता गराउने कुरालाई प्रोत्साहन गर्न आवश्यक देखिन्छ ।

बालविवाह

बालविवाहले बालकको सम्मृद्धिमा रोक लगाउने गर्दछ । एकातर्फ बाल विवाहका कारण महिलाहरूमा अनेक प्रकारका स्वास्थ्यसम्बन्धी समस्या आउने गरेका छन् भने अर्कातर्फ लेखपढ गर्ने र भविश्य निर्धारण गर्ने उमेरमा नै पारिवारिक बोझ थपिने गर्दछ । तसर्थ साबालक नभई बाल विवाह गर्ने कुरालाई कानुनले पनि निस्तेज गर्ने गरेको पाइन्छ । तर समाजमा यदाकदा लुकिछिपि बालविबाह पनि चल्ने गरेको पाइन्छ । सुनसरीको रामधुनी भासि नगरपालिकाको बालविवाहको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १२
बाल संरक्षण तथा बाल विवाहसम्बन्धी विवरण

| वडा नं. | बालविवाह गरेका बालबालिका भएका घरपरिवार | | |
|---|---|---|---|
| | १० वर्ष भन्दा कम | १० देखी १४ वर्ष सम्म | १४ देखी २० वर्ष सम्म |
| १ | ७ | १० | ११ |
| २ | ० | ० | ० |
| ३ | ५ | ६ | ६ |
| ४ | १ | १ | २ |
| ५ | ६ | २ | ८ |
| ६ | १३ | १२ | १२ |
| ७ | ५ | ४ | ५ |

| | | | |
|---|---|---|---|
| ८ | १२ | १६ | २७ |
| ९ | ० | ० | ० |
| १० | ० | ० | ० |
| जम्मा | ४९ | ५१ | ७१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका ४९ परिवारले १० वर्षभन्दा कम उमेरका बालबालिकाको विवाह गरेको देखिएको छ । यसैगरी १० देखि १४ वर्षको उमेरमा विवाह गर्ने परिवारको संख्या ५१ रहेको देखिन्छ । यता ७१ परिवारमा भने १४ देखि २० वर्षको उमेरमा बालबालिकाको विवाह गरेको पाइएको छ । यस नगरपालिका २, ९ र १० वडामा भने १० वर्षभन्दा कम उमेरका बालबालिकाको विवाह भएको पाइएको छैन । यी तीनवटै वडामा यस भन्दा ज्यादा उमेरमा पनि साबालक नभई विवाह भएको देखिएको छैन । सामान्यतया कतिपय दलित, मधेशी पिछडावर्ग, अल्पसंख्यक र आदिवासी समुदायमा बालविवाहको चलन रहेको पाइन्छ । यसरी यस नगरपालिकामा बालविवाहको प्रचलन पनि रहेको देखिन्छ । लुकिछिपि हुने यस्ता प्रथालाई निरूत्साहित गर्न आवश्यक छ ।

बालविकास केन्द्रमा भर्ना

बालबालिकालाई हाल आएर बालविकास केन्द्रमा भर्ना गर्ने चलन पाइन्छ । विभिन्न उमेरका बालबालिकालाई विद्यालय जानुभन्दा अगाडि तथा विद्यालय नजाने बालबालिकालाई पनि बालविकास केन्द्रमा भर्ना गरेर पढाउने चलन पाइन्छ । सुनसरीको रामधुनी भासि नगरपालिकाको बालविकास केन्द्रमा भर्नाको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १३
बाल विकास सम्वन्धी विवरण

| वडा नं. | बालविकास केन्द्रको संख्या | बालविकास सम्वन्धी | | |
|---|---|---|---|---|
| | | बालविकास केन्द्रमा जाने ( ३ देखी ४ वर्ष) | कक्षा १मा भर्ना भएको ( ५वर्ष) | कक्षा १ देखी ८ सम्म जाने ( ५ देखी १२ वर्ष) |
| १ | ४ | ३० | ५५ | २२१ |
| २ | १ | ४ | ९ | ६२ |
| ३ | ३ | ६३ | ५० | १०७ |
| ४ | ४ | ११ | ७ | ११ |
| ५ | ३ | ७५ | ९१ | २३७ |
| ६ | | २ | ७ | ११ |
| ७ | | ७७ | ८९ | ९२ |
| ८ | | २३६ | २४४ | २४० |
| ९ | | ० | ० | ० |
| १० | | ० | ० | ० |
| जम्मा | | ४९८ | ५५२ | ९८१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकामा ......वटा बालविकास केन्द्रमा ३ देखि ४ वर्षका ४९८ बालबालिका बाल विकास केन्द्रमा भर्ना भएका देखिएका छन् । यसैगरी कक्षा १ मा भर्ना भएका ५ वर्षका बालबालिकाको संख्या ५५२ रहेको छ । यता ५ देखि १२ वर्षका तथा कक्षा १ देखि ८ सम्म अध्ययन गर्ने बालबालिकाको संख्या भने यस नगरपालिकामा जम्मा ९८१ जना रहेको

देखिन्छ । यस नगरपालिकाकाका वडा नं. ९ र १० मा भने ३ देखि ४ वर्षका बालविकास केन्द्रमा जाने बालबालिकाहरू देखिएका छैनन् । हाल आएर सानै उमेरमा बालबालिकालाई बोर्डिंग स्कूलमा भर्ना गर्ने चलन भएकाले पनि यी वडामा यस बालविकास केन्द्रमा जाने बालबालिका नदेखिएका हुन् ।

कृषि वालीमा लाग्ने रोग

कृषि उत्पादनमा धान, गहुँ, मकै, तरकारी, फलफुल आदिनै मुख्य रूपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ व्लाइट रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदीमा लेटव्लाइट, मोजाइक, अैलाउने, खोस्टे, अल्टरनेरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी एनथ्राक्नोज, सेतो ढुसी, डाइव्याक, जरा कुहिन, अैलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्या परेका छन् । मुख्य वालीहरूमा लाग्ने रोगहरूको विवरण तल दिइएको छ ।

१. धानः गवारो, पात वेरूवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, मरूवा, डढुवा, खैरो थोप्ले, सिथ व्लाइट र खैरे रोग ।

२. गहुंः कटवर्म, वायरवर्म, लाहीकालो पोके र सिन्दुरे रोग ।

३. मकैः खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्गा, लाही, डाँठ कुहिने, घोगा कुहिने र कालोपोके आदि ।

४. आलूः लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, आलुको पुतली लेटव्लाइट, मोजाइक, ओइलाउने रोग र खोस्टे रोग आदि ।

५. तरकारीः भण्टाको गवारो, लाही, ओइलाउने रोग, अल्टरनेरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ व्याक, र जरा कुहिने रोग, बन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औंसा, सुलसुले, रातो खपटे, डल्ले खपटे र थ्रिप्स आदि रोग ।

६. फलफूलः आँपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, एनथ्राक्नोज, ससेतो ढुसी र डाईव्याक आदि ।

७. केरा खेतीः केराको स्किपर, थाम र गानोका गवाराहरू, खपटे जरा कुहिने रोग र ओईलाउने रोग आदि ।

कृषि क्षेत्रको विकास र विस्तारका लागि सरकारले स्थापना गरेको कृषि सेवा तथा उपकेन्द्र मार्फत कृषकहरूलाई सहयोग गर्दै आएको भएता पनि यसको व्यवस्थापन र पर्याप्त जनशक्तिको अभावमा कृषकहरूको आवश्यकता र मागलाई पूरा गर्न सकेको छैन । यस उपनगरपालिकाका लागि झुम्कामा रहेको कृषि तालिम केन्द्रले सेवा दिने गर्दछ ।

सिंचाई सुविधा

कृषिजन्य वस्तुहरूको प्रयाप्त मात्रमा उत्पादन हुने यस नगरपालिका क्षेत्रबाट चतरा नहर गएको हुनाले यहाँ सिंचाईका लागि अन्य न.पा.को तुलनामा राम्रै सुविधा रहेको छ । यस नगरपालिकाको धेरै जमिन यस नहरबाट सिंचित छ । यहाँका विभिन्न खोलानाला र भूमिगत सिचाईमा वोरिङ्गको सिचाई प्रणालि पनि प्रयोगमा ल्याएको पाइन्छ ।

हाट बजार

सुनसरीको रामधुनी भासि नगरपालिकाको झुम्का बजार यहाँको मुख्य बजार क्षेत्र हो । यसैगरी यस नगरपालिकाका विभिन्न स्थानमा साप्ताहिक बजार दिनैपिच्छे जसो लाग्ने गरेको छ । कृषिजन्य वस्तुहरूको खरीद बिक्री हुने यी बजारहरू स्थानीय तहमा आवश्यक र महत्वपूर्ण पनि

रहेको देखिन्छन् । यता यसको नजिकै रहेको इटहरी र इनरूवा बजार पनि यस नगरपालिकाका लागि महत्वपूर्ण व्यापारिक केन्द्र मानिन्छन् ।

निकासीजन्य स्रोतहरू

निकासीको हिसाबले रामधुनी भासि नगरपालिकाको मुख्य वस्तु कृषिजन्य वस्तुहरू नै हुन् । मूलत धान, गहुँ, तेलहन, दलहन, उखु, मकै र तरकारी यहाँ उत्पादन गरिने निकासी जन्य वस्तुहरूमा पर्दछन् । यहाँको नगदेवालीमा मुख्य रूपमा सागशब्जी रहेको छ । यस बाहेक फलफूल र दाल तथा केही पशुजन्य वस्तु पनि यहाँबाट अन्य गाउँ या बजारतिर निकासी हुने गर्दछन् । यस नगरपालिका भित्रबाट पूर्वपश्चिम राजमार्ग गएको, बाटाघाटा टोलगाउँसम्म फैलिएको तथा यसको छेउछाउमा इटहरी, इनरूवा र अन्य शहरी क्षेत्र भएकाले हुनाले पनि यस नगरपालिकाभित्र उत्पादित वस्तुहरू आसपासका बजारी क्षेत्रमा निकासी गर्ने गरिएको छ ।

प्राकृतिक सम्पदा

वन सम्पदा

कृषि उद्यममा आधारित हरित शहर, स्वस्थ्य, सम्मृद्ध पर्यटकीय रामधुनी भासि नगर भन्ने नाराका साथमा वि.सं. २०७१ साल वैशाख २५ गते यो नगरपालिका घोषणा भएको हो । सुनसरीका सिंगीया र भादगाउँ सिनबारी न.पा. मिलाएर रामधुनी भासि नगरपालिका बनेको देखिन्छ । यसरी यो एउटा नगरपालिका भए पनि यहाँ वन क्षेत्र पनि प्रशस्तै छ ।

प्राकृतिक स्रोत सम्पदामा वन सम्पदा पर्यावरणीय रूपले अतिनै महत्वपूर्ण स्रोतको रूपमा रहेको छ । तराईको तल्लो क्षेत्रमा रहेको रामधुनीभाषाी नगरपालिका भित्र धुनीवन रहेको छ भने सामुदायिक वन पनि यस वनभित्र प्रशस्तै छन् । यस नगरपालिकाको ८.४४ वकिमि जमिन खुल्ला चौरीका रूपमा पनि रहेको देखिन्छ । यस जमिनलाई वृक्षारोपण गर्न आवश्यक छ । यस नगरपालिकाका धुनीवन संरक्षित वनका रूपमा रहेको छ । यहाँका वन भित्र सिसौ, टिक, मसला, कदम, सिमल लगायत वनस्पतिहरू रहेका छन् । यसका अलावा न.पा. क्षेत्रभित्र नदिकिनार लगायत अन्य स्थानमा प्रशस्त बाँझो, ऐनाली जग्गा रहेको हुनाले त्यस्ता क्षेत्रहरूमा पनि सामुदायिक वन विस्तार गर्न आवश्यक देखिन्छ । यसो गरिएमा यस नगरपालिकाको हरित शहरको नारा सफल हुने स्पष्ट छ ।

नदिनाला र जलश्रोत

प्राकृतिक सम्पदाको अर्को महत्वपुर्ण स्रोत भनेको नदिनालाहरू हुन । बाह्रैमास पानी बगिरहने नदीनालाहरूले नगर क्षेत्रलाई उर्वर र हरियाली बनाई राख्न सहयोग पुग्दछ । यस नगरपालिकाको नजिकैबाट सप्तकोशी नदी बगेको छ । यसैगरी यहाँका नदीनालामा सुनसरी, बक्राहा, इक्राहा, दत्तकिच्चा, सेरा, पिडा, कजरा र अमहा खोला पर्दछन् । यसैगरी यस नगरपालिकाको बीचबाट चतरा नहर गएको हुनाले यसले पनि जलस्रोतको काम गरेको छ ।

सुनसरीको रामधुनी भासि नगरपालिका भित्र केही पोखरीहरू पनि छन् । जस्तो रामधुनीको कमण्डलुकुण्ड लगायतका अन्य पोखरीहरूमा माछा पाल्ने तथा नौकाशयरको व्यवस्था गरेर पर्यटकलाई आकर्षण दिन सकिन्छ । यसैगरी तिनीहरूलाई संरक्षण गरेर विविध रूपमा प्रयोग गरी आय आर्जनका क्षेत्रमा प्रयोग गर्न सकिन्छ । त्यस्तै यो नगरपालिका तराईको सम्म भूभागमा रहेको हुनाले यसमा भूमिगत जलस्रोतको पनि प्राप्यता छ । यसलाई पनि विविध काममा प्रयोग गर्न सकिन्छ ।

स्वास्थ्य

स्वास्थ्यका क्षेत्रमा रामधुनी भासि नगरपालिकामा अनेक प्रकारका सुविधा रहेका देखिन्छन् । यस नगरपालिका भित्र अस्पताल २, उपस्वास्थ्यचौकी २, स्वास्थ्य केन्द्र १ र स्वास्थ्य क्लिनिकहरू ५ वटा छन् । यस बाहेक यहाँका मानिसहरूले नजिकको इटहरी, धरान र इनरूवाबाट पनि स्वास्थ्य सेवा लिने गरेका छन् । यस भेगमा शहरीकरणको बृद्धिका साथै नीजि क्लिनिक खोल्ने कुरा होडका रूपमा चलेको छ ।

संघ संस्था

गैर सरकारी संस्था

सुनसरीको रामधुनी भासि नगरपालिका भित्र अनेक प्रकारका गैरसरकारी संस्थाहरू रहेका छन् । तिनीहरूले समुदायको विकासमा लागि क्रियाशिल रहेर कृषि, स्वास्थ्य तथा जनचेतनाका क्षेत्रमा काम गर्ने गरेको पाइन्छ । यस नगरपालिका क्षेत्रभित्र कार्यालय नभएका संस्थाहरूले पनि अन्यत्र कार्यालय राखी यसलाई कार्यक्षेत्र बनाएको देखिन्छ ।

सहकारी तथा वित्तिय संस्था

आर्थिक तथा सामाजिक विकासको लागि सहकारी क्षेत्रको योगदान निकै ठूलो रहेको हुन्छ । आज आएर स्थानीय तहको आवश्यकता परिपूर्ति लगायत कृषि क्षेत्रको विकास र विस्ताको लागि वित्तिय तथा सहकारी क्षेत्रहरूको सहयोग अपरिहार्य भएको छ । सुनरसरीको रामधुनी भासि नगरपालिका भित्र पनि कैयन् सहकारीहरू खुलेका छन् । विशेषगरी यस नगरपालिका भित्रका प्रत्येकजसो घरपरिवार कुनै न कुनै शहकारीमा आबद्ध भएका पाइन्छन् । साथै यस नगरपालिकामा शहकारीले कृषि, साना उद्योग, व्यापार र पशुपालनका क्षेत्रमा लगानी पनि गर्ने गरेका छन् । यसबाट नगरपालिकाको आर्थिक सम्मृद्धिमा सहयोग पुगेको छ ।

धर्म, संस्कृति

चाडपर्व

रामधुनी भासि नगरपालिकामा मिश्रित धर्मलम्बीहरूको बसोवास रहेको पाइन्छ । यसमा मुख्यगरी हिन्दु, किरात, क्रिश्चियन, इस्लाम आदि धर्म मान्नेहरू बसोबास गरेका छन् । तसर्थ यस नगरपालिकाका मुख्य चाडवाडमा दशै, तिहार, छैट, माघेसंक्रान्ति, कार्तिक पूर्णिमा, शिवरात्री, होली, साउने संक्रान्ति, सिरूवा, सकरात, जितिया, रामनवमी, कृष्णअष्टमी, उँधौलीउँभौली, ईद र क्रिस्मस डे आदि प्रमुख छन् । यसका अलावा बुद्धजयन्ती, ऋषी पंचमी, व्यासपूर्णिमा र ऋषिपन्चमी आदि चाडपर्वहरू समेत यस भेगमा मनाउने गरिन्छ ।

मठमन्दिर

धार्मिक हिसाबले रामधुनी भासि नगरपालिका निकै महत्वपूर्ण मानिन्छ । किनकि यसै नगरपालिका भित्र धुनीवन पर्दछ । यसको झुम्का बजारदेखि करिव ७ किमि पश्चिममा रहेको धुनीवनमा धुनीमन्दिर, दरबार मन्दिर र लंगौट मन्दिर छन् । रामधुनीका नामले जानिने यस स्थानमा अघि त्रेता युगमा रामले धुनी जगाएर बसेको स्थानका रूपमा यसलाई धुनीवन भनिएको हो । धुनीवनको धुनी मन्दिमा लगातार जलेर रहने धुनी रहेको छ, जुन त्रेता युगदेखि निरन्तर रूपमा बलेको मान्यता राखिन्छ । यसैगरी यस स्थानमा मध्यकालको उत्तरार्धतिर वनखण्डी बाबाले पनि तप गरेको मानिएको छ । तसर्थ रामधुनी धार्मिक, ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक दृष्टिले निकै महत्वपूर्ण छ ।

रामधुनी भासि नगरपालिका भित्र झुम्का लगायतका विभिन्न स्थानमा रामजानकी, झुम्केश्वर, राधाकृष्ण, हनुमान र अन्य देवीदेवताका मठमन्दिरहरू रहेका छन् । दिनाभद्री र ग्रामदेवताका थान पनि यस नगरपालिका क्षेत्रभित्र पर्दछन् । चतरा र वराहक्षेत्र जाने बाटामा पर्ने यो क्षेत्र धार्मिक रूपमा

निकै महत्वपूर्ण छ । यहाँका मठमन्दिरहरूको सम्बन्ध अन्यत्रका मठमन्दिरसँग पनि रहेको देखिन्छ । यसमा विशेषगरी रामधुनी र धरानका पिण्डेश्वर बाबाका बीचमा सम्बन्ध रहेको पाइएको छ ।

सुनसरीको रामधुनी भासि नगरपालिकाबाट पूर्वपश्चिम राजमार्ग गएको हुनाले यातायातका दृष्टिले यो स्थान महत्वपूर्ण मानिन्छ । यसलाई वि.सं. २०७१ सालतिर मात्र नगरपालिका घोषणा गरिएको भए पनि यसको झुम्का बजार लगायतको क्षेत्रमा यस अघिनै शहरीकरण भएको पाइन्छ । यस नगरपालिका भित्र पवित्र स्थल धुनीवन पर्दछ । यसको प्रचारप्रसार र विकास गरिएको खण्डमा यसले रामधुनी भासिको मुहार फेरिने देखिन्छ । चतरा र वराहक्षेत्रतिर जाने बाटोमा पर्ने यो नगरपालिका कृषि उत्पादनका दृष्टिले पनि महत्वपूर्ण छ । यो नगरपालिका जलस्रोत, वनजंगल र अन्य प्राकृतिक स्रोत र साधनका दृष्टिले पनि निकै सम्पन्न छ । यहाँको रामधुनीको पर्यटन प्रबर्द्धन गरिएको खण्डमा मात्र पनि यस नगरपालिकाको आम्दानीमा बृद्धि हुने देखिन्छ । तसर्थ नगरपालिकाले कृषि उद्यममा आधारित हरित शहर, स्वस्थ्य, सम्मृद्ध पर्यटकीय रामधुनी भासि नगरको नारा लिएको देखिन्छ ।